सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ फागुन २०७७, आइतबार (7 Mar 2021, Sunday) ■ नेपाल संवत् ११४१ ■ वर्ष १४ ■ अंक ३२१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

इन्साइड स्टोरी

। पृष्ठ ३ ।

८,१९० रोपनी सरकारी जग्गा व्यक्तिका नाममा

अन्तर्वार्ता

। पृष्ठ ५ ।

मुलुकलाई आधुनिक युगमा प्रवेश गराउन उदार अर्थनीति आवश्यक थियो

डा. रामशरण महत, पूर्वअर्थमन्त्री

सप्तरंग

। पृष्ठ ८ ।

भारतमा किसान आन्दोलनको सय दिन

दुई सय ४८ जनाको मृत्यु, आन्दोलन निरन्तर

पुनर्जीवनपछि प्रतिनिधिसभा आज

पाँच वर्षका लागि निर्वाचित प्रतिनिधिसभाको कार्यकाल दुई वर्ष बाँकी रहँदै प्रधानमन्त्री केपी ओलीले विघटन गरिदिएका थिए, तर सर्वोच्च अदालतले पुनर्स्थापना गरिदिएपछि संसद् अधिवेशन आज सुरु हुँदै छ

प्रचण्ड-नेपाल जसरी चल्न खोजिरहनुभएको छ, त्यसमा सफल हुने सम्भावना छैन

● **केपी ओली** : उहाँहरू जसरी चल्न खोजिरहनुभएको छ, त्यसमा (अविश्वास प्रस्ताव) सफल हुने सम्भावना छैन। चन्द्रकान्त सिरियलमा अक्रुर पात्रले टाउकामा प्याट्ट हान्छ, ढुनमुनिएर ढल्छ, पराजित हुन्छ, उहाँहरूको नियति पनि त्यस्तै हुनेवाला छ।

बाध्यकारी बाटोमा जानु नपरोस् भन्ने पक्षमै छौं

● **देव गुरुङ** : पहिलो, हामीले प्रधानमन्त्रीको राजीनामा आउने आशा गरेका छौं। उहाँको राजीनामा आएन भने मात्र अविश्वासको प्रस्ताव बाध्यात्मक विकल्पका रूपमा दर्ता हुने हो। बाध्यकारी बाटोमा जानु नपरोस् भन्ने पक्षमै छौं।

ओलीको व्यक्तित्व पतन भइसकेको छ

● **प्रचण्ड** : ओलीको व्यक्तित्व पतन भइसकेको छ। नकुहिएको अन्डाबाट प्रोटिनयुक्त तत्व पाइन्छ, कुहिएपछि गन्ध यति नमीठो हुन्छ कि, ओली त्यही कुहिएका अन्डा हुन्। कुहिएको, गनाएको अन्डा खाइँदैन, बगाइन्छ, गाडिन्छ या जलाइन्छ।

नेकपाका सांसदले कसरी देउवा या अरू कोहीलाई समर्थन गर्न सक्छन् ?

● **खिमलाल भट्टराई** : नेकपाका सांसदले कसरी देउवा या अरू कोहीलाई समर्थन गर्न सक्छन् ? त्यस्तो हुँदा ठूलो अन्तर्विरोध हुन्छ। संविधान, कानुन, स्थापित मूल्य र मान्यताअनुसार चल्न नसके सभामुखको भूमिकामाथि प्रश्न उठ्छ।

ओलीजी, राजीनामा दिनुस्, धेरै फुर्ती नदेखाउनुस्

● **माधव नेपाल** : ओलीलाई बिदा गर्नैपर्नेछ, प्रतिगमनविरुद्ध एकजुट भएकाहरूले हातेमालो गरेर अघि बढ्ने अवस्था बन्दै छ। ओलीजी, नैतिकताको सानो अंश बाँकी छ भने राजीनामा दिनुस्, धेरै फुर्ती नदेखाउनुस्, अब तपाईंका दिन गए।

कुनै पनि समस्या संसद्बाटै अघि बढाउनेमा हाम्रो विशेष भूमिका रहन्छ

● **पुष्पा भुसाल** : संसद् पुनर्स्थापना भइसकेपछि संविधान 'ट्र्याक'मा त आयो, अब कार्यान्वयन गर्ने पक्षमा भूमिका खेल्नुपर्ने देखियो। संसद् पुनर्स्थापना भइसकेपछि कुनै पनि समस्या संसद्बाटै अघि बढाउनेमा हाम्रो विशेष भूमिका रहन्छ।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

प्रतिनिधिसभा विघटन गर्ने प्रधानमन्त्री केपी ओलीको कदम खारेज गर्दै सर्वोच्च अदालतले १३ दिनभित्र बोलाउन दिएको परमादेशअनुसार आइतबारदेखि प्रतिनिधिसभाको अधिवेशन सुरु हुँदै छ। पाँच वर्षका लागि निर्वाचित प्रतिनिधिसभाको कार्यकाल दुई वर्ष बाँकी रहँदै प्रधानमन्त्री ओलीले विघटन गरिदिएका थिए, तर सर्वोच्च अदालतले पुनर्स्थापना गरिदिएपछि संसद् अधिवेशन आज सुरु हुन लागेको हो।

संसद् पुनर्स्थापनापछि पनि नैतिकताका आधारमा राजीनामा नदिएका ओली आफैंले विघटन गरेको संसद्बाट विरोधीसँग टकराव गर्ने मनस्थितिमा छन्। यद्यपि, शनिबार

» पृष्ठ २ मा क्रमशः

■ आयोगले नेकपा विवाद नटुंग्याइदिँदा संसद्मा समस्या

» पृष्ठ २

तस्बिर : **रोशन सापकोटा**/रासस



■ सत्तापक्षकै बेन्चमा बस्नेछन् नेकपाका दुवै पक्ष

सत्तारुढ दल नेकपा दुई चिरामा बाँडिए पनि संसद्मा भने ओली र प्रचण्ड-नेपाल पक्षलाई सत्तापक्षकै बेन्चमा राखिने भएको छ। कानुनी रूपमा दल विभाजन नभइसकेका कारण उनीहरू सत्तापक्षकै बेन्चमा बस्नेछन्। संसद् सचिवालयका प्रवक्ता डा. रोजनाथ पाण्डेले भने, 'तीनवटा सेट (सत्तापक्ष, प्रतिपक्षी र मन्त्री) छुट्याइएको हुन्छ। नेकपाका सबै सांसद सत्तापक्षको बेन्चमा बस्नुहुन्छ। दल विवादका कारण फरक-फरक ठाउँमा बस्ने भन्ने छैन। बस्ने ठाउँमा कुनै समस्या हुँदैन। राष्ट्रिय सभाको बैठकमा पनि हामीले एकै ठाउँमा बस्ने व्यवस्था गरेका थियौं।' राष्ट्रिय सभाको बैठकमा पनि नेकपाका सबै सांसदलाई सत्तापक्षकै लाइनमा राखिएको थियो।

■ आजको संसद् बैठकको सम्भावित कार्यसूची

संघीय संसद्को सचिवालयले बैठकका लागि आठवटा सम्भावित कार्यसूची प्रस्ताव गरेको छ। राष्ट्रपतिबाट आह्वानसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउने पहिलो कार्यसूची छ। त्यस्तै, राष्ट्रपति कार्यालयकै मन्त्रिपरिषद् गठनसम्बन्धी पत्र, अध्यक्षता गर्ने सदस्यहरूको मनोनयन पनि कार्यसूचीमा छ। त्यसबाहेक चारवटा अध्यादेश पनि कार्यसूचीमा समेटिएका छन्। संवैधानिक परिषद् (काम, कर्तव्य र अधिकार कार्यविधि)सम्बन्धी पहिलो संशोधन अध्यादेश, नेपाल प्रहरी र प्रदेश प्रहरी कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय पहिलो संशोधन अध्यादेश २०७७ पेस हुने कार्यसूची छ। सामाजिक सुरक्षा पहिलो संशोधन अध्यादेश २०७७, तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन अध्यादेश २०७७ पनि कार्यसूचीमा छ। त्यस्तै, औषधि तेस्रो संशोधन अध्यादेश २०७७, फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश २०७७, बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग तेस्रो संशोधन अध्यादेश २०७७ पनि सम्भावित कार्यसूचीमा छ। त्यस्तै, प्रतिनिधिसभा सदस्यद्वय सानु शिवा र सूर्यबहादुर केसी तथा पूर्वसांसद र संविधानसभा सदस्यहरूको निधनमा शोक प्रस्ताव पनि कार्यसूचीमा समेटिएको छ।

अपेक्षाअनुसार खोप नआएपछि दोस्रो चरणमा ६५ वर्षमाथिकालाई मात्र लगाइने

पहिलो खोप लगाएकालाई दोस्रो डोज लगाउने समय पनि लम्बिन सक्ने

अर्जुन अधिकारी/नयाँ पत्रिका

कोभिड- १९ विरुद्धको खोप अपेक्षाअनुसार नआएपछि खोप अभियान प्रभावित भएको छ। आइतबारदेखि सुरु हुने दोस्रो चरणको अभियानमा ५५ वर्षमाथिको उमेर समूहलाई खोप दिने निर्णय गरेको सरकारले अब ६५ वर्षमाथिकालाई मात्रै लगाउने भएको छ।

विश्व स्वास्थ्य संगठन र ग्लोबल भ्याक्सिन अलाइन्स (गाभी)ले 'कोभ्याक्स सुविधा'अन्तर्गत २० प्रतिशत (६० लाख नागरिक) नागरिकलाई पुग्ने गरी खोप दिने जनाएका थिए। पहिलो चरणमा २२ लाख ५६ हजार डोज फागुन पहिलो साता उपलब्ध गराउने सूची गाभीले सार्वजनिक गरेको थियो। तर, कोभ्याक्सबाट आइतबार तीन लाख ४८ हजार डोज कोभिसिल्ड खोप मात्रै आउँदै छ। त्यस्तै, २० लाख डोज खोप खरिदका लागि सरकारले सेरम इन्स्टिच्युट अफ इन्डियालाई रकम भुक्तानी गरिसकेको भए पनि १० लाख डोज मात्रै उपलब्ध गराएको छ।

स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. झलक शर्मा गौतमले अपेक्षाभन्दा कम खोप उपलब्ध भएको बताए। 'हामीले अपेक्षा अलि बढी गरेका थियौं,' उनले भने, 'तर, विश्वव्यापी रूपमा खोपको बढ्दो मागका कारण कम उपलब्ध भएको छ।' खोप कम आउने भएपछि सरकारले दोस्रो चरणमा दिने भनिएको ५५ वर्षमाथिको उमेर समूहलाई ६५ वर्षमाथिको बनाएको छ।

स्वास्थ्य मन्त्रालयका अनुसार देशभर ६५ वर्षमाथिका १८ लाख नागरिक छन्। तर, सरकारसँग अहिले १५ लाख डोज मात्रै खोप छ। कोभ्याक्स सुविधामार्फत आइतबार आउने तीन लाख ४८ हजारसमेत गरेर यो उमेर समूहलाई पहिलो डोज लगाउन पुग्ने स्वास्थ्य मन्त्रालयको अनुमान छ।

■ प्रधानमन्त्री ओलीले आज खोप लगाउने

प्रधानमन्त्री केपी ओलीले आइतबार कोरोनाविरुद्धको खोप लगाउने भएका छन्। स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. झलक शर्मा गौतमका अनुसार प्रधानमन्त्री ओलीले शिक्षण अस्पताल महाराजगन्जबाट खोप लगाउनेछन्। राष्ट्रपति विद्यादेवी भण्डारीले खोप लगाउने बारेमा अझै निर्णय लिएकी छैनन्।

गत ८ माघमा भारत सरकारले १० लाख डोज खोप अनुदानमा दिएको थियो, जुन १४ माघबाट लगाउन सुरु गरिएको थियो। दुई डोज लगाउनुपर्ने भएकाले सरकारले चार लाख २८ हजार नागरिकलाई मात्रै

» पृष्ठ २ मा क्रमशः

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

■ तातोपानी कुण्डमा प्राकृतिक उपचार

म्याग्दीको बेनी नगरपालिका- ४ स्थित प्राकृतिक तातोपानी कुण्डमा स्नान गर्दै सर्वसाधारण। यहाँ दैनिक करिब १५ सयले स्नान गर्ने गरेका छन्। तस्बिर : **सन्तोष गौतम**/रासस

२२ वर्षपछि सुन्दरीजल आइपुग्यो मेलम्चीको पानी

चैत दोस्रो साताबाट काठमाडौंमा पानी वितरण गर्ने सरकारको तयारी

मेलम्चीबाट २६ किलोमिटर लामो सुरुङ हुँदै ल्याइएको पानी शनिबार साँझ सुन्दरीजलमा खसाइँदै (बायाँ), फ्लसिङ टनेलको स्विच थिचेर उद्घाटन गर्दै प्रधानमन्त्री केपी ओली

रिपोर्ट : **शान्ति तामाङ**
तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

२२ वर्षपछि मेलम्चीको पानी काठमाडौं उपत्यका आइपुगेको छ। प्रधानमन्त्री केपी ओलीले शनिबार साँझ सुन्दरीजल पुगेर फ्लसिङ टनेलको हाइड्रो मेकानिकल गेटको बटन थिचेपछि मेलम्चीको पानी सुन्दरीजलमा खसेको थियो। चैत दोस्रो साताबाट काठमाडौंका धारामा पानी वितरण गर्ने सरकारको योजना छ।

गत १० फागुनमा २६ किलोमिटर मेलम्चीको सुरुङमा पानी खसाइएको थियो। १३ दिनपछि पानी सुन्दरीजलमा खसेको हो। शनिबार खसाइएको पानी बागमती नदीमा छाडिएको छ।

'हामीले युगान्तकारी सफलता प्राप्त गरेका छौं। लामो समयदेखिको प्रतीक्षा पूरा भएको छ। केही दिनभित्रै तपाईंको धारामा पानी वितरण हुनेछ,' प्रधानमन्त्री ओलीले भने, 'मेलम्चीको खानेपानी २६ फागुनमा अलि राम्रोसँग बागमतीमा झर्नेछ, २७ गतेको शिवरात्रिमा सफा पानीले नुहाउन पाइयोस्। दोस्रो फेजको यांग्री र लार्केबाट फेरि पानी थपेर ल्याउँदै छौं। त्यसले काठमाडौंलाई पुग्ने गरी खानेपानी वितरण गर्छ।'

मेलम्चीबाट छाडिएको पानी सुन्दरीजलमा खसेको हेर्न सरकारको जम्बो टोली सुन्दरीजल पुगेको थियो। प्रधानमन्त्री ओलीसँगै उपप्रधानमन्त्री ईश्वर पोखरेल, गृहमन्त्री रामबहादुर थापा बादल, परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली, खानेपानीमन्त्री मणिचन्द्र थापा, सहरी विकास राज्यमन्त्री रामवीर मानन्धर, नेकपा संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङ, काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्य, ललितपुर महानगरपालिका प्रमुख चिरिबाबु महर्जन र सांसदहरू सुन्दरीजल पुगेका थिए।

» पृष्ठ २ मा क्रमशः

■ प्रधानमन्त्री ओलीले भने- युगान्तकारी सफलता प्राप्त गऱ्यौं

मेलम्चीको पानी काठमाडौंमा झर्ने लामो समयको सपना आज पूरा भएको छ। मेलम्चीको पानी हामीले सुन्दरीजलमा झारेर बागमती नदीमा खसालेका छौं। यो अत्यन्तै खुसीको दिन हो। लड्डु त यस्तो वेला खाने हो। जुन पायो त्यही दिन लड्डु खाएर हुन्छ ? हामीले युगान्तकारी सफलता प्राप्त गरेका छौं। यस सफलताको सन्दर्भमा काठमाडौंवासीलाई बधाई र शुभकामना भन्न चाहन्छौं। तपाईंहरूको चिरपरिचित इच्छा लामो समयसम्मको प्रतीक्षा अब पूरा भएका छन्। केही दिनभित्रै तपाईंको धारामा पानी वितरण हुनेछ। यो नेपालको इतिहासमा ठूलो जनसंख्यालाई पानी खुवाउने युग प्रारम्भ भएको दिन हो।

कोसी ब्यारेज हुँदै बग्ने पानी अब बागमती हुँदै हुँदै बग्ने भयो। प्रदेश १ तिर जाने पानी अब बागमती हुँदै प्रदेश २ जाने भएको छ। यस अवसरमा मेलम्ची, हेलम्बु र सिन्धुपाल्चोकवासीलाई उदारतापूर्वक काठमाडौंवासीलाई पानी दिनुभएकोमा धन्यवाद भन्न चाहन्छौं। डाँडापारिको अर्कै खोलाको अर्कै प्रदेशमा जाने पानी सुरुङ छिचोलेर काठमाडौं आइपुगेको छ। नेपालमा पहिलोपल्ट प्रयोग गरिएको प्रविधि सफल भएको छ। वर्तमान सरकारको पालामा यो ठूलो उपलब्धि हासिल भएको छ। यसबीचमा भएको दुर्घटना अबउप्रान्त हुन नदिन सावधानीका सबै व्यवस्था गरिनेछ। कुनै प्रकारका क्षति नहोस् भनेर राम्रो परीक्षण गरेर, पाइपहरूको परीक्षण गरेर मात्र पानी सप्लाई गर्न अनुरोध गर्छु ता कि कुनै पनि दुर्घटना नहोस्। हामीले बटन थिचेर मेलम्चीको पानी सुन्दरीजलमा झारेपछि काठमाडौंवासीका लागि प्रत्याभूति भयो। अब पानीलाई प्रशोधित गरेर वितरणमा लानेछौं।

सुरुङको परीक्षणकाल एक महिना पनि नहुने

मन्त्रालयका अनुसार मेलम्चीको पानी चैत दोस्रो सातबाट काठमाडौंमा वितरण गरिनेछ। खानेपानीमन्त्री मणिचन्द्र थापाले चैतको दोस्रो साताभित्र मेलम्चीको पानी काठमाडौंवासीका धाराधारामा पुऱ्याइने जानकारी दिए। सरकारले यसअघि मेलम्चीको सुरुङ परीक्षण दुई महिनासम्म गरिने घोषणा गरेको थियो। चैत दोस्रो साता पानी वितरण गर्ने सरकारको तयारीसँगै अब तीन साता पनि सुरुङको परीक्षणकाल नहुने भएको छ।

मेलम्चीको हेडवर्क्स कार्य निर्माण अन्तिम चरणमा पुगेको छ। हाललाई हेडवर्क्स स्थलभन्दा एक सय मिटरमाथि निर्माण गरिएको अस्थायी बाँधबाट डाइभर्सन टनेल हुँदै सुरुङमार्गमा पानी प्रवाह गरिएको छ। अस्थायी व्यवस्थाअन्तर्गत पूर्ण रूपमा पानी प्रवाह भएपछि दैनिक १७ करोड लिटर पानी काठमाडौंमा उपलब्ध हुनेछ। त्यसले उपत्यकाको खानेपानी समस्या निवारणमा महत्वपूर्ण सहयोग हुने मन्त्रालयले जनाएको छ।

काठमाडौं उपत्यकामा दैनिक ४३ करोड लिटर खानेपानीको माग भए पनि हाललाई काठमाडौं उपत्यका खानेपानी लिमिटेडले दैनिक आठ करोड लिटर पानी मात्रै वितरण गर्दै आएको छ। पानी पथान्तरण सुरु भएसँगै मेलम्ची नदी, अडिट टनेल रहेको सिन्धु, ग्याल्थुम पानी बहाव क्षेत्रहरूसँगै बागमती नदीमा कुनै पनि वेला पानीको बहाव बढ्न सक्ने भएकाले आसपासका खोलानाला र नदीकिनारमा जानुपर्दा सावधानी अपनाउन सर्वसाधारणलाई आयोजनाले आग्रह गरेको छ।

नवजात शिशुको निःशुल्क उपचार कार्यक्रममा बेथिति

पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमै पाइँदैन निःशुल्क औषधि

रोहितराज पराजुली/नयाँ पत्रिका
कास्की, २१ फागुन

नवजात शिशु (जन्मदेखि २८ दिनसम्म) मृत्युदरमा कमी ल्याउन सरकारले निःशुल्क उपचार घोषणा गरेको छ। त्यस्ता शिशुलाई उपचारसँगै औषधि पनि निःशुल्क दिने व्यवस्था छ। तर, गण्डकी प्रदेशकै सबैभन्दा ठूलो पश्चिमाञ्चल क्षेत्रीय अस्पतालले सेवाग्राहीलाई त्यस्तोबाट वञ्चित गर्दै आएको छ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा नवजात शिशुको उपचारका लागि पुग्नेले न निःशुल्क औषधि पाएका छन्, न सेवा नै। सरकारले नै बनाएको मापदण्डअनुसारको सुविधा अस्पतालले नदिँदा आफूहरू मर्कामा सेवाग्राहीको भनाइ छ। सेवाग्राहीले सरकारले व्यवस्था गरेको सुविधा पाउनुपर्ने भन्दै पटकपटक कुरा उठाए पनि सुनुवाइ भएको छैन। भर्ना भएका नवजात शिशुको उपचारदेखि आवश्यक औषधि अस्पतालले निःशुल्क उपलब्ध गराउनुपर्ने आफ्ना माग अहिलेसम्म सुनुवाइ नभएको उनीहरूको भनाइ छ।

बाग्लुङबाट आएर अस्पतालमा नवजात छोराको उपचार गराएका अभिभावकले भने, 'सरकारले सेवा निःशुल्क भनेको छ, तर हामीले त्यस्तो सुविधा पाएका छैनौं।' औषधि निःशुल्क पाउने भनिए पनि आफूले दश हजार रुपैयाँभन्दा बढीको औषधि खरिद गर्नुपरेको उनले बताए। 'म गाउँमा मजदुरी गर्छु, जिल्लाबाट रिफर भएर थप उपचारका लागि पोखरा आएको हुँ। यहाँ नवजात शिशुलाई निःशुल्क उपचार र औषधि पाइन्छ भन्ने सुनेको थिएँ। तर, डाक्टरले लेखिदिएको औषधि अस्पतालमा पाइँदोरहेनछ। बाहिरबाट किनेर ल्याउनुपर्नेरहेछ,' उनले अस्पतालमा भोगेको दुःख सुनाए।

अन्य सेवाग्राहीका अनुसार पनि डाक्टरले लेखिदिने औषधिमध्ये आधाभन्दा पनि कम मात्र औषधिको फार्मेसीमा पाइन्छ। अरू औषधि निजी फार्मेसीबाट खरिद गर्नुपर्छ। 'चिकित्सकले दिएको पुर्जीमा लेखिएका आधाभन्दा कम औषधि मात्र अस्पतालमा पाइन्छ, अरू बाहिर गएर किन्न बाध्य छौं,' निजी फार्मेसीबाट खरिद गरिएका औषधिका बिल देखाउँदै उनले आक्रोश पोखे, 'यही अवस्था हो भने निःशुल्क उपचार र निःशुल्क औषधि पाइन्छ भनेर किन प्रचार गर्नु ? हामीजस्ता सोझा गाउँलेलाई किन आँखामा छारो हाल्नु ?'

सोही अस्पतालमा शिशु उपचार गराइरहेकी एक आमाले पनि सुविधा नपाउँदा उपचार गराउन आर्थिक अभाव झेलिरहेको बताइन्। रुन्चे स्वरमा उनले भनिन्, 'हामी मजदुरी गर्ने मान्छे। लकडाउनका कारण रोजगारी गुम्यो। छोरा जन्मेको दुई दिनपछि स्वास्थ्यमा समस्या देखियो र अस्पताल भर्ना गऱ्यौं। १० दिनदेखि उपचार गराइरहेको छु। औषधि र ल्याब टेस्टका लागि अहिलेसम्म आठ हजार रुपैयाँभन्दा बढी खर्च भइसकेको छ। भएको पैसा सकियो। अब कसरी उपचार गराउने भन्ने चिन्ताले सताएको छ।'

माथिका यी त उदाहरण मात्र हुन्। यो समाचार तयार पार्दै गर्दा क्षेत्रीय अस्पतालमा रहेको २० बेडको एनसियू युनिटमा हाल १८ जना उपचाररत छन्। वार्डमा भर्ना भई उपचार गराइरहेका बिरामीले औषधिदेखि आवश्यक परीक्षण निःशुल्क रूपमा पाउनुपर्नेमा दिनको दुई हजारसम्म खर्च गर्न बाध्य भएका छन्। अस्पतालको फार्मेसी अस्पताल प्रशासन आफैंले सञ्चालन गरेको भए पनि सरकारले तोकेका निःशुल्क औषधि उपलब्ध नगराउँदा सेवाग्राही मर्कामा परेका छन्।

सामान्य पन्जासम्म किन्न बाध्य

बिरामीका आफन्तका अनुसार सामान्य पन्जा पनि अस्पतालको फार्मेसीमा नपाएर बाहिर किन्नुपर्ने अवस्था छ। रातको समयमा गरिने परीक्षणका लागि बाहिरै जानुपर्छ। सामान्य ब्लेडदेखि बच्चालाई खाना खुवाउन प्रयोग हुने पाइप मात्र होइन, एक डोजको १२ सय रुपैयाँ पर्ने मोट्रोपेनाम र ६ सय पर्ने भेन्कोमाइसिनलगायत औषधि पनि पाइँदैन।

एनसियू वार्डका लागि स्वास्थ्य मन्त्रालयबाट अस्पताललाई छुट्टै बजेट आउने गरेको छ। तर, अस्पतालले बिरामीका लागि आवश्यक पर्ने औषधिको व्यवस्थापन गर्न नसक्दा बिरामी सुविधा लिनबाट वञ्चित हुँदै आएका छन्। तर, अस्पतालमा आएको रकम भने खर्च नभई फ्रिज हुने गरेको छ।

आधा बजेट खर्च हुँदैन

नवजात शिशु कार्यक्रमका लागि स्वास्थ्य सेवा विभागले बर्सेनि छुट्टै रकम पढाउने गरेको छ। अस्पतालको लेखा प्रशासनले दिएको जानकारीअनुसार आर्थिक वर्ष ०७५/७६ मा ६० लाख रुपैयाँ विभागबाट आएको थियो। त्यसमा ४० लाख मात्र खर्च भएको थियो। ०७६/७७ मा ८० लाख आयो, तर खर्च जम्मा ३५ लाख भयो। चालू आर्थिक वर्षमा ८० लाख रुपैयाँ आएकोमा अहिलेसम्म जम्मा सात लाख मात्र खर्च भएको छ। यो अस्पतालमा ०७५/७६ मा एक हजार दुई सय ३०, ०७६/७७ मा नौ सय ५६ र चालू आर्थिक वर्षको ८ फागुनसम्ममा पाँच सय ४६ जनाले उपचार गराएका छन्। यति ठूलो संख्यामा आउने बिरामीले सेवा नपाउने, तर आएको बजेट फ्रिज हुने विडम्बनापूर्ण अवस्था यहाँ देखिएको छ।

बिरामीले सेवा र औषधि निःशुल्क नपाएको विषयमा अस्पतालका निर्देशक अर्जुन आचार्य अनभिज्ञ छन्। 'बिरामीले निःशुल्क औषधि पाइरहेका छैनन् भन्नेबारे मलाई अहिलेसम्म जानकारी छैन,' नयाँ पत्रिकासँग आचार्यले भने, 'म अहिले नै यसबारे सोधखोज गर्छु।' नभन्दै उनले फार्मेसी हेर्ने कर्मचारीलाई कार्यकक्षमा बोलाएर सोधपुछ गरे। उनलाई कर्मचारीले भने, 'सप्लायर्सले डेलिभरी ढिलो दिएकाले समस्या भएको हो, अब केही दिनपछि सहज हुन्छ।'

त्यसपछि आर्चायले थपे, 'के गर्ने अस्पतालमा औषधि सप्लाई गर्ने एक सय ५० जना छन्। ढिलो दिने एउटालाई कारबाही गरे सबैले आपूर्ति रोक्छन्, अनि झन् समस्या हुन्छ। त्यसैले हामीले केही लचक अपनाएका छौं।' अस्पताल निर्देशक आचार्यले औषधिका व्यापारीसँग डराएर यसो भनिरहँदा सरकारले घोषणा गरेको सेवा पाउनै पर्ने डेढ दर्जनभन्दा बढी विपन्न परिवारका अधिकारतर्फ भने उनी जिम्मेवार देखिएनन्।

ढुंगाले किचिएर मिडिल तमोरका दुई मजदुरको मृत्यु

ताप्लेजुङ/ ताप्लेजुङमा निर्माणाधीन ७३ मेगावाटको मिडिल तमोर जलविद्युत् आयोजनाको सुरुङ खन्ने क्रममा शनिबार दिउँसो ढुंगाले किचिएर दुई मजदुरको मृत्यु भएको छ। उदयपुरका २२ वर्षीय अमर विश्वकर्मा र भोजपुरका २८ वर्षीय सन्तोष बानियाँको मृत्यु भएको हो।

आयोजनाका जनसम्पर्क अधिकृत करण गौतमका अनुसार मिक्वाखोला गाउँपालिका-२ को थुम्वाबाट फक्ताङलुङ गाउँपालिका- १ सावादिनतर्फ सुरुङ खन्दै गर्दा खसेको ढुंगाले अमर र सन्तोषलाई किचेको हो। उनीहरूको घटनास्थलमै मृत्यु भएको थियो। सँगै काम गरिरहेका अरू कामदार भने सकुशल रहेको आयोजनाका भूगर्भविद् सूर्य लिम्बूले बताए।

सम्पर्क अधिकृत गौतमका अनुसार अयोजनाको तीन हजार तीन सय ६७ मिटर लामो सुरुङ निर्माण गर्नुपर्छ। जसमध्ये एक हजार तीन सय ९७ मिटर सुरुङ निर्माण भइसकेको छ। मिक्वाखोलामा आउटलेट र फक्ताङलुङमा हेडबक्स छ। ०७४ मा निर्माण सुरु भएको आयोजना ०७८ मा सक्ने लक्ष्य छ। आयोजना सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड कम्पनीले निर्माण गर्न लागेको हो।

Province Government
Bagamati Province
Urban Development and Building Office, Kavreplanchwok
Online Bids Only
First Date of Publication : 2077/11/23 BS (2021/05/07 A.D)

Contract No	Description of Works	Detail Information
UDBO/NCB/ Works/05 /1S2E/077/078	**Construction Of Jiri Taal Bahuudesiya Bikash Tatha Saundaryakaran Aayojana, Dolakha (Road Construction Works)**	http:www.bolpatra.gov.np /egp, Cont. 011-415142

नागरिक लगानी कोष
Citizen Investment Trust
('संघीय संसदबाट पारित भए बमोजिम काम कारोबार गर्ने गरी इजाजत प्राप्त संस्था')
केन्द्रीय कार्यालयः नयाँबानेश्वर, काठमाण्डौ, पो.ब.नं. ५८२३
फोन नं.: ०१४७८५३१९, ४७८५३२१, ४७८५३२५, फ्याक्स नं.: ९७७-१-४७८४९४५
इमेलः cit.cmkt@gmail.com, वेवसाइटः www.nlk.org.np
को
शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्नेबारे सूचना
नागरिक लगानी कोषको हकप्रद शेयरको बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा सर्वसाधारण समूहतर्फको तपसिल बमोजिमको शेयरहरु बाँकी रहेको हुँदा उक्त शेयरहरु खरीद गर्न योग्य इच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०७७ साल चैत २ गतेभित्र** देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो सो समेत खुलाई गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन अनुरोध गरिन्छ।

सि.नं.	बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरुः
१.	श्री आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौ।
२.	श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड शाखा कार्यालयहरुः बिरगञ्ज, पर्सा; जनकपुर, धनुषा; नारायणगढ, चितवन; बाग्लुङ्ग; बुटवल, रुपन्देही; नेपालगञ्ज, बाँके; बीरेन्द्रनगर, सुर्खेत; धनगढी, कैलाली; विर्तामोड, झापा; हेटौडा, मकवानपुर; तुल्सीपुर, दाङ्ग; महेन्द्रनगर, कञ्चनपुर।
३.	श्री नागरिक लगानी कोष, नयाँबानेश्वर, काठमाण्डौ तथा शाखा कार्यालयहरुः मोरङ-विराटनगर र कास्की-पोखरा।

तपसिल
बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरण : सर्वसाधारण शेयरः ३,५४,१५०.०५ कित्ता न्यूनतम मूल्य प्रति शेयर रु.१००/-
शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७७/११/२१ गते।
शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७७/१२/२ गते बैंकिङ्ग समयसम्म।
यस सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०७७/११/१२ गतेको "अन्नपूर्ण पोष्ट दैनिक" तथा "आर्थिक अभियान" दैनिकमा सूचना प्रकाशित गरिएको हुँदा उक्त सूचना हेर्न हुन समेत अनुरोध गरिन्छ।
नोटः बोलपत्रहरु सम्पूर्ण संकलन केन्द्रहरुबाट बिक्री प्रबन्धकको कार्यालयमा संकलन भए पश्चात् बोलपत्र खोलिने मिति समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् खोलिने छ।
बिक्री प्रबन्धकः
आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड
RBB MERCHANT BANKING LIMITED
आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड
पोष्ट बक्स नं. ६६३, टेकु, काठमाण्डौ, नेपाल, फोनः ५३४३२६५, ५३४०९३२, ५३४०९३३, फ्याक्सः ५३४५०१८
E-mail: rbbmbl@rbbmbl.com.np, Website: www.rbbmbl.com.np

पुनर्जीवनपछि...

पृष्ठ १ बाट क्रमशः

साँझसम्म प्रधानमन्त्री ओलीविरुद्ध अविश्वासको प्रस्ताव अगाडि बढाउने विषयमा ठोस प्रगति भएको छैन।

दुई अधिवेशनबीचको अवधि ६ महिनाभन्दा धेरै हुन नहुने संवैधानिक व्यवस्थाअनुसार १७ पुसमै संसद् बैठक सुरु हुनुपर्ने थियो। तर, १२ दिनअघि नै प्रधानमन्त्री ओलीले ५ पुसमा संसद् विघटन गरेपछि सातौं अधिवेशन बस्न सकेको थिएन। तर, सर्वोच्च अदालतले ११ फागुनमा प्रधानमन्त्री ओलीको कदम असंवैधानिक ठहर गरेपछि मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले २३ फागुन (आइतबार)का लागि बैठक आह्वान गरेकी थिइन्।

प्रतिनिधिसभा बैठकमा विभाजित नेकपाको ओली तथा प्रचण्ड-नेपाल समूह परस्परविरोधी तयारीमा देखिएपछि संसद् सञ्चालनसमेत प्रभावित हुने अवस्था देखिएको छ। प्रमुख प्रतिपक्षी कांग्रेस नेकपा विभाजनको कानुनी निरुपण नभएसम्म 'रिजर्भ'मा बस्ने तयारीमा छ। नेकपाको दुवै समूह सत्तापक्षको एउटै रोमा आमुन्ने-सामुन्ने रूपमा खडा हुने तयारीमा रहेका वेला सभामुख अग्निप्रसाद सापकोटालाई दुवै समूहको सहमतिमा सदन सञ्चालन गर्ने चुनौती खडा भएको छ।

शनिबार शीर्ष नेताले नै संसद्मा देखिन सक्ने सम्भावित टकरावको संकेत गरेका छन्। नेकपा प्रचण्ड-नेपाल समूहका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रधानमन्त्री केपी ओलीको व्यक्तित्व पतन भइसकेको भन्दै कुहिएको अन्डासँग तुलना गरेका छन्। 'नकुहिएको अन्डाबाट प्रोटिनयुक्त तत्व पाइन्छ, कुहिएपछि गन्ध यति नमीठो हुन्छ कि, केपी ओली त्यही कुहिएको अन्डा हुन्,' पार्टी कार्यालय, पेरिसडाँडामा शनिबार आयोजित एक कार्यक्रममा प्रचण्डले भने, 'कुहिएको, गनाएको अन्डा खाइँदैन, बगाइन्छ, गाडिन्छ या जलाइन्छ।'

कार्यक्रममा अर्का अध्यक्ष माधवकुमार नेपालले प्रधानमन्त्री केपी ओलीले सर्वोच्च अदालतको फैसलापछि पनि नैतिकता नदेखाएकाले प्रतिगमनविरुद्ध एकजुट भएका राजनीतिक दलहरूबीच उनको बिदाइका लागि सहकार्य हुन लागेको बताए। 'यसबीचमा केपी ओलीलाई पदबाट बिदा गर्नैपर्नेछ, प्रतिगमनविरुद्ध एकजुट भएकाहरूले हातेमालो गरेर अघि बढ्ने अवस्था बन्दै छ,' नेपालले भने, 'म ओलीजीलाई भन्न चाहन्छु, नैतिकताको सानो अंश बाँकी छ भने राजीनामा दिनुस्, धेरै फुर्ती नदेखाउनुस्, अब तपाईंका दिन गए।' उनले अझै ओली पदमा टाँसिएर बसेको देख्दा दुनियाँ आश्चर्यचकित भएको समेत बताए।

जब कि आफूनिटक संसदीय दलको बैठकमा प्रधानमन्त्री ओलीले आफूविरुद्ध प्रचण्ड-नेपाल समूहले तयारी गरेको अविश्वासको प्रस्ताव असफल हुने दाबी गरेका छन्। 'उहाँहरू अहिले जसरी चल्न खोजिरहनुभएको छ, त्यसमा (अविश्वासको प्रस्ताव) सफल हुने कुनै सम्भावना छैन। चन्द्रकान्त भन्ने टेलिसिरियलमा अक्रुर भन्ने पात्र छ, त्यो पात्रले जब टाउकामा प्याट्ट हान्छ, छोएपछि ढुनमुनिएर ढल्छ, पराजित हुन्छ, उहाँ (प्रचण्ड-नेपाल)हरूको नियति पनि त्यस्तै हुनेवाला छ,' अविश्वासको प्रस्ताव असफल हुने दाबी गर्दै ओलीको भनाइ थियो, 'यो आन्दोलन, पार्टी अघि बढ्छ, नियत बाँगिएका नेता, भ्रममा परेका कार्यकर्ता पार्टी बैठक छाडेर अन्त भौंतारिएका छन्, असफल भएपछि उहाँहरूतिर लागेका कार्यकर्ता सच्चिएर फर्किन थाल्छन्, नेताहरू पनि फर्किए राम्रो, त्यसकारण तपाईंहरू ढुक्क हुनुस्, पार्टी र आन्दोलन कमजोर हुनेछैन।'

बैठकलाई लिएर राजनीतिक दलहरूका आ-आफ्ना तयारी छन्। नेकपाको प्रचण्ड-नेपाल समूहले प्रधानमन्त्रीको राजीनामा नआए अविश्वास प्रस्ताव अगाडि बढाउने गृहकार्य गरेको छ। यद्यपि, अविश्वासको प्रस्तावबारे कांग्रेससँग उसको सहमति भने भइसकेको छैन। 'पहिलो, हामीले प्रधानमन्त्रीको राजीनामा आउने आशा गरेका छौं। उहाँको राजीनामा आएन भने मात्र अविश्वासको प्रस्ताव बाध्यात्मक विकल्पका रूपमा दर्ता हुने हो। के गर्ने भन्नेमा हामी नेताहरूको सल्लाहअनुसार अघि बढ्छौं। उहाँले सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापना गरेलगत्तै राजीनामा दिइसक्नुपर्ने हो, तर अहिलेसम्म दिनुभएको छैन। अहिलेसम्म हामी बाध्यकारी बाटोमा जानु नपरोस् भन्ने पक्षमै छौं,' प्रचण्ड-नेपाल समूहका प्रमुख सचेतक देव गुरुङले भने।

तर, राष्ट्रिय सभामा ओली समूहमा रहेका नेकपाका प्रमुख सचेतक खिमलाल भट्टराईले अविश्वासको प्रस्तावको सामना गर्ने बताए। 'नेकपाका सांसदले कसरी शेरबहादुर देउवा या अरू कोहीलाई समर्थन गर्न सक्छ ? देश र जनता कसको हितमा अविश्वासको प्रस्तावमा नेकपाका सांसदले समर्थन गर्ने ? त्यस्तो अवस्थामा ठूलो अन्तर्विरोध पैदा हुन्छ। त्यस्तो अवस्थामा त संविधान, कानुन, स्थापित मूल्य र मान्यताअनुसार चल्न नसक्ने सभामुखको भूमिकामाथि पनि प्रश्न खडा हुनेछ,' भट्टराईले भने।

प्रमुख प्रतिपक्षी दल कांग्रेसले संसद्बाटै सबै समस्याको समाधान खोज्ने सचेतक पुष्पा भुसालले बताइन्। 'राष्ट्रिय राजनीतिमा अहिले तीन-चारवटा चुनौती छन्, त्यसमा हाम्रो भूमिका रहन्छ। एउटा, संविधान कार्यान्वयनको विषय छ। संसद् पुनर्स्थापना भइसकेपछि संविधान 'ट्र्याक'मा त आयो, तर त्यसको कार्यान्वयन गर्ने पक्षमा कांग्रेसले महत्वपूर्ण भूमिका खेल्नुपर्ने देखियो,' उनले भनिन्, 'दोस्रो, संसद् पुनर्स्थापना भइसकेपछि कुनै पनि समस्या संसद्बाटै अघि बढाउनेमा हाम्रो विशेष भूमिका रहन्छ। तेस्रो, जनजीविकाको सवालमा कांग्रेसले भूमिका खेल्छ। त्यसैले, समय, परिस्थितिअनुसार कांग्रेसले र संसदीय दलले निर्णय गर्दै अघि बढ्छ।'

जसपा नेता लक्ष्मणलाल कर्णले कार्यव्यवस्थाबाटै सबै कुरा सुरु हुने बताए। उनले भने, 'संसद्को कारबाही आइतबारदेखि सुरु हुन्छ। अहिले हेर्दा, सुरु भएपछि के-के हुन्छ जस्तो देखिन्छ। अहिलेसम्म कार्यव्यवस्थाको बैठक भएको छैन। कार्यव्यवस्थाबाटै सबै कुरा 'स्टार्ट' हुन्छ। उनीहरूको विवाद अहिले सडकमा छ, अब सदनमा कसरी देखिन्छ, हेरौं। त्यसअनुसार अघि बढ्ने हो। तर, जसपाले दुई पार्टीको झगडामा अहिले गर्ने के, जसपाले संसद्मा आफ्नो काम गर्छ, आफ्नो मुद्दा उठाउँछ।'

सदन सञ्चालनअघि दैनिक कार्यसूचीबारे छलफल गर्न दलका प्रमुख सचेतकहरूसहित सहभागी कार्यव्यवस्था परामर्श समितिको बैठक गर्ने प्रचलन रहे पनि संघीय संसद् सचिवालयका तर्फबाट शनिबार आठवटा सम्भावित कार्यसूची सार्वजनिक भएको छ। संसद् आइतबार अपराह्न ४ बजे बोलाइएको छ। तर, ती कार्यसूचीहरूका बारेमा सदन सञ्चालनअघि कार्यव्यवस्था परामर्श समितिमा छलफल गर्ने कि नगर्ने भन्ने विषयमा सभामुख सापकोटा टुंगोमा पुगिसकेका छैनन्।

'समितिको बैठक सभामुखले आवश्यक सल्लाह महसुस गरेमा मात्र बस्ने हो, बोलाउने कि नबोलाउने छलफल चलिरहेको छ,' सभामुखनिकट स्रोतले नयाँ पत्रिकासँग भन्यो, 'महासचिव, सचिवसहित माहाशाखासँग छलफल भइसकेकाले परामर्श समितिको बैठक नबस्न पनि सक्छ।' नेकपा विवादको कानुनी निरुपण नभइसकेकाले समितिको बैठक बोलाउँदा कुन समूहलाई मान्यता दिएर बोलाउने वा दुवै समूहलाई बोलाउने विषय टुंगो लगाउन सभामुख सापकोटालाई पनि चुनौती छ।

प्रतिनिधिसभा नियमावलीको नियम १३ मा बैठकको कार्यसूची, समयावधि निर्धारणलगायत बैठकलाई सुव्यवस्थित सञ्चालनका लागि र सभामुखले आवश्यक ठहऱ्याएको अन्य विषयमा परामर्श दिन सभामुखको अध्यक्षतामा दलीय आधारमा १७ जनासम्म सदस्य रहेको परामर्श समिति गठन गर्न सक्नेछ। तर, नेकपा विवादको छिनोफानो नभएकाले समितिमा दुवै समूहबाट बोलाउने या यसअघि बोलाइएका सांसदहरूलाई मात्र बोलाउने विषय सभामुखका लागि चुनौतीपूर्ण देखिएको छ। यद्यपि, नियम १३ मै सभामुखलाई उपयुक्त लागेको कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रित सदस्यका रूपमा बोलाउन पाउने अधिकार पनि छ।

ओली समूहको रणनीति : प्रचण्ड-नेपाल समूहलाई मान्यता दिए सदन अवरोध

नेकपा विभाजन नभइसकेको निष्कर्षसहित प्रधानमन्त्री ओली समूह सभामुखले प्रचण्ड-नेपाल समूहलाई मान्यता दिए प्रतिनिधिसभा बैठक अवरोध गर्ने निष्कर्षमा पुगेको छ। प्रधानमन्त्रीनिवास बालुवाटारमा शनिबार बसेको ओली समूहको संसदीय दलको बैठकले कार्यव्यवस्था परामर्श समिति बैठकमा प्रचण्ड-नेपाल समूहलाई बोलाइए या सदन सञ्चालन गर्दा प्रचण्डलाई दलको नेताको मान्यता दिए संसद् बैठक अवरोध गर्ने निष्कर्ष निकालेको हो।

प्रधानमन्त्री ओलीले संसदीय दलको नेता र प्रमुख सचेतकको निर्देशनअनुसार सदनमा प्रस्तुत हुन आफ्ना समूहका सांसदहरूलाई निर्देशन दिएका छन्। ओलीले प्रमुख सचेतकबाट देव गुरुङलाई हटाएर विशाल भट्टराईलाई चयन गरिसकेका छन्। भट्टराईको निर्देशन र ह्विप मान्न ओलीले निर्देशन दिएका छन्।

प्रचण्ड-नेपाल समूहले कांग्रेससँग मिलेर प्रधानमन्त्री ओलीविरुद्ध अविश्वासको प्रस्ताव ल्याए हस्ताक्षर गर्ने सांसदहरूलाई कारबाही गर्ने र त्यसपछि सदनमा पनि घम्साघम्सी गर्ने ओली समूहले तयारी गरेको छ।

ओली समूहकै सांसद पदम गिरीले नेकपा एउटै दल रहेको अवस्थामा अरू कोहीलाई संसदीय दलको नेता मानिएको अवस्थामा सदन चल्न नसक्ने बताए। 'संविधान, कानुन र दलको विधानले केपी ओलीबाहेकलाई संसदीय दलको नेता चिन्दैन, तर अरू कसैलाई दलको नेताको मान्यता दिएर त्यसअनुसारको भूमिका देखापऱ्यो भने सदनमा घेराउ वा अवरोध हुन सक्छ,' गिरीले भने, 'त्यो अवस्थामा स्वाभाविक रूपमा संवैधानिक र कानुनी प्रश्न उठ्ने भएकाले हामीलाई मान्य हुनेछैन।'

ओली समूहले बालुवाटारको संसदीय दलको बैठकमा प्रतिनिधिसभाका ९१ र राष्ट्रिय सभाका २४ सहित एक सय १५ सदस्य सहभागी भएको दाबी गरेको छ। तर, ओली समूहले समर्थन गर्ने दाबी गर्दै आएका उपाध्यक्ष वामदेव गौतम, तुल्सा थापा र लालबाबु पण्डित भने बैठकमा सहभागी थिएनन्। प्रधानमन्त्री ओली शुक्रबार गौतमनिवासमै पुगेर आफूलाई सहयोग गर्न आग्रह गरेका थिए।

अविश्वासबारे प्रचण्ड-नेपाल समूह र कांग्रेस अन्योलमा

आइतबार डाकिएको संसद् बैठकअगावै अविश्वासको प्रस्ताव दर्ता गर्ने कि नगर्ने विषयमा नेकपाको प्रचण्ड-नेपाल समूह र प्रमुख प्रतिपक्षी कांग्रेस अन्योलमा देखिएको छ। यसअघि दुवैबीच अविश्वासको प्रस्ताव लैजाने सैद्धान्तिक सहमति भए पनि प्रधानमन्त्रीको वैकल्पिक उम्मेदवारबारे शनिबार रातिसम्म कुनै सहमति नदेखिएपछि अविश्वासको प्रस्ताव दर्ता गर्ने तयारीमा अन्योल देखिएको हो।

कांग्रेसले अविश्वासको प्रस्ताव दर्ताअघि नेकपाको औपचारिक विभाजन पर्खिएको छ भने प्रचण्ड-नेपाल समूहले कांग्रेस तयार हुँदा वैकल्पिक उम्मेदवारमा शेरबहादुर देउवाको नाम प्रस्तुत गर्ने लचिलो नीति लिएको छ। 'अविश्वासको प्रस्ताव दर्ता गर्ने विषयमा अहिलेसम्म कांग्रेससँग नयाँ केही समझदारी भइसकेको छैन,' प्रचण्ड नेपाल समूहका प्रमुख सचेतक देव गुरुङले नयाँ पत्रिकासँग भने। यद्यपि, प्रधानमन्त्री ओलीले सदन बैठकअगावै वा सदन सुरु हुनासाथ राजीनामा गर्ने अपेक्षा रहेकाले त्यसपछि मात्र अविश्वासको प्रस्ताव लैजाने गृहकार्यमा पार्टी रहेको पनि गुरुङले प्रस्ट्याए।

त्यस्तै, कांग्रेस नेता डा. प्रकाशरण महतले नेकपा औपचारिक रूपले विभाजित नभएसम्म कांग्रेस अविश्वास प्रस्तावको पक्ष वा विपक्षमा नखुल्ने बताए। 'नेकपाको ओली र प्रचण्ड-माधव समूह कांग्रेसका लागि दुवै उस्तै हुन्। उनीहरूको पार्टी अहिले पनि विभाजित भइसकेको छैन। यो उनीहरूको आन्तरिक कुरा हो। वैधानिक रूपमा विभाजित नभएसम्म कांग्रेस यो वा त्यो पक्ष भनेर लाग्दैन,' महतले भने, 'केपी ओलीले संसद् विघटन गरे, ओलीको ठाउँमा प्रचण्ड र माधव भए पनि त्यस्तै गर्थे। उनीहरू २० को १९ मात्र हुन्। त्यसैले कांग्रेसले पार्टीको र देशको दिगो भविष्य हेरेर मात्र अन्तिम निर्णय गर्छ।'

आयोगले नेकपा विवाद नटुंग्याइदिँदा संसद्मा समस्या

काठमाडौं/ नेकपा विवाद निरुपणमा निर्वाचन आयोगले समयमै अग्रसरता नलिँदा त्यसको प्रत्यक्ष प्रभाव संसद् बैठकमा देखिने भएको छ। नेकपाका दुवै समूहले संसदीय दलका भिन्नाभिन्नै नेता र प्रमुख सचेतक बनाएपछि आइतबारदेखि सुरु हुन थालेको संसद् बैठक प्रभावित हुने सम्भावना छ।

५ पुसमा प्रधानमन्त्री केपी ओलीले संसद् विघटन गरेपछि नेकपा राजनीतिक रूपमा विभाजित भएको थियो। तर, ८० दिन पुग्नै लाग्दा पनि आयोगले विवाद नटुंग्याउँदा आइतबारबाट सुरु हुने संसद् अधिवेशनको कामकारबाहीसमेत प्रभावित हुने संसद् सचिवालयको आशंका छ। पूर्वप्रमुख निर्वाचन आयुक्तहरूले यस्तो समस्या आउनुमा आयोगलाई जिम्मेवार ठऱ्याएका छन्।

पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले आयोगले निर्णय लिन ढिला गर्दा राजनीतिक जटिलता थपिएको र आयोगमाथि प्रश्न उठेको बताए। 'राजनीतिक दलसम्बन्धी विवादको समाधान गर्ने अधिकार कानुनले निर्वाचन आयोगलाई दिएको छ। अधिकार प्राप्त निर्वाचन आयोग अनिर्णयको बन्दी हुँदा त्यसले मुलुकको राजनीतिक प्रक्रियामा धेरै किसिमका अप्ठ्यारा ल्याइरहेको अवस्था छ,' पोखरेलको भनाइ छ, 'यसले आयोगको निर्णय क्षमता र स्वायत्ततामाथि प्रश्न उठेको छ। उसले निर्णय नगरेका कारण राजनीतिक प्रक्रिया अवरुद्ध हुनु भनेको त्यसको जिम्मेवारी उसको अनिर्णय हुन जान्छ।'

राजनीतिक रूपमा नेकपा विभाजन भएको ७५ दिन पुग्दा पनि आयोगले आधिकारिता विवाद टुंग्याउन अलमल गरेपछि पाँच पूर्वप्रमुख निर्वाचन आयुक्तहरूले बुधबार संयुक्त विज्ञप्ति जारी गर्दै आयोगको ध्यानाकर्षण गराएका थिए। पाँच पूर्वप्रमुख निर्वाचन आयुक्तले समेत विज्ञप्ति निकालेर विवाद निरुपण गर्न गरेको आग्रहलाई आयोगले बेवास्ता गरेको छ।

'राजनीतिक दलको विवाद निरुपणमा ढिलाइ गरेको भनी निर्वाचन आयोगको निर्णय क्षमता र स्वायत्तताका विषयमा उठाइएका प्रश्नहरूले हामीलाई गम्भीर बनाएको छ,' पूर्वप्रमुख निर्वाचन आयुक्तहरू सूर्यप्रसाद श्रेष्ठ, भोजराज पोखरेल, नीलकण्ठ उप्रेती, डा. अयोधीप्रसाद यादव र कार्यबाहक पूर्वप्रमुख निर्वाचन आयुक्त दोलखबहादुर गुरुङले जारी गरेको विज्ञप्तिमा छ, 'आयोग अनिर्णयको बन्दी रहँदा त्यसले मुलुकको राजनीतिक प्रक्रियामा पार्न सक्ने गाम्भीर्यता तथा आयोगको आफ्नै साखमा पर्न सक्ने असरलाई समेत विचार गरी प्रचलित कानुन र स्थापित नजिरका आधारमा समेत यस विषयमा उपयुक्त निर्णय यथाशीघ्र दिन आयोगसमक्ष आग्रह गर्दछौं।'

शुक्रबारसमेत प्रचण्ड-नेपाल समूहका नेता आयोग पुगेर विवाद चाँडै टुंग्याउन आग्रह गरेका थिए। त्यसअगाडि १७ फागुनमा पनि नेकपाको प्रचण्ड नेपाल समूहका नेताहरू आयोग पुगेर, '१५ दिनको सूचना दिनुपर्ने व्यवस्था किन लागू भएन ? प्रश्न गरेका थिए।

नेकपाको प्रचण्ड-नेपाल समूह राजनीतिक दलसम्बन्धी ऐनको दफा ४४ बमोजिम आधिकारिकता दाबी गर्दै निर्वाचन आयोग पुगेको ३२ दिन पूरा भएको छ। ४४ (२)ले दाबीका सम्बन्धमा लिखित जवाफ पेस गर्न त्यस्तो दाबी तथा प्रमाणको प्रतिलिपि संलग्न गरी अर्को पक्षलाई १५ दिनको सूचना दिनुपर्ने व्यवस्था गरेको छ। तर, आयोगले ओली पक्षलाई अहिलेसम्म सूचना दिएको छैन। २० माघमा प्रचण्ड र माधव नेपाल आयोगमा पुगेर दुई सय ८७ जना केन्द्रीय सदस्यको हस्ताक्षरसहित दलसम्बन्ध

आठ हजार एक सय ९० रोपनी सरकारी जग्गा व्यक्तिका नाममा

ठगी मुद्दा चलाउन गरेको सिफारिस अलपत्र, तर कारबाही प्रक्रिया अघि बढेको सरकारको दाबी

कुन प्रदेशमा कति जग्गा हडपियो ?

क्र.स.	प्रदेश	हडपिएको जग्गा (रोपनीमा)
१	प्रदेश १	४८७१
२	प्रदेश २	८३२
३	बागमती	१०९
४	गण्डकी	५८
५	लुम्बिनी	१४४७
६	सुदूरपश्चिम	८७०

यम बम/नयाँ पत्रिका
काठमाडौं, २२ फागुन

देशका विभिन्न स्थानमा आठ हजार एक सय ९० रोपनी सरकारी जग्गा व्यक्तिले हडपेका छन् । सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोगले गत २८ माघमा सरकारलाई बुझाएको अन्तिम प्रतिवेदन अलपत्र परेको छ । आयोगले पटक पटक गरेर ३३ वटा प्रतिवेदन सरकारलाई बुझाईसकेको छ ।

बुझाएका प्रतिवेदनउपर थप अनुसन्धान र कानुनी कारबाही पनि अघि बढ्न सकेको छैन । सुनसरीस्थित सर्दु जलाधार क्षेत्रको तीन सय ४८ बिघा जग्गा व्यक्तिको नाममा पुगेको निष्कर्षसहित आयोगले त्यसमा संलग्नमाथि ठगी मुद्दा चलाउन सिफारिस गरेको थियो । यससम्बन्धी प्रतिवेदन बुझाएको एक वर्ष बित्दा पनि सरकारले कुनै कारबाही अघि बढाएको छैन । यद्यपि, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले यस विषयमा थप छानबिन भइरहेको जनाएको छ ।

किनबेचसमेत भइसकेको १६ जनाको ४२ बिघाको केही कित्तामा थप अनुसन्धान गर्नुपर्ने देखिएकाले समिति बनाएर छानबिन थालिएको मन्त्रालयका सचिव टेकनारायण पाण्डेले बताए । छानबिन टोली सर्दु जलाधार क्षेत्र जाने तयारीमा छ ।

यसरी हत्याइएको थियो जग्गा

धरानवासीले तत्कालीन राजा वीरेन्द्र शाहलाई खानेपानीको स्रोतका रूपमा रहेको सर्दु जलाधार क्षेत्रको बस्ती हटाउन बिन्ती बिसाएपछि अन्यत्र स्थानान्तरण गरिएको थियो । दुई सय नौ परिवारलाई मोरङको बेलबारी र हसनदहमा सट्टाभर्ना गरियो । सरकारले सर्दुलाई ०३२ मा जलाधार क्षेत्र घोषणा गरेको थियो ।

'सट्टाभर्ना गरिसकेपछि सरकारले सर्दु जलाधारको लगतकट्टा गर्नुपर्थ्यो । तर, लगतकट्टा नै नभएको रहेछ,' जाँचबुझ आयोगका एक पदाधिकारीले भने, 'मालपोतले पोत पनि बुझिदिएको रहेछ ।' धरान-धनकुटा सडक निर्माणसँगै सर्दुको जग्गा पनि किनबेच गर्न खोजिएपछि मालपोतले बल्ल ०५८/५९ मा किनबेच रोक्का गरेको थियो ।

मालपोतको रोक्काको निर्णयविरुद्ध एक व्यक्ति सर्वोच्च अदालत पुगेपछि ०५९ मा फुकुवा भयो । त्यही आधारमा थप १५ जना सर्वोच्च पुगेर ०६९ मा फुकुवा गरियो । 'त्यतिखेर सरकारी पक्षबाट राम्रोसँग प्रतिवाद भएन वा सर्वोच्चलाई यथार्थ देखाइएन,' आयोगका ती पदाधिकारीले भने, 'यही गल्तीका आधारमा सट्टा भर्नामा बसेकाले दोहोरो जग्गा कमाए ।'

आयोगले १५ जनाको जग्गाको स्रेस्ता भिडाउँदा दोहोरो जग्गा फेला परेको थियो । तर, तत्कालीन अवस्थामा दुई सय नौ परिवारलाई स्थानान्तरण गरिएकामा बाँकीको स्रेस्ता भेटिएको छैन । भूमि मन्त्रालयका सचिव पाण्डले छानबिन समितिले स्रेस्ता भिडाउने कामसमेत गर्ने बताए ।

आयोगले दोहोरो फाइदा लिने र दूषित काममा मिलेमतो गर्ने अधिकारीमाथि थप छानबिन गर्न, भ्रष्टाचार तथा ठगी मुद्दा चलाउन ०७६ मंसिरमा सिफारिस गरेको थियो । तीन सय ४८ बिघा सरकारी, सार्वजनिक एवं गुठी जग्गा व्यक्तिको नाममा गएको भन्दै आयोगले ०७६ मंसिरमा १० वटा प्रतिवेदन बुझाएको थियो । र, त्यही वर्षको ६ माघको मन्त्रिपरिषद् बैठकले आयोगको प्रतिवेदन कार्यान्वयन गरेर चार सय ७० बिघा जग्गा फिर्ता ल्याउने निर्णय गरेको थियो । 'सट्टाभर्ना गरिएकाहरू फेरि किन सर्दुमै फर्किए, सट्टाभर्ना पाएको जग्गा कहाँ कति थियो ? यसबारे अध्ययन हुन्छ,' सचिव पाण्डेले भने । व्यक्तिका नाममा पुगेको सरकारी, सार्वजनिक र गुठी जग्गा फिर्ता ल्याउन प्रक्रिया अगाडि बढेको भूमि मन्त्रालयले जानकारी दिएको छ ।

सरकारी जग्गा फिर्ता ल्याउने प्रक्रिया अघि बढेको छ

व्यक्तिका नाममा पुगेको सरकारी, सार्वजनिक र गुठी जग्गा फिर्ता ल्याउन प्रक्रिया अगाडि बढेको छ । सट्टाभर्ना गरिएकाहरू फेरि किन सर्दु जलाधार क्षेत्रमै फर्किए, सट्टाभर्ना पाएको जग्गा कहाँ कति थियो ? यसबारे अध्ययन हुन्छ । पछिल्ला प्रतिवेदन मन्त्रालयमा आएका छन् । अध्ययन गरेर क्रमशः मन्त्रिपरिषद्मा लगिनेछ ।

● **टेकनारायण पाण्डे**
सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

३३ प्रतिवेदनमाथि कारबाही प्रक्रिया अघि बढेन

आयोगले २१ जिल्लामा आठ हजार एक सय ९० रोपनी सरकारी, सार्वजनिक र गुठी जग्गा व्यक्तिका नाममा पुगेको निष्कर्षसहित प्रतिवेदन सरकारलाई बुझाइसकेको छ । आयोगले प्रधानमन्त्री केपी ओलीलाई २८ माघमा २३ वटा प्रतिवेदन बुझाए पनि मन्त्रिपरिषद्बाट कुनै निर्णय भएको छैन । त्यसअघि बुझाएका १० प्रतिवेदनमाथि भने सरकारले कारबाही थालेको जनाएको छ ।

'पछिल्ला प्रतिवेदन मन्त्रालयमा आएका छन् । अध्ययन गरेर क्रमशः मन्त्रिपरिषद्मा लगिनेछ,' सचिव पाण्डेले भने । व्यक्तिका नाममा पुगेको सबैभन्दा बढी सरकारी जग्गा छ । पाँच हजार चार सय ५५ रोपनी सरकारी, दुई हजार ६ सय रोपनी गुठी र एक सय २६ रोपनी सार्वजनिक जग्गा विभिन्न मितिमा व्यक्तिका नाममा लगिएका छन् ।

अछामको वैजनाथ गुठीको ६ सय ६२, हलेसी गुठीको एक सय ४३ रोपनी, बागेश्वरी गुठीको ८४ बिघा, नेपाल पुनर्वास कम्पनी बाँकेको १७ बिघा, लक्ष्मीनारायण मन्दिर गुठीको काठमाडौं बबरमहलनजिकको तीन रोपनी ६ आना र सोही गुठीको लक्ष्मीनारायण मठ रूपन्देहीको तीन कट्ठा पाँच धुर जग्गा व्यक्तिले हिनामिना गरेको आयोगको ठहर छ ।

ललितानिवासको जग्गा प्रकरण सार्वजनिक भएपछि सरकारले ६ जेठ ०७६ मा विशेष अदालतका पूर्वअध्यक्ष मोहनरमण भट्टराईको अध्यक्षतामा सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षणसम्बन्धी पाँच सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो । 'व्यक्तिको नाममा गएको जग्गा बदर गरेर दोषीमाथि कारबाही गर्न सिफारिस गरेका छौं,' आयोगका अध्यक्ष भट्टराईले भने, 'छानबिन नभ्याएका उजुरी पनि सरकारलाई बुझाएका छौं ।' आयोगले कर्णाली प्रदेशबाहेक २१ जिल्लाबाट आएका उजुरीमाथि छानबिन गरेको थियो ।

आयोगको प्रतिवेदन कार्यान्वयनका लागि सरकारले चासो दिएको छैन । कतिपय जग्गामा संलग्नहरू उच्चपदस्थ व्यक्ति भएकाले पनि सरकारले यसमा चासो नदिएको हुन सक्ने आयोगका एक अधिकारीले बताए ।

उद्घाटन नहुँदै आठ करोड लगानीको फर्निचर उद्योग आगोले नष्ट

फर्निचर तथा कच्चा पदार्थ जलिरहँदा धनगढीको आकाश कालो मुस्लोले ढाकियो, साढे दुई घन्टापछि नियन्त्रणमा

तेजराज भट्ट/नयाँ पत्रिका
धनगढी, २२ फागुन

धनगढी चटकपुरस्थित धनगढी-अत्तरिया ६ लेन सडकको छेउमा हालै स्थापना भएको फर्निचरको ठूलो उद्योग र सोरुममा भीषण आगलागी भएको छ । आगलागीबाट आलोक मल्टी ट्रेड कन्सर्न प्रालिले स्थापना गरेको सोरुम र उद्योगभित्रका सबै सामान जलेर नष्ट भएका छन् ।

आगलागीबाट करिब आठ करोड रुपैयाँबराबरको क्षति भएको सञ्चालकले बताएका छन् । मध्याह्न सवा १२ बजेतिर भएको आगलागी करिब साढे दुई घन्टापछि नियन्त्रणमा आएको थियो । आगलागीको कारण खुल्न नसकेको जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी नायब उपरीक्षक प्रतीक विष्टले बताए । विद्युत् सर्ट भएर आगलागी भएको हुन सक्ने उनको भनाइ छ ।

आगोको लप्काले आलोक उद्योग र सोरुमभित्रका फर्निचर तथा कच्चा पदार्थ जलाइरहँदा धनगढीको आकाश कालो मुस्लोले ढाकिएको थियो । हालै स्थापना भएको उद्योग र सोरुम उद्घाटन नहुँदै आगलागीले खरानी बनेको हो । सुदूरपश्चिमका नौवटै जिल्लामा अत्याधुनिक र सुविधायुक्त फर्निचरसम्बन्धी सेवा प्रदान गर्ने उद्देश्यले भोजराज भट्ट र पदम भण्डारीले मिलेर यसको सुरुवात गरेका थिए ।

उद्योगको केही दिनमा उद्घाटन गर्ने तयारी रहे पनि नसोचेको घटना भएको सञ्चालक भण्डारीले बताए । उद्घाटनअघि आवश्यक फर्निचर तथा सामग्री लिन अर्का सञ्चालक भट्ट दिल्ली गएका छन् । 'नयाँ भएकाले सामान पनि धेरै राखेका थियौं । उद्घाटनका वेला ग्राहकलाई छुट दिने भनेर पनि सामान धेरै ल्याएका थियौं । ८-१० दिनमा उद्घाटन गर्ने तयारी थियो,' भण्डारीले भने, 'नसोचेको घटना भयो । सबै जलेर नष्ट भए ।' माथिल्लो तलामा रहेको फमबाट आगो सल्किएको उनले बताए । फममा पेट्रोलमा जस्तै एकैपटक आगो फैलिएकाले सामान जोगाउन नसकिएको भण्डारीको भनाइ छ । विद्युत् सट भएको हुन सक्ने उनको अनुमान छ । ६ कट्ठा क्षेत्रमा अगाडि सडकतिर सोरुम र पछाडि उद्योग थियो । जग्गा लिजमा लिएर सोरुमको स्थापना गरिएको हो । यो सुदूरपश्चिमकै सबैभन्दा ठूलो फर्निचर तथा फर्निसिङ सेन्टर थियो । जहाँ पाँचतारे होटेलमा उपलब्ध हुने सकरसहितको बेडसमेत उपलब्ध थिए ।

दमकल समयमै नपुग्दा बढी क्षति

धनगढी, गोदावरी, पुनर्वास नगरपालिकाका तीनवटा दमकल, नेपाल आयल निगमको पानीको पाइप, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीय बासिन्दाको प्रयासले आगो नियन्त्रणमा आएको थियो । आगलागी सुरु हुनेबित्तिकै धनगढी उपमहानगरपालिकाको दमकललाई खबर गरिए पनि समयमै नपुगेको उद्योगका कर्मचारीले बताएका छन् । खबर गरेको करिब एक घन्टापछि मात्र उपमहानगरको दमकल आएको उनीहरूको भनाइ छ । 'समयमै दमकल आइदिएको भए मेसिनरी सामान जोगाउन सकिन्थ्यो,' त्यहाँ कार्यरत आरिफ अहमद रायले भने, 'खबर गऱ्यौं, तर ढिलो आयो ।' आगलागीस्थलबाट धनगढी उपमहानगरपालिका करिब साढे दुई किलोमिटरको दूरीमा पर्छ । ढिलो गरी पुगेको दमकल पनि पानी नलिएरै आएको स्थानीयले बताएका छन् । थोरै पानी लिएर पुगेको दमकल पुनः पानी लिन गएको थियो ।

ललितपुर महानगरलाई टेर्दैनन् ठूला करदाता

मालपोत, घरजग्गा तथा व्यवसाय करमा भारी छुटको अवसर दिंदा पनि ठूला करदाताबाट करिब २२ करोड कर उठाउन बाँकी

शान्ति तामाङ/नयाँ पत्रिका
काठमाडौं, २२ फागुन

ललितपुर महानगरपालिकाको जग्गा भाडामा लिएर पेसा, व्यवसाय सञ्चालन गर्दै आएका दर्जनभन्दा बढी ठूला करदाताले अझै कर बुझाएका छैनन् । पटक-पटक कर तिर्ने वातावरण बनाइदिंदा पनि ठूला करदातालाई करको दायरामा ल्याउन महानगरलाई सकस हम्मेहम्मे परेको छ ।

ठूला करदातालाई करको दायरामा ल्याउन महानगरले राजस्व अनुगमन समिति नै बनाएको थियो । तर, अहिलेसम्म पनि ठूला करदाता करको दायरामा नआउँदा समिति नै मिलेमतोमा लागेको हो कि भन्ने आशंका उब्जिएको महानगर स्रोत बताउँछ । तर, समिति संयोजक रवीन्द्र महर्जन भने करदाताहरू कर तिर्न आउन थालेको बताउँछन् । 'बिस्तारै-बिस्तारै करदाताहरू करको दायरामा आउन थाल्नुभएको छ । तर, ठूला करदातालाई करको दायरामा ल्याउन अलि गाह्रो भइरहेको छ,' संयोजक महर्जनले भने ।

महानगरले ठूला करदातालाई कर तिर्न सहज वातावरण बनाउन भन्दै 'कर वर्ष, २०७४' घोषणा गरेको थियो । आर्थिक वर्ष ०७४/७५ भरि नै मालपोत, घरजग्गा तथा व्यवसाय करमा भारी छुटको व्यवस्था गरेको थियो । सोहीअनुसार मालपोत, घरजग्गा तथा व्यवसाय करको जम्मा बक्यौता रकममा १० प्रतिशत छुट गरिएको र विगतका वर्षहरूको बाँकी बक्यौतामा नियमानुसार लाग्ने जरिवाना शतप्रतिशत छुट व्यवस्था गरेको थियो । छुट घोषणा गरेको तीन वर्ष पूरा हुँदा पनि अझै करको दायरामा आउन सकेका छैनन् । जसकारण महानगरले करबापतको करोडौंको नोक्सानी व्यहोर्नुपरेको छ । महानगरपालिकाकाअनुसार ठूला करदाताबाट २१ करोड रुपैयाँभन्दा बढी उठाउन बाँकी छ । मल, विद्यालय, क्याम्पस, डिपार्टमेन्ट स्टोर, सरकारी कार्यालय, विभिन्न संघसंस्थाले महानगरलाई ३० लाखदेखि १० करोड रुपैयाँसम्म कर बुझाउन बाँकी छ ।

कसले कति तिर्न बाँकी ?

- सञ्चयकोष भवन, लगनखेल- १० करोड
- लबिम मल, पुल्चोक- ६ करोड
- सहकारी विकास बोर्ड, हरिहरभवन- करिब दुई करोड
- सेल्सबेरी डिपार्टमेन्ट स्टोर, सातदोबाटो- एक करोड
- डिएभी स्कुल, धोबीघाट- एक करोड
- बाल संगठन, जावलाखेल- एक करोड
- लिटिल एन्जेल्स स्कुल, हात्तीवन-५० लाख
- पुल्चोक इन्जिनियरिङ क्याम्पस- ३० लाख

एक-अर्कोलाई देखाएर पन्छिँदै

पुल्चोकस्थित महानगरपालिका कार्यालयनजिकै रहेको लबिम मलले करिब ६ करोड कर तिर्न बाँकी छ । लबिम मल पाटन संयुक्त क्याम्पसको स्वामित्वमा रहेको जग्गा हो । पाटन क्याम्पसको जग्गा भाडामा लिएर मल सञ्चालनमा आएको छ । यस आधारमा महानगरको मुख्य करदाता क्याम्पस हो । पाटन क्याम्पस र लबिम मल दुवैले एक-अर्कालाई देखाउँदै कर नतिरेको महानगरले जनाएको छ । क्याम्पसले भाडा लिएर हालसम्म तिर्नुपर्ने पाँच करोड कर महानगरलाई नबुझाएको लबिम मल व्यवस्थापन पक्षको दाबी छ ।

सातदोबाटोमा रहेको सेल्सबेरी डिपार्टमेन्ट स्टोरले महानगरलाई तिर्नुपर्ने कर करिब दुई करोड पुगेको छ । डिपार्टमेन्ट स्टोर रहेको जग्गा महेन्द्र आदर्श माध्यमिक विद्यालयको नाममा छ । स्टोरको करिब १० रोपनी जग्गा विद्यालयसँग भाडामा लिएर चलाइरहेको छ ।धोबीघाटमा रहेको डिएभी स्कुलले स्थापनाकालदेखि नै कर तिरेको छैन । स्कुलबाट लिनुपर्ने कर धेरै पुगेको महानगरले जनाएको छ । डिएभी स्कुल कहिलेदेखि स्थापना भएको भन्ने नै जानकारी नभएकाले वास्तविक बक्यौता भन्न नसकिने महानगरले जनाएको छ । डिएभी स्कुलको स्थापनकाल पत्ता लगाउन वडालाई जिम्मा दिइएको छ । स्कुल महानगरको प्रमुख करदाता हो ।

झम्सिखेलमा रहेको ब्रिटिस स्कुलले महानगरपालिकाको जग्गा लिजमा लिएर भवन बनाएको छ । उसले पनि अहिलेसम्म कर तिरेको छैन । महानगरलाई ब्रिटिस स्कुल सञ्चालकको नाम र ठेगानासमेत जानकारीमा नरहेको महानगरले बताएको छ । ब्रिटिस स्कुल सञ्चालक र उसले बुझाउनुपर्ने करबारे तथ्यांक लिने कामजारी छ । महानगरमै रहेको लिटिल एन्जल्स स्कुलले करिब ५० लाख रुपैयाँ कर बुझाउन बाँकी रहेको महानगरले जनाएको छ । जावलाखेलस्थित महानगरपालिकाको जग्गामा बनेको भवनबाट सञ्चालनमा रहेको बाल संगठनले पनि कर तिरेको छैन ।

सरकारी कार्यालय पनि कर तिर्नुपर्ने सूचीमा

लगनखेलस्थित सञ्चयकोष भवन, सहकारी विकास बोर्डले पनि कर तिर्न बाँकी छ । सञ्चयकोषले १० करोड कर बुझाउन बाँकी रहेको महानगरले जनाएको छ । पुल्चोक इन्जिनियरिङ क्याम्पसले पनि महानगरपालिकाकै जग्गा भाडामा लिएर भवन बनाएको छ । उसले तिर्नुपर्ने कर करिब ३० लाख छ । यी ठूला करदातालाई लक्षित गर्दै ललितपुर महानगरले आव ०७४/७५ मा भारी कर तथा जरिवाना छुटको अवसर ल्याएको थियो । तर, त्यो अवसरलाई समेत उनीहरूले सदुपयोग गर्न नसकेको महानगरको भनाइ छ ।

एक वर्षपछि अनुगमन सुरु हुँदै

कोरोना महामारीका कारण रोकिएको महानगरको व्यवसाय र घरबहाल कर अनुगमन कार्य एक वर्षपछि फेरि सुरु हुने भएको छ । महानगरको अनुसार कोरोनाको यो अवधिमा महानगरमा साना तथा ठूला करदाता सम्पर्कमै आएनन् । 'कोरोनाका कारण अनुगमन हुन सकेन ।

यो अवधिमा साना करदाता करको दायरामा आउन थाले पनि ठूला करदाता खासै सम्पर्कमा आएनन् । आगामी चैतदेखि अनुगमन कार्य फेरि सुरु गर्ने भएका छौं,' राजस्व अनुगमन समितिका संयोजक महर्जनले भने, 'ठूला करदातालाई अनुगमनको दायराम ल्याउन समन्वय, छलफल र पत्राचार गरिरहेका छौं । कतिपय सम्पर्कमा आउनुभएको छ भने केहीले अझै आलटाल गरिरहेका छन् । अब हामी सबैलाई करको दायरामा ल्याउँछौं ।' महानगरले १ फागुन ०७४ देखि अनुगमन सुरु गरेको थियो ।



नयाँ पत्रिका
सम्पादकीय

आन्तरिक खपत नै उत्तम विकल्प

नेपाल उद्योग परिसंघले नेपाल सरकार र अन्य सरोकारवालासँग मिलेर देशभर पाँच लाख परिवारको भान्साबाट ग्यास चुलो विस्थापित गरी विद्युतीय चुलो प्रयोग गर्न लगाउने गरी पहल थालेको छ। यसको पहिलो चरणमा पोखराका विभिन्न टोलमा जहाँ-जहाँ ट्रान्सफर्मरले धान्न सक्छ, त्यहाँ-त्यहाँ विद्युतीय चुलो प्रयोगको कार्यक्रम लागू गरिनेछ। पोखरालाई पर्यावरणीय रूपले कम खराब बनाउन र पर्यटकीय गन्तव्यका लागि थप आकर्षित गराउन पनि यो योजनाले सहयोग पुऱ्याउने परिसंघको विश्वास छ। यो नेपालको विद्युत् खपतको परम्परागत प्रणालीभन्दा भिन्न योजना हो। यस्तो योजना लागू भयो भने आन्तरिक विद्युत् खपतमा थप पाँच सय मेगावाटको माग थपिने दाबी पनि गरिएको छ।

नेपालले आफ्नो आर्थिक विकास र उन्नतिका आधारमध्ये जलविद्युत्लाई एउटा बलियो खम्बाका रूपमा हेरेको छ। अहिलेसम्म आन्तरिक खपतका लागि आवश्यक पर्ने विद्युत्मा आत्मनिर्भर हुन नसकेको नेपालले वर्षायाममा मागभन्दा बढी विद्युत् उत्पादन गर्ने गरेको छ। त्यसबाट केही मात्रा भारतीय बजारमा बिक्री गर्ने गरिएको छ, तर हिँउदमा अहिले पनि भारतीय विद्युत्मा भर पर्नुपर्ने बाध्यता छ। अहिले पनि कुल आयातको तुलनामा विद्युत्को कुल निर्यात नगण्य नै छ। यसबाट नेपालको पैसा बिदेसिएको त छ नै, आन्तरिक स्रोत पनि खेर गइरहेको छ। पछिल्लो समय थर्पिंदै गएको विद्युत् उत्पादनका कारण अहिलेको जस्तै दरमा विद्युत् माग बढ्ने हो भने केही वर्षमै नेपालले सबै मौसममा विद्युत्को उत्पादन मागभन्दा बढी हुने अवस्थाको सामना गर्नेछ।

> औद्योगिक क्षेत्रले खपत गर्ने विद्युत्को माग बढाउन सकियो भने नेपालले विद्युत् निकासका लागि बाह्य बजारमा निर्भर हुनैपर्ने बाध्यताको अन्त्य पनि हुन सक्छ

आउने महिनाबाट परीक्षण उत्पादन सुरु हुन लागेको तामाकोसी आयोजनालगायत निजी क्षेत्रका कैयन् योजना सम्पन्न हुने क्रममा लागेकाले पनि विद्युत्को उत्पादन अहिलेको मागभन्दा बढी हुने देखिन्छ। यसरी बढी भएको विद्युत् के गर्ने भन्ने सम्बन्धमा अहिलेसम्म पनि नेपालमा प्रभावशाली रहेको विचार भनेको विद्युत् निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्ने भन्ने नै हो। यसका लागि भारत र बंगलादेश मुख्य बजारका रूपमा देखिएका छन्। बंगलादेश यसमा इच्छुक देखिए पनि भारत भएर लानुपर्ने विद्युत् प्रसारण लाइनको सम्भावनाबारे त्रिदेशीय सहमतिको खाका तयार नपारी त्यसो गर्न पनि कठिन हुने निश्चित छ। उता भारत नेपालको विद्युत् उत्पादन र खपतमा भारतीय सरकारी या निजी उत्पादकलाई प्रोत्साहन दिने नीतिमै अडिएको छ। अरुण तेस्रोबाट उसले यसको अभ्यास पनि थाल्नेछ।

भारतीयले नै उत्पादन गरेको विद्युत्बाहेक नेपालको सरकारी या निजी क्षेत्रले उत्पादन गरेको विद्युत् भारतले खरिद गर्ने विषयलाई उसले अझै सुनिश्चित गरेको छैन। यसमा खासगरी विद्युत्को उत्पादन लागत र भारतले खरिद गर्न चाहेको मूल्यबीच रहेको अन्तर मुख्य बाधाका रूपमा रहेको देखिन्छ। यी यावत् अवस्थामा नेपालले जोड दिनुपर्ने भनेको नेपालको आन्तरिक खपत बढाउन आवश्यक कदम चाल्नु नै हो। यसमा घरायसी उपभोगले उल्लेख्य सहयोग त नगर्ला, तर मानिसको उपभोगको बानीमा आइरहेको परिवर्तनलाई हेरेर प्रोत्साहनमुखी नीति लिइयो र ग्यासलगायत इन्धनका अरू साधनलाई विस्थापन गर्न नीतिगत र व्यावहारिक उपाय अपनाइयो भने यसले वर्तमान मागको प्रवृत्तिमा सकारात्मक हस्तक्षेप गर्नेछ। यसैगरी, औद्योगिक क्षेत्रले खपत गर्ने विद्युत्को माग बढाउन सकियो भने नेपालले विद्युत् निकासका लागि बाह्य बजारमा निर्भर हुनैपर्ने बाध्यताको अन्त्य पनि हुन सक्छ।

नागरिक आन्दोलनले संकट चिर्न सक्छ

सर्वोच्चको फैसलापछि ओलीको प्रतिगमनकारी कदम त परास्त भएको छ, तर देश राजनीतिक संकटबाट मुक्त भएको छैन

अग्रलेख

● चन्द्रदेव जोशी

सर्वोच्च अदालतले प्रधानमन्त्री केपी ओलीले लादेको कालरात्रिबाट देशलाई बाहिर निकालेको छ। यो देश र जनताको हितमा प्रशंसनीय मात्र होइन, ऐतिहासिक काम हो। यसबाट न्यायिक इजलासले देश र जनताप्रतिको आफ्नो दायित्व पूरा गरेको छ। अब देश र समाजलाई प्रजातान्त्रिक परिपाटी र संविधान निर्दिष्ट बाटोमा अग्रसर गराउने दायित्व राजनीतिक पार्टीको हो। तर, राजनीतिक पार्टीका दाउपेच, प्रधानमन्त्रीको अनैतिक अडान, निर्वाचन आयोगको व्यवहार, सांसदहरूको किनबेचका प्रयास, प्रतिशोध लिन अपवित्र गठबन्ध र बाह्य शक्तिकेन्द्रसँग साँठगाँठका प्रयास, नेताहरूका विगत क्रियाकलाप र चरित्र हेर्दा यिनले देशलाई सहज राजनीतिक निकास दिनेछन् भन्नेमा विश्वस्त हुने अवस्था छैन। यस अवस्थामा देशलाई अर्को सम्भावित दुर्घटनाबाट जोगाउन र गणतन्त्र, संघीयता, समावेशिता, जातीय र क्षेत्रीय सद्भाव तथा समानता, सहजीवनका लागि पहरेदारी गर्न आमनागरिकलाई सजग र संगठित गर्नुपर्ने दायित्व नागरिक समाजको काँधमा आएको छ।

ओलीको प्रतिगमनविरुद्ध नागरिक आन्दोलनले अहं भूमिका निर्वाह गरेको छ। सर्वोच्चको फैसलापछि पनि देशलाई राजनीतिक र कानुनी संघर्षतिर धकेली आफ्नो स्वार्थ पूरा गर्ने जुन प्रयास भइरहेका छन्, त्यसविरुद्ध जनपरिचालनको नयाँ कार्यभार थपिएको छ। नागरिक आन्दोलनले राजनीति गऱ्यो वा गर्दै छ भन्ने आलोचना गर्नेहरू पनि नभएका होइनन्। तर, त्यो नागरिक आन्दोलन र राजनीतिबीचका अन्तरसम्बन्धप्रतिको अनभिज्ञता हो। नागरिक आन्दोलन देशको राजनीतिभन्दा बाहिर निरपेक्ष आन्दोलन होइन र हुन सक्दैन। बल्कि यसको जन्म नै राजनीतिक शुद्धता र आर्थिक सामाजिक बेथितिलाई समाप्त गरी देशमा सुशासन कायम गर्न जनस्तरबाटै सत्ताधारीमाथि दबाब सिर्जना गर्नु हो। यसले उठाएका नाराहरू कुनै खास अवस्थामा कुनै पार्टी विशेषका नारासँग मिल्न सक्छन्, तर त्यसको अर्थ यस आन्दोलनले त्यस पार्टीको राजनीति बोक्यो भन्ने कदापि हुँदैन। नागरिक समाजको आन्दोलन सजग र सचेत नागरिकको राजनीतिक आन्दोलन हो र राजनीतिक बेथितिप्रति सजग र वाचाल रहनु यसको काम हो।

प्रधानमन्त्रीद्वारा नै प्रतिक्रान्तिको प्रयास गर्दा विद्यमान आर्थिक, सामाजिक तथा वैचारिक अन्तरद्वन्द्वका विविध पक्ष मुखरित भएका छन्। अर्कोतर्फ सत्तापक्षद्वारा आफ्नो सत्तास्वार्थ पूरा गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिक्रियावादी समूहसँग गरेको साँठगाँठका डरलाग्दा पक्ष सबैका सामु छर्लंग भएका छन्। यो देशको भावी राजनीतिक विकासका लागि अनिष्टकारी प्रवृत्ति हो। राजनीतिमा सक्रिय प्रत्येक कम्युनिस्ट, प्रजातन्त्रवादी तथा नागरिक समाज राजनीतिक शुद्धीकरणका लागि एकजुट हुनुपर्ने समय आएको छ।

सर्वोच्चको फैसलापश्चात् देशको राजनीति अनिश्चितताको दिशातर्फ मोडिएको छ। सत्तासीन कम्युनिस्ट पार्टी छिन्नभिन्न र दिशाविहीन अन्तरसंघर्षमा छ। नेपाली कांग्रेस आन्तरिक संघर्षमा मात्र होइन, निर्णायक मोडमा अनिर्णय र दिशाविहीन भएको छ। अहिले तलदेखि माथिसम्म यस पार्टीको नेतृत्व, बिपीका शब्दमा भन्ने हो भने 'सुकिलामुकिलाहरूको' कब्जामा छ। कम्युनिस्टले मार्क्सवादी चिन्तन र व्यवहार बिर्से जस्तै कांग्रेस नेतृत्वले पनि प्रजातान्त्रिक समाजवादलाई धेरै पछाडि छाडिसकेको छ। राजनीतिलाई व्यापार, सत्ता र सम्पत्ति आर्जनको माध्यम बनाउनु नै यसको मूल चरित्र बनेको छ।

कम्युनिस्ट पार्टीको छिन्नभिन्न अवस्था र आममतदातामा बढ्दो वितृष्णाले गर्दा बाहुबल, धनबल, राजनीतिक सौदेबाजी तथा विदेशी शक्तिकेन्द्रको आडबलमा यसले अगामी निर्वाचनमा केही सफलता प्राप्त गर्न सक्छ। तर, वर्तमान चरित्र रहेसम्म यसले देशलाई प्रजातान्त्रिक समाजवादको दिशामा डोऱ्याउन सक्दैन। जसपा नेतृत्वको ठूलो हिस्सा आफ्नो संकीर्ण क्षेत्रीयतावादी सोच र भारतपरस्ततबाट मुक्त हुन सकेको छैन। प्रधानमन्त्री ओलीले सम्पूर्ण राजनीतिक नैतिकता तथा संवैधानिक मान्यताका सीमा नाघिसकेका छन्। सर्वोच्चको फैसलापछि ओलीको प्रतिगमनकारी कदम त परास्त भएको छ, तर देश राजनीतिक संकटबाट मुक्त भएको छैन। ओलीको हातमा नयाँ संकट निम्त्याउने धेरै तुरुप बाँकी छन्।

अहिले संसद् पुनर्स्थापित भएको छ। अबको राजनीतिक गतिविधि मुख्य रूपमा संसद्को वरिपरि क्रियाशील रहनेछ। यी घटनाक्रम संसदीय परिपाटीका मूल्य-मान्यता, संवैधानिक प्रावधान र नियम-कानुनले नियमन गरेका परिपाटीअनुसार चल्नेछन्। र, पार्टीहरूले आफ्नो नैतिकता गुमाएनन् भने देशले राजनीतिक

> नागरिक आन्दोलन देशको राजनीतिभन्दा बाहिर निरपेक्ष आन्दोलन होइन र हुन सक्दैन। बल्कि यसको जन्म नै राजनीतिक शुद्धता र आर्थिक-सामाजिक बेथितिलाई समाप्त गरी देशमा सुशासन कायम गर्न जनस्तरबाटै सत्ताधारीमाथि दबाब सिर्जना गर्नु हो। अर्थात् नागरिक समाजको आन्दोलन सजग र सचेत नागरिकहरूको राजनीतिक आन्दोलन हो।

निकासको नयाँ दिशा लिनेछ, अन्यथा देशले नयाँ अराजकताका दुर्दिन व्यहोर्नु पर्नेछ। यस्तै संकटको अवस्थामा समाजले नयाँ नेतृत्व पनि जन्माउने गर्छ। अहिले देशले नयाँ र सबल नेतृत्वको माग गरेको छ। यसको परिपूर्ति पुराना थेत्तरलाई धोई-पखाली गरेर होइन, सचेत, गतिशील तथा देश र जनताप्रति समर्पित युवाशक्तिबाट मात्र हुन सक्छ। यो इतिहासले सिकाएको पाठ हो।

समष्टिमा भन्दा अहिले संघीय लोकतान्त्रिक खेमा जनआस्था प्राप्त सबल राजनीतिक नेतृत्वविहीनताको अवस्थामा छ। शून्यतामा देश रहन सक्दैन। कम्युनिस्ट पार्टीहरू, कांग्रेस, जसपा, नागरिक समाज, जनवर्गीय संगठन आदिमा रहेका सम्पूर्ण लोकतन्त्रवादीहरूले संकीर्ण स्वार्थभन्दा माथि उठेर यो शून्यतालाई चिर्न प्रयास गरेननू भने यसको फाइदा प्रतिक्रान्तिकारी शक्तिले लिने निश्चित छ। साथै अहिलेसम्मका उपलब्धि पनि गुम्न सक्ने खतरा हाम्रा सामु सलबलाइरहेको छ।

पछिल्लो घटनाबाट सबभन्दा ठूलो पाठ कम्युनिस्टले सिक्नु पर्नेछ। सोभियत संघको पतनपछि उत्पन्न प्रतिकूल अवस्थामा अविकसित तथा अल्पविकसित देशका लागि राष्ट्रिय सार्वभौमिकताको संरक्षण, व्यापक अर्थमा जनवादको विस्तार र आत्मनिर्भर अर्थतन्त्र विकासको प्रश्न कम्युनिस्टका लागि चुनौतीका रूपमा रहे। अहिले नवउदारवादी युगमा यो झन् बढ्ता चुनौतीपूर्ण बनेको छ। तर, पटक-पटक सत्तामा पुगेका र पछिल्लो समय तीन वर्ष एकलौटी सरकारको नेतृत्व गरेका नेपाली कम्युनिस्टले यसप्रति खासै कुनै चासो देखाएनन्।

विगतमा कम्युनिस्ट पार्टीले क्रान्तिबाट सत्ता प्राप्त गरी समाजवादतर्फ अघि बढेका, मतदानको माध्यमबाट वामपन्थी सरकार निर्माण गरेका तथा त्यस क्रममा भएका साम्राज्यवादी आक्रमणलाई परास्त गरेका धेरै सन्दर्भ छन्। तर, यहाँ बलियो जनसमर्थनसहित सत्ता प्राप्त गर्दा पनि काम गर्न नसकेको यथार्थ हाम्रा सामु छ। दुर्भाग्य नेतृत्वमा देखिएको सर्वसत्तावादी चरित्र र महत्वाकांक्षाबाट अवस्था उलटफेर हुन पुगेको छ। सत्तारूढ कम्युनिस्ट पार्टीको दुःखान्त अवसान भएको छ र कम्युनिस्ट सत्ता पतन हुने क्रममा छ। कम्युनिस्ट आन्दोलनभित्रको यो घातक प्रवृत्तिलाई परास्त गरी नयाँ जगबाट कम्युनिस्ट आन्दोलनलाई संगठित गर्नु आजको चुनौती हो। नयाँ पिँढीले यसलाई आत्मसात् गर्नुपर्छ। २१औँ शताब्दीमा मतदानको माध्यमबाट सत्तामा पुगेको कम्युनिस्ट पार्टी आन्तरिक कलहले पतनोन्मुख भएको परिघटना नेपालका लागि मात्र होइन, विश्व कम्युनिस्ट आन्दोलनका लागि पनि पाठ हो। यस घटनालाई नेपालका मार्क्सवादीले 'आयाराम गयाराम'को रूपमा हेर्ने गल्ती गर्नुहुँदैन। बल्कि यसलाई २१औँ शताब्दीमा मार्क्सवादी तथा समाजवादी शिक्षाका रूपमा लिनुपर्ने हुन्छ।

संसद्का गतिविधिले जुन दिशा लिए पनि एउटा कुरा निश्चित छ कि यो देशमा कम्युनिस्ट आन्दोलन र भर्खर छिन्नभिन्न भएको सत्ताधारी पार्टी पुरानो रूपमा फर्कन सक्नेछैन। वर्तमान नेतृत्व कामय रहेसम्म यसले पुरानै जनआस्था प्राप्त गर्न सक्ने अवस्था छैन। जनताको नजरमा हालसम्म धुलिसात नभएका कम्युनिस्टले यस विषयमा समयमै ध्यान पुऱ्याउनु जरुरी छ। विगत नेतृत्वको आचरण, चिन्तन, संस्कार, व्यवहार र बोली-वचनसँग नाता नतोडेसम्म उनको किताबी ज्ञान र भाषणले अवस्था परिवर्तन हुन सक्दैन।

नयाँ पहलकदमीविना नेपालको कम्युनिस्ट आन्दोलनलाई सही बाटोमा ल्याउन सकिँदैन। अर्कोतर्फ, यस घटनाले नेपालका विभिन्न नाम, थर, गोत्रधारी कम्युनिस्टले एकचोटि आफ्नै इतिहासतिर फर्केर अवलोकल गर्नुपर्ने भएको छ। सामान्य बोलीचालीको भाषामा भन्ने हो भने मार्क्सवादी शिक्षाको सार समाजबाट शोषण र विभेदको समूल नष्ट गरी समतामूलक न्यायिक समाजको निर्माण गर्नु नै हो। जहाँ प्रत्येकलाई आफ्नो योग्यता तथा क्षमताअनुसारको काम, दाम र माम उपलब्ध हुन्छ। श्रम गर्नु व्यक्तिको बाध्यता होइन, उसको जीवन, संस्कार, सामाजिक उत्तरदायित्व हो। यो नै मार्क्सले प्रतिपादन गरेको समाजवादको सार हो।

आजको अवस्थामा विशेषगरी हाम्रो सन्दर्भमा, यो अवस्था कसरी प्राप्त गर्ने ? लेनिनका शब्दमा यस प्रश्नको सम्यक समाधानको बाटो खोज्नु प्रत्येक मार्क्सवादीको काम हो। आज यही प्रश्न समयले नेपालका कम्युनिस्टहरूका अगाडि उभ्याइदिएको छ। यसको सम्यक उत्तर र भावि बाटोको नुस्खा न त मार्क्सका ठेलीमा लेखिएको छ, न माओको रातो किताबमा। यो समस्याको समाधान हामी आफैले हाम्रो मार्क्सवादी चेतनामा उभिएर खोज्नु पर्नेछ। यसका लागि सर्वप्रथम आफ्नो चिन्तन, संस्कार, मानसिकता तथा व्यवहारमा आमूल परिवर्तनको आवश्यकता छ।

प्रतिबन्धले म्यानमारको रक्तपात अन्त्य गर्नेछैन

एसियाली देशहरू भने 'कु'प्रति तुलनात्मक शान्त देखिन्छन्, केहीले मेलमिलापलाई जोड दिइरहेका छन्

देश/विदेश

● जेया थु

फेब्रुअरी १ मा म्यानमारको सेनाले कु गऱ्यो। यस राजनीतिक विकासक्रमले अन्तर्राष्ट्रिय जगत्को ध्यान तान्यो। कुपछि सेनाले देशकी शक्तिशाली नेता आङ सान सुकी र उनको नेसनल लिग फर डेमोक्रेसी(एनएलडी) का कैयौँ नेतालाई नियन्त्रणमा राखेको छ। कु हुने दिन देशको नयाँ संसद्को बैठक बस्ने कार्यतालिका थियो। सैन्य कुको विरोधमा म्यानमारमा ठूलो प्रतिरोध भइरहेको छ। निजामती कर्मचारीसमेत कुको विरोधमा भद्र अवज्ञामा उत्रिएका छन्। नागरिक प्रतिरोधको स्तर हेर्दा म्यानमारका नागरिक विगतको सैन्य शासनका अँध्यारो दिनमा फर्किन अनिच्छुक रहेको मान्न सकिन्छ। सुरुमा 'पर्खा र हेर' रणनीति अपनाएको प्रहरीले अन्ततः प्रदर्शनकारीमाथि हिंसात्मक धरपकड सुरु गरेको छ।

दिनदिनै प्रहरी हिंसा बढिरहेको छ। १८ प्रदर्शनकारी मारिएको फेब्रुअरी २८ को दिन म पनि यांगुनबाट प्रदर्शनको समाचार संकलन गरिरहेको थिएँ। प्रहरीले फायरिङ सुरु गरेपछि अरूजस्तै म पनि भागेँ। मभन्दा दश फिटको दूरीमा रहेका एक व्यक्ति गोली लागेर ढले। गोली मलाई पनि लाग्न सक्थ्यो।

अहिले हजारौँ प्रदर्शनकारी देशको सबैभन्दा ठूलो सहर यांगुन र राजधानी नेपिडमा रहेका विदेशी दूतावास र संयुक्त राष्ट्र संघीय एजेन्सीबाहिर भेला भएर अन्तर्राष्ट्रिय सहयोगको अपिल गरिरहेका छन्। केहीले 'संयुक्त राष्ट्र संघले कारबाही गर्न कति मानिस मर्नुपर्छ ?' लेखिएको प्लेकार्ड बोकेको देखिन्छ। प्रदर्शनकारीहरू ज्यानको पर्वाह नगरी अन्तर्राष्ट्रिय समुदायलाई हस्तक्षेपका लागि दबाब दिइरहेका छन्। अहिलेको अवस्थामा म्यानमारमाथिको सैन्य हस्तक्षेपको सम्भावना देखिँदैन। यस्तोमा अन्तर्राष्ट्रिय समुदायले के गर्नुपर्छ ?

म्यानमार चीन, भारत र आसियानजस्ता देशको बीचमा रहेको छ। उनीहरू म्यानमारका प्रमुख व्यापार सहयात्री र लगानीकर्ता हुन्। लाखौँ संख्यामा म्यानमारका श्रमिक ती देशमा रोजगारी गर्छन्। यी देशका अतिरिक्त जापानले पनि म्यानमारको सेनामाथि दबाब राख्न सक्छ। म्यानमारमाथि कुनै प्रकारको अन्तर्राष्ट्रिय दबाब दिने हो भने यी देशसँग सहकार्य नगरी सुख छैन। पश्चिमी देशले पनि महत्वपूर्ण भूमिका निभाउन सक्छन्।

म्यानमारको सैन्य कुको प्रमुख आलोचक पश्चिमी राष्ट्र देखिन्छन्। एसियाली देशहरू भने कुप्रति तुलनात्मक शान्त देखिन्छन्, केहीले मेलमिलापलाई जोड दिइरहेका छन्। म्यानमारमा एसियाली मुलुकको धेरै कुरा दाउमा रहेकाले उनीहरू परिस्थिति नियन्त्रणबाहिर नजाओस् भन्ने चाहन्छन्। तर, पश्चिमले भने कुलगत्तै सेनाका जनरलहरूलाई लक्षित गरेर प्रतिबन्धहरू घोषणा गरेको छ। तर, सन् २०१८ को रोहिंग्या संकटको वेलादेखि नै म्यानमारका अधिकांश जनरलहरूमाथि प्रतिबन्ध लगाइएको छ। यसको अर्थ पश्चिमले सन् १९९० र सन् २००० को दशकको वेलाजस्तै बृहत्तर प्रतिबन्धको समयमा फर्किनुपर्छ भन्ने होइन। ती प्रतिबन्धले सैन्य शासनबाट पहिले नै प्रताडित म्यानमारका जनतालाई धेरै असर गऱ्यो। जबकि त्यस वेलाको प्रतिबन्धले सैन्य शासकलाई भने खास प्रभाव परेको देखिएन।

> पश्चिमले सन् १९९० र सन् २००० को दशकमा समग्र म्यानमारलाई नै प्रतिबन्ध लगाएको थियो। सो प्रतिबन्धले पहिले सैन्य शासनबाट प्रताडित म्यानमारका जनताले धेरै दुःख पाए। प्रतिबन्धले सैन्य शासकलाई भने धेरै असर गरेको थिएन।

प्रतिबन्ध खुकुलो हुन थालेपछि अन्तर्राष्ट्रिय समुदायले म्यानमारका नागरिक समाजलाई समर्थन गर्न सुरु गऱ्यो। त्यसपछि बल्ल देशमा प्रजातन्त्रको विकास हुँदै गयो। एक दशक लामो प्रजातान्त्रिक अभ्यासको असर अहिलेको प्रदर्शनमा दृष्टिगोचर हुन्छ। त्यस समय विश्व देखेका नवयुवाहरू नै अहिलेको प्रदर्शनका प्रमुख शक्ति हुन्। यो समूह म्यानमारको शान्तिपूर्ण र समृद्धि भविष्य चाहन्छ। अन्तर्राष्ट्रिय समुदाय र त्यसमा पनि विशेष पश्चिमले सैन्य सरकारलाई पन्छाएर नागरिक समाजलाई सहयोग दिन सक्छ। आजको दिनमा म्यानमारमा नागरिक समाज र मिडिया मात्र सेनालाई नियन्त्रण र सन्तुलनमा राख्न सक्ने शक्ति हो।

अन्तर्राष्ट्रिय समुदायले आङ सान सुकीको रिहाइ र वार्ता सुचारु गर्न सेनालाई दबाब दिनुपर्छ। सुकीको रिहाइ तत्कालै नभए पनि वार्ततर्फको जुनसुकै कदमले परिस्थितिलाई केही मत्थर गर्न सघाउनेछ। वार्ताका लागि पश्चिम, आसियान, चीन, भारत र जापानको समन्वय आवश्यक छ। अन्यथा म्यानमार अहिले राजनीतिक अस्थिरताको शिखरमा छ। यो निणन्त्रणबाहिर गयो भने त्यसलाई दक्षिणपूर्वी एसियाको स्थिरतामा असर गर्न सक्छ।

(थु म्यानमारबाट छापिने द भ्वाइसका प्रकाशक हुन्)
जर्मन सरकारी प्रसारण संस्था डिब्लूबाट

प्रेरक प्रसंग

प्रधानाध्यापक र गान्धी

यो कुरा तिनताकाको हो, जति वेला मोहनदास करमचन्द गान्धी कक्षा सातमा पढ्थे। विद्यालयका प्रधानाध्यापक दोरबजी एदुलजी गिमी थिए। उनी निकै अनुशासित व्यक्ति थिए र उनले उपल्लो कक्षाका विद्यार्थीलाई व्यायाम र खेल अनिवार्य गराएका थिए। गान्धीलाई व्यायाम र खेलमा कुनै रुचि थिएन। त्यसैले उनी कुनै पनि खेलमा भाग लिँदैनथे। खेल नखेली गान्धी विद्यालयबाट सोझै घर पुग्थे र आफ्नो पिताको स्याहारसुसार गर्थे। विद्यालयमा पढाइ सकेपछि खेल खेल्नतिर अल्झिँदा उनी समयमै पिताको स्याहार गर्नका लागि समयमै घर पुग्न सक्दैनथे। त्यसैले गर्दा उनले एक दिन आफ्ना अध्यापकसँग खेल खेल्न नपरोस् भनेर सधैँका लागि बिदा मागे। तर, अध्यापकले उनको बिदा स्वीकृत गरेनन्। एउटा शनिबार सबैलाई साँझ ४ बजे खेल खेल्न बोलाइएको थियो। गान्धीसँग घडी थिएन, त्यसैले बादल हेरेर समयको अनुमान गर्नुपर्ने थियो।

उनले वास्तविक समयको अनुमान गर्न सकेनन्। उनी विद्यालय पुग्दा सबै विद्यार्थी खेल सकेर हिँडिसकेका थिए। अर्को दिन प्रधानाध्यापकले गान्धीलाई खेलमा गयल हुनुको कारण सोधे। गान्धीले अनुपस्थित हुनुको कारण त भने, तर प्रधानाध्यापकले पत्याएनन् र उनलाई त्यसबापत जरिवाना गरिदिए। यसले गान्धीलाई निकै पीडा दियो। पछि गान्धीका बुबाले विद्यालयलाई पत्र लेखेपछि मात्र उनको जरिवाना माफ गरियो। त्यसपछि गान्धीले के महसुस गरे भने साँचो कुरा बोल्नु मात्र ठूलो कुरा होइन रहेछ, समयको पाबन्द पनि हुनुपर्ने रहेछ। त्यसपछि कहिल्यै पनि गान्धीले समयको महत्वलाई अवमूल्यन गरेनन्।

टिप्पणी

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrika.com
nayapatrikaofficial
@naya_patrika

दुर्घटना निराकरण गरौँ

हिजोआज दिनहुँ सडक दुर्घटना बढिरहेका छन्। यस्ता समाचार नचाहँदा-नचाहँदै पनि सुन्नु र देख्नु परिरहेको छ। यसमा सडकको दुरवस्था, समयमै मर्मत-सम्भार नभएको सवारीसाधन, सवारीचालक एवं यात्रु सबै उत्तिकै जिम्मेवार छन्। केही हदसम्म सवारी नियमका कारण पनि दुर्घटना बढेका छन्। ट्राफिक नियमको राम्रो ज्ञान नभएका कच्चा सवारीचालकले अनियन्त्रित रूपमा सवारी हाँक्नु, साँघुरो सडकमा रफ्तारमा हाँक्नु, एक-आपसमा प्रतिस्पर्धा गर्नु, चालकले मादक पदार्थ सेवन गर्नु पनि रहेको छ। यसका साथै यात्रुले जेब्राक्रसको प्रयोग नगर्दा पनि दुर्घटना बढिरहेका हुन्छन्। झन् झिसमिसे बिहानीमा सडक दुर्घटनाको जोखिम त कति-कति ? यसर्थ ठाउँ-ठाउँमा ट्राफिकबत्तीको व्यवस्था, जेब्राक्रस र ओभरहेड ब्रिजको निर्माण गर्नुपर्छ।

● **अच्युतमानसिंह प्रधान**, बालुवाटार, काठमाडौं

कांग्रेस अनिर्णयको बन्दी नबनोस्

संसद्को प्रमुख प्रतिपक्षी दल भए पनि बदलिँदो राजनीतिक परिस्थितिका कारण यतिवेला कांग्रेस आगामी सत्ता गठबन्धनको मुख्य भूमिकामा देखिएको छ। आफैँ मुख्य रहेको सत्ता गठबन्धनको सन्दर्भमा भने ऊ दोधारमा उभिँदैदा देश अनिर्णयको अँध्यारो सुरुङतर्फ धकेलिएको छ। मुख्यतः वर्तमान सत्ताघटक दल नेकपाले औपचारिक रूपमा दुइटा दलको आधिकारिकता ग्रहण गरिनसकेको अवस्थालाई कारण देखाई कांग्रेसले आफ्नो औपचारिक धारणालाई बाहिर सार्वजानिक गर्न सकेको छैन। नेकपाको आधिकारिकता जुन पक्षले पाए पनि एउटा लोकतान्त्रिक पार्टीले तत्कालै एउटा निर्णय लिएर अगाडि बढ्नुपर्ने हुन्छ। किनकि एउटा जिम्मेवार पार्टीले वेलैमा ठोस निर्णय नलिँदा त्यसले दूरगामी असर पार्न सक्छ। राजनीतिक पार्टीले आफ्नो स्वार्थभन्दा पनि देश र जनताको पक्षमा कदम चाल्नुपर्ने हो। कांग्रेसले यो दायित्व बहन गर्नैपर्छ।

पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला पक्ष भने सरकारमा जान हतारिन नहुने पक्षमा उभिएको देखिन्छ। प्रतिनिधिसभा विघटन गर्ने ओलीको निर्णय असंवैधानिक हो भन्ने बुझ्दाबुझ्दै पनि कांग्रेस नेतृत्वले ओलीलाई मौन समर्थन गरिरहनुले उसमा सत्तास्वार्थको अभीष्ट रहेको बुझ्न कुनै ठेली पल्टाइराख्नु पर्दैन। प्रतिनिधिसभा पुनर्स्थापना नहुँदासम्म पनि कांग्रेसले निर्वाचन कि पुनर्स्थापना भन्नेमा स्पष्ट धारणा बनाउन सकेन। अहिले पनि सत्तामा जाने कि नजाने भन्नेमा ऊ अनिर्णयको बन्दी बनेको छ। कांग्रेसले यो अवस्थाको अन्त्य गरोस्।

● **सुजन देवकोटा**, पालुङ्टार-४, गोरखा

युवाले अब पनि नसोच्ने ?

मेरो देश पटक-पटक रोएको छ। ००७ देखि ०७७ सालसम्म पटक-पटक दुखेको छ। कहिले कुन पात्र अनि कहिले कुन पात्र, पात्रैपिच्छे देश निचोरिएको छ। देशले पाउनुभन्दा धेरै गुमाएको छ। यसो भनिरहँदा देश आज पनि दुखेकै छ। पात्र फरक, तर उद्देश्य उस्तै छन्। हिजो जो थिए, आज पनि प्रायः तिनै छन्। राजनीतिलाई व्यापार ठानेर अर्थोपार्जनमा पल्केका झिल्केहरू देशको राजनीतिमा टाँसिएकै छन्। एक समय युवापुस्ताको दबदबा रहेको राजनीतिमा युवाको उपस्थिति पातलिँदै छ। पुरानाले ठाउँ नछाडेकाले अधिकांश युवा तिनकै पछुवामै रमाएका छन्। आफ्नै युवालाई नेताहरूले भुलेको देखिन्छ। परिणामतः युवाहरू राजनीतिबाट टाढिने क्रम बढ्दो छ। राजनीति गरिरहेका र यसलाई फोहोरी खेलको संज्ञा दिइरहेका दुवैथरीबाट युवालाई राजनीतिमा आउन हतोत्साही बनाइएको छ। यसमा युवापुस्ता सचेत बन्नैपर्छ। राजनीति फोहोर भयो भनेर किनारमा बसी औँला ठड्याई युवाको दायित्व कसरी पूरा होला ? त्यसैले अबका युवाले आफैँ फोहोर ठाउँमा छिरेर सफा गर्नुपर्ने भएको छ। यस्तो आँट नगर्ने हो भने खराब मानिस र तिनको मानसिकताबाट सधैँ शासित भइरहनु पर्नेछ। एउटा सचेत युवाले कुन बाटो रोज्ने ? यो आजको प्रधान प्रश्न हो। राजनीतिलाई सेवा ठान्ने कि पेसा बनाउने ? अरू क्षेत्रमा असफल भएपछि राजनीति रोज्ने कि अरू क्षेत्रमा सम्भावना हुँदाहुँदै राजनीतिमा प्रवेश गर्ने, युवाले सोच्नैपर्छ।

राजनीतिलाई असल युवाहरूले नेतृत्व गर्ने कि राजनीति बिग्रियो भनेर विदेश पलायन मात्रै भइरहने। युवालाई वर्तमानको साझेदार मान्ने कि भविष्यको भागिदार ? पालो कुरेर ऊर्जा मरिसकेपछि जिम्मेवारीमा आउने कि समयमै पहलकदमी लिने ? राजनीतिलाई देश र समाजको दर्पण बनाउन यी प्रश्नको उत्तर प्रत्येक युवाले खोज्नैपर्छ। देश, दुनियाँ र विश्वलाई आफ्नै नजरले नियाल्नैपर्छ। आफैँभित्रका अनेक रूप र प्रतिभालाई खोतल्नैपर्छ। तीव्र प्रतिस्पर्धा, उच्च प्रविधि र मोबाइल जेनेरेसनबीच उसले तादम्य मिलाउनैपर्छ। हरेक नयाँ पुस्ता पुरानो पुस्ताभन्दा अब्बल हुनैपर्छ। यसका लागि राजनीतिमा युवापुस्ता भित्रिनु अपरिहार्य छ।

● **प्रमोदकुमार पौडेल**, सीतापाइला, काठमाडौं

मुलुकलाई आधुनिक युगमा प्रवेश गराउन उदार अर्थनीति आवश्यक थियो

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले ०५९ सालमा संसद् विघटन गरी संसदीय प्रणाली दरबारमा बुझाएसँगै अलि फुर्सदिलो भएको मौका छोपेर 'इन डिफेन्स अफ डेमोक्रेसी' (नेपाली अनुवाद- प्रजातन्त्रको पक्षमा) किताब लेखेका डा. रामशरण महतले ०७४ सालको संघीय संसद्को चुनावमा पराजित भएपछि 'ट्रायल्स, ट्रेमर्स एन्ड होप' (नेपाली अनुवाद- समकालीन नेपालको अर्थ-राजनीति : परीक्षण, कम्पन र आशा) प्रकाशित भयो। नयाँ पत्रिकाका **सुजित महत**ले पछिल्लो किताबको सेरोफेरोमा डा. रामशरण महतसँग गरेको वार्ता :

> संसारभरिकै समाजवादी देशहरूमा शिक्षा र स्वास्थ्यमा सरकारको एकाधिकार हुँदैन। सरकारले मात्र धान्न सक्तैन। निजी क्षेत्रलाई पनि खोल्दिएपछि बोझ हल्का हुन्छ, नयाँ प्रविधि आउँछन्।

● **डा. रामशरण महत**, पूर्वअर्थमन्त्री

१ शाही प्रतिगमनपछि गतिलो किताब लेख्नुभएको थियो। पछिल्लो संसदीय चुनावमा पराजित भएपछि अर्को किताब लेख्नुभयो। दुवै किताबमा काफी अध्ययन गरी तथ्य-तथ्यांक जुटाउनुभएको छ। चुनाव हारे पनि नेता फुर्सदिलो त हुँदैनन्। भेटघाट, कार्यक्रम आदिमा समय नदिई सुख छैन। तैपनि, तपाईंले दुवैचोटि कसरी फुर्सद निकाल्नुभयो ?

०५९ सालमा शेरबहादुर देउवाको संसद् विघटनको निर्णयसँगै मन्त्रीबाट राजीनामा दिएँ। अन्ततः राजाले कार्यकारी अधिकार नै लिएपछि ०४६ सालको परिवर्तनपछि भएका उन्नति-प्रगतिचाहिँ उल्लेख नगरी विकृतिलाई बढाइचढाई गरेर संसदीय प्रजातन्त्रलाई नै बदनाम गर्ने प्रयास सुरु भयो। अनि मैले त्यो कालखण्डका उपलपब्धिसहित डेमोक्रेसीको डिफेन्ड गर्न किताब लेखेँ। पृथ्वीनारायण शाहको पालादेखिकै अर्थ-राजनीति, राजनीतिक घटनाक्रमलाई किताबमा केलाएको थिएँ। पञ्चायतको अन्त्यपछि जनताले प्रजातान्त्रिक हक-अधिकार उपभोग गर्न त पाएकै थिए, आर्थिक रूपले पनि उपलब्धिमूलक भएको तथ्यांकसहित विश्लेषण गरेको थिएँ। खासगरी निजीकरणलाई लिएर मेरो निन्दा गर्ने वामपन्थीहरूलाई पनि त्यस बखत प्रजातन्त्रको पक्षमा बोल्न मेरो किताब गतिलो सामग्री बनेको थियो। ०७४ सालको चुनावमा पराजयसँगै सत्ता र संसदीय भूमिकाबाट बाहिरिएपछि शुभचिन्तकहरूले यसअघि भैँ रचनात्मक काममा लाग्नुस्, किताब लेख्नुस् भनेर घचघच्याउन थालेपछि नयाँ सन्दर्भअनुसार किताब लेखेँ। किताब अमेरिकाको न्यु मेक्सिको युनिभर्सिटीले रेफरेन्स बुकमा समावेश गरेको छ। राजनीतिमा संसदीय वा कार्यकारी भूमिकामा नरहँदा पनि अरूजस्तो फुर्सदिलो त भइँदैन, भेटघाट, कार्यक्रम, बैठक भइरहन्छन्। तैपनि, तुलनात्मक रूपले फुर्सदिलो भइन्छ, त्यही समयको उच्चतम सदुपयोग गर्दा किताब तयार भएको हो।

२ किताबको भूमिकामै उत्पादनका साधनहरूमा सार्वजनिक स्वामित्वको र राज्यनिर्देशित केन्द्रीय योजना प्रणालीको सान्दर्भिकता छैन भन्दै गर्दा अहस्तक्षेपकारी र पूर्ण रूपमा स्वतन्त्र बजारमुखी शास्त्रीय अर्थनीति सान्दर्भिक छैन लेख्नुहुन्छ। दुवै दर्शनका दुर्बल पक्ष विस्थापन गरी मिश्रित आर्थिक तथा राजनीतिक शासन प्रणाली आज विश्वमा सर्वाधिक रुचाइएको दर्शन लेख्नुभएको छ। ०४८ सालको डा. महत र अहिलेको डा. महतको वैचारिक अडानमा फरक आएको होइन र ?

वैचारिक अडान उही हो, खालि तीन दशकअघि र अहिलेको सन्दर्भ फरक पर्न गएको हो। संविधानले नै मुलुकलाई समाजवादउन्मुख भनेको सन्दर्भमा समाजवादलाई परिभाषित गर्न खोजेको हुँ। यसक्रममा परिवर्तित संसारमा समाजवादले कस्तो रूप लिएको छ, शास्त्रीय समाजवाद के थियो, अहिलेको समाजवाद कस्तो छ भनेर चर्चा गरेको हुँ। शास्त्रीय पुँजीवाद र परिवर्तित पुँजीवादका बारेमा पनि विमर्श गरेको छु। मैरे नेतृत्वमा बनेको आठौँ योजना हेरे हुन्छ, लोकतान्त्रिक समाजवादकै कुरा गरिएको छ। त्यसबखत प्रस्तुत बजेटमा समाजवादी लक्ष्यकै कुरा छन्। उदार अर्थनीतिलाई जोड दिइएको कारण फरक हो कि भन्ने लाग्न सक्छ। मुलुकलाई आधुनिक युगमा प्रवेश गराउन उदार अर्थनीति आवश्यक थियो। ठूला उद्योगधन्दा सरकारले नै चलाएको थियो, त्यो पनि ठूलो घाटामा। व्यक्तिले उद्योग चलाउँदा नाफा व्यक्तिको खातामा जान्छ, सरकारले चलाउँदा नाफा राज्यकोषमा थुप्रिन्छ र त्यसलाई जनताका लागि खर्च गर्न सकिन्छ भन्ने सिद्धान्तअनुसार पहिले समाजवादी मुलुकमा ठूला उद्योगधन्दा सरकारले चलाउँथ्यो। तर, सरकारले चलाएका उद्योगले अपेक्षित नाफा त दिन सकेनन् नै, धेरै त घाटामा चलाउन पऱ्यो। नाफाबाट राज्यकोष बलियो हुने अपेक्षा गरिएकोमा राज्यकोषबाट घाटा बेहोर्नुपऱ्यो।

बेलायतमा लेबर पार्टी वा जर्मनीमा सोसल डेमोक्र्याट पार्टीले आधारभूत उद्योग सरकारले चलाउने नीति अवलम्बन गरे पनि अपेक्षित नतिजा प्राप्त भएन। भारतमा पनि कांग्रेसको स्कुलिङ समाजवादी धार नै हो। इन्दिरा गान्धीको पालामा बैंकहरू राष्ट्रियकरण भएको थियो। समग्रमा राष्ट्रियकरण उपलब्धिमूलक नहुँदा गरिबी निवारणमा अपेक्षित नतिजा आएन, समाज कल्याण भएन। अनि, कम्युनिस्ट देशले पनि राष्ट्रियकरण गरिएका उद्योग निजीकरण गर्न थाले। बेलायत, जर्मनी, हिन्दुस्तान, पाकिस्तान आदिको त भन् कुरै भएन। नेपालमै पनि अवस्था त्यही थियो, अधिकांश उद्योग घाटामा थिए, तीन दशकअघि नै घाटा अर्बौं रुपैयाँमा थियो। सरकारी उद्योग सरकारको आम्दानी होइन, राज्यकोष रित्याउने स्रोत हुने रहेछन् भन्ने हाम्रै अनुभवले पनि पुष्टि गरेको थियो। यसैले सरकारले सेतो हात्तीमा परिणत भएका यस्ता उद्योग खुला प्रतिस्पर्धामार्फत निजी क्षेत्रमा हस्तान्तरण गरी सरकार मुख्य जिम्मेवारीका शिक्षा, स्वास्थ्य, पूर्वाधार, ग्रामीण विकास आदिमा केन्द्रित हुनुपर्छ भनेर निजीकरणको नीति अवलम्बन गरिएको हो। नतिजा अपेक्षाअनुरूप नै आएको हो, राजस्व एकदम बढ्दै गयो, घाटामा गएका संस्थानलाई दिनुपर्ने अनुदानचाहिँ घट्दै गयो। जसले अन्ततोगत्वा समाजवादी लक्ष्य हासिल गर्ने सघाउने हो। शिक्षा, स्वास्थ्यमा सरकारको लगानी बढ्यो।

३ बर्नी स्यान्डर्सले आफूलाई प्रजातान्त्रिक समाजवादीको रूपमा उभ्याएपछि प्रजातान्त्रिक समाजवाद प्रचुर उत्साहका साथ खोजिने, पढिने शब्द बनेको लेख्नुभएको छ। तपाईं पनि बर्नी स्यान्डर्सकै वैचारिक अडान समर्थक हो ?

उग्रवादी कम्युनिस्टले आफूलाई समाजवादी भन्छन् भने उदार लोकतान्त्रिक पनि समाजवादी भनिन रुचाउँछन्। विकसित पुँजीवादी देशमा पनि समाजवादी छन्, विपन्न देशमा भन् हुने नै भए। हामीकहाँ पनि गुरिल्ला युद्ध गरेका माओवादी पनि समाजवादी कहलाउन रुचाउँछन् भने हामी पनि समाजवादी होइनौँ भन्दैनौँ। समाजवादको आ-आफ्नै व्याख्या छन्। बेलायती दार्शनिक सिइएम जोडले धेरै अघि भनेका थिए, 'समाजवाद यस्तो टोपी हो, जसको एउटै आकार छैन, सबैले आ-आफ्नै तरिकाले यो टोपी लगाएका छन्।'

अनेक थरी समाजवादबारे विमर्श गर्नेक्रममा मैले किताबमा बर्नीको प्रसंग उल्लेख गरेको छु, वैचारिक रूपमा कतिपय कुरामा सहमति होलान् भने कतिपयमा असहमति पनि।

४ तपाईं पनि आफूलाई समाजवादी भन्न रुचाउनुहुन्छ ?

म प्रजातान्त्रिक समाजवादी नै हुँ। तल्लो वर्गका नागरिकको जीवनस्तर उकास्ने, गरिबी घटाउने, आर्थिक विषमता कम गर्ने, शोषण अन्त्य गर्ने समाजवादको लक्ष्य हो। रोजगारीको अवसरमा तल्लो वर्गको पहुँच कायम गर्ने हो, सरकारलाई तल्लो वर्गका नागरिकमा केन्द्रित गर्ने हो। यो सबै काम लोकतान्त्रिक पद्धतिबाट हुनुपर्छ। कम्युनिस्ट प्रणाली लोकतान्त्रिक नभएकाले गर्दा साधन-स्रोत केन्द्रित गर्दा पनि नागरिकको जीवनस्तर उकास्ने लक्ष्यमा अपेक्षित सफलता प्राप्त भएन। औद्योगिक क्रान्तिपछि श्रमिकको चरम शोषणका कारण विद्रोह भयो। मार्क्सवाद पुँजीवादी शोषणकै प्रतिक्रियामा जन्मियो। बेलायतमा श्रमिकले चार्टिस्ट आन्दोलनमार्फत विद्रोह गरे। त्यस बखत श्रमिकको चरम शोषण त थियो नै, सीमित पुँजीपतिलाई मात्र मतदानको अधिकार थियो, महिलालाई त छँदैथिएन। विकृत अनुहारको पुँजीवादमा सुधार हुँदै जाँदा श्रमिककै जीवनस्तर कम्युनिस्ट मुलुकमा भन्दा उकासियो। अब समाजवादका लागि लोकतान्त्रिक प्रणाली चाहिन्छ भन्ने स्थापित भयो। मतदानको अधिकार सबैलाई दिनेबित्तिकै बहुसंख्यक जनताको जीवनस्तर त तल्लो तहमा छ, अनि सरकारले पनि तिनलाई सम्बोधन गर्ने खालका कार्यक्रम ल्याउँछ भन्ने अवधारणा स्थापित भयो।

५ ०४८ सालको चुनावपछि अपनाइएको आर्थिक उदारीकरण (खासगरी निजीकरण)का कारण तपाईंको खलनायिकीकरण हुने गर्छ। त्यसबखत तपाईं त योजना आयोगको उपाध्यक्ष, अर्थ मन्त्रालयको जिम्मेवारीमा त महेश आचार्य हुनुहुन्थ्यो। महेशजीलाई गुण-दोषको जस-अपजस नदिने, खाली डा. महतलाई दिने अवस्था किन बन्यो ?

प्रतिपक्षी वामपन्थीले सत्तारूढ पार्टीले उद्योग बेच्यो भनेर विरोध गरे, चुनावी एजेन्डाका लागि। राजावादीले पनि पञ्चायतमा खुलेका उद्योग बेच्यो भनेर पञ्चायतले धुमधाम विकास गरेको थियो भन्ने भ्रम पार्न खोजे। निजीकरणको प्रक्रिया सुरु हुँदा म योजना आयोगको उपाध्यक्ष थिएँ, जसको प्रत्यक्ष संलग्नता निजीकरणमा हुँदैन। निजीकरणको आवश्यकता महसुस गरियो, त्यस्तो आवश्यकता महसुस गर्नेमा म पनि थिएँ। निजीकरणसम्बद्ध कानुन संसद्ले बनायो। अर्थमन्त्रीको संयोजकत्वमा रहने निजीकरण समितिमा

> हामीले हाम्रो श्रमशक्तिलाई देशभित्रै आकर्षित गर्न त तुलनात्मक लाभका क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्नुपर्छ। साथै, दक्षता अभिवृद्धिमा जोड दिनुपर्छ। हामीसँग दक्ष कामदार नहुँदा ठूलो संख्यामा विदेशी कामदारले यहाँ रोजगारी पाएका छन्।

प्रतिपक्षी दलको पनि सहभागिता हुन्छ। निजीकरण गरिने उद्योगसम्बद्ध मन्त्रालय, उद्योग-वाणिज्य संघ, ट्रेड युनियनको पनि सहभागिता हुन्छ। निजीकरण गरिने प्रतिष्ठानको मूल्यांकन विज्ञको टोलीले गर्छ। सबै कुरा छलफल गरी पुगेको प्रस्तावलाई मन्त्रिपरिषद्ले पारित गर्छ।

श्रीलंकामा 'प्राइबेटाइजेसन'लाई 'पिपुलाइजेसन' भनियो। निजीकरण गर्दा स्वामित्वको सेयर श्रमिक र सर्वसाधारणमा समेत बिक्री गरिने गरी नियम बनाइएकाले यस्तो शब्द प्रयोग गरिएको थियो। तीन दशकपछिसम्म पनि आलोचना गर्नुपर्ने गरी निजीकरणमा कैफियत भएकै थिएन। निजीकरण खुला प्रतिस्पर्धामार्फत पारदर्शी ढंगले गरिएको हो। घाटाका कारण सरकारलाई बोझ बनिसकेका प्रतिष्ठानलाई मात्र निजीकरण गर्ने नीति थियो। निजीकरण गरिँदा एकाधिकार (मनोपोली) हुने प्रकृतिका व्यवसायलाई निजीकरण नगरिने नीति थियो। यसैले तत्कालीन दूरसञ्चार संस्थान वा शाही नेपाल वायुसेवा निगम निजीकरणमा परेनन्। महेशजीले सायद निजीकरणको डिफेन्ड नगरेका कारण निन्दा मतिर सोझियो। अर्कोचाहिँ अलिकति व्यक्तिगत खुट्टा तान्ने प्रवृत्ति पनि होला। तर, आलोचना वा

> निराधार कुरा गरेर एमसिसीलाई विवादमा पार्ने काम भयो। अमेरिकाको सैनिक गठबन्धन भनेर भ्रम फैलाए। आफैँ नेतृत्वमा छँदा सहयोग लिने प्रक्रिया अघि बढेको बिर्सेर विरोध गरे, कतिपयले।

निन्दा गर्नुअघि बुझ्नुपर्ने कुरा के हो भने यसमा जस-अपजसको भारी त्यो प्रक्रियामा प्रत्यक्ष संलग्न हुनेले बोक्न नपर्ने, मैले मात्र बोक्नुपर्ने होइन। मचाहिँ प्रत्यक्ष संलग्न नभए पनि यसलाई 'ओन' गर्छु, जस-अपजस स्विकार्न तयार छु।

६ निजीकरणको डिफेन्डमा त किताबमा पनि शब्द खर्चिनुभएको छ। निजीकरणमा केही त्रुटि त भएकै हुन् नि, खासगरी जग्गासहित औद्योगिक प्रतिष्ठान बेच्ने काम। सरकारले सार्वजनिक संस्थानमा क्रमशः विनिवेश गर्दै जाने मोडेललाई अपनाएको भए यति विवादित बन्ने थिएन भन्ने लाग्दैन ?

सुरुमा जग्गासहित नगरी मेसिनरी मात्र गर्ने कि भन्नेमा पनि काफी छलफल भएको हो। जग्गासहित नगर्दा उद्योगको आधुनिकीकरण, क्षमता विस्तार आदि प्रभावित हुन्छ भन्ने तर्क जोडदार किसिमले आयो। फेरि त्यसबखत जग्गाको भाउ खासै थिएन, पछि जसरी बढ्यो त्यसरी बढ्ला भनेर पूर्वानुमान गर्न सकिने अवस्था थिएन। जमिनको भाउ एकदम बढ्न थालेपछि त उद्योग सकार्ने जग्गा प्लटिङ गरी नाफा कमाउनेतिर जान्छन् भनेर करेक्सन गरिहालियो। भाडामा दिने आदि मोडेल अपनाइयो।

७ ०१५ सालमा सुवर्ण शमशेरले पेस गरेको बजेट समाजवादी शैलीमा ढालिएको किताबमा उल्लेख गर्नुभएको छ। ०४८ सालको बजेटलाई तदनुरूप ढाल्न किन नखोजिएको ?

०४८ सालको बजेट पनि प्रजातान्त्रिक समाजवादी धारविपरीत थिएन, परिवेश फरक थियो। ०१५ सालमा मुलुक सामन्तवादी प्रणालीमा थियो। कुल भूमिको एकतिहाइ बिर्ताअन्तर्गत थियो, बिर्ता प्रणाली अन्त्य गर्नु थियो। सुवर्णजीकै स्वामित्वमा २०-३० हजार बिघा जमिन थियो। मोहियानी हक स्थापना, जग्गामा हदबन्दी, रजौटा उन्मूलन आदि गर्नु थियो। सहकारी खेतीको अवधारणा ल्याउनु थियो। जंगलधरी व्यक्तिको थियो, तिनलाई राष्ट्रियकरण गर्नु थियो। शिक्षा र स्वास्थ्यमा भन्डै शून्यबाट सुरुवात गर्नुपर्ने अवस्था थियो। यसैले एकैचोटि १६ सयवटा स्कुल खोल्ने, प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एउटा स्वास्थ्य सेवा निकाय खोल्ने कुरा बजेटमा आयो। ०४८ सालमा आइपुग्दा मुलुक धेरै अघि बढिसकेको हुनाले समाजवादी लक्ष्यलाई फरक तरिकाले सम्बोधन गरियो। आठौँ योजनाको लक्ष्यमै आर्थिक वृद्धि हासिल गरी गरिबी निवारण गर्ने अनि क्षेत्रीय असन्तुलन हटाउने, सामाजिक क्षेत्रलाई प्राथमिकता दिने भनिएको छ। शिक्षा, स्वास्थ्यजस्ता सामाजिक क्षेत्रमा ३२ प्रतिशत बजेट, यातायात र सञ्चार क्षेत्रमा १८ प्रतिशत, विद्युत्मा २१ प्रतिशत बजेट विनियोजन गरी पूर्वाधार र सामाजिक क्षेत्रमा बढीभन्दा बढी खर्च गर्ने अनि उदार आर्थिक नीति अपनाउने भनिएको थियो। उदार हुँदा निजी क्षेत्र फस्टाउँछ, रोजगारी सिर्जना हुन्छ, राजस्व बढ्छ अनि गरिबी निवारण हुन्छ। ०१५ सालमै पनि लगानी सुरक्षाको ग्यारेन्टी गरी अमेरिकी कम्पनीसँग लगानीको सम्झौता गरिएको थियो। बिपीले मुम्बईमा लगानीकर्तालाई नेपालमा लगानी गर्न आह्वान गर्नुभएको थियो। ०४८ सालमा सामन्ती प्रणाली त्यस्तो नरहेको हुँदा राजस्व वृद्धि गरी सरकारको क्षमता अभिवृद्धिमा जोड गरिएको हो। बिपीले पनि भनिरहनुभएकै हो, समाजवादी लक्ष्य हासिल गर्न उत्पादन त बढ्नैपऱ्यो, अनि न वितरण गर्न सकिन्छ। मार्क्सले पनि साम्यवादका लागि पुँजीवादी विकास हुनुपर्ने बताएका थिए। समाजवादको पूर्वसर्त पुँजीवादी विकास हो भनेर बजेट बनाइएको हो। सामाजिक न्याय, ग्रामीण र पिछडिएका क्षेत्रको विकास, गरिब, निमुखा र उत्पीडितको कल्याणका साथै उत्पादनमूलक रोजागरी, लगानीमैत्री वातावरण र आर्थिक सन्तुलन बजेटको लक्ष्य थिए।

८ उदार अर्थनीति अवलम्बन गर्दा शिक्षा र स्वास्थ्य क्षेत्रलाई नाफामुखी व्यापारको रूपमा खोल्दिनु गलत थियो भन्ने लाग्दैन ? यसले त आखिरमा हाम्रो सार्वजनिक शिक्षा र स्वास्थ्य सेवाको गुणस्तर ध्वस्त भयो, विपन्नको मात्र बाध्यता बन्न पुग्यो। अनि सार्वजनिक यातायातबाट हात झिक्नु पनि गलत थिएन र ?

संसारभरिकै समाजवादी देशहरूमा शिक्षा र स्वास्थ्यमा सरकारको एकाधिकार हुँदैन। सरकारले मात्र धान्न सक्तैन। निजी क्षेत्रलाई पनि खोल्दिएपछि बोझ हल्का हुन्छ, साथै नयाँ प्रविधि आउँछन्। निजीको व्यवस्थापनमा सुधार हुन्छ। गुणस्तर उकासिन्छ। सरकारले मात्र सबै बोझ उठाउँदा सबैले गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा नपाउने अवस्था हुन सक्छ। निजीलाई खुला गरे पनि सरकारी तहबाट विपन्न वर्गलाई निःशुल्क शिक्षा, सस्तो स्वास्थ्य सेवा दिन सरकार सक्रिय हुनुपर्छ। यसैले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गरियो। चिकित्सा शिक्षामा निजी क्षेत्रलाई प्रवेश दिइए पनि १० देखि २० प्रतिशतलाई निःशुल्क अनिवार्य गरिएको विपन्नकै लागि हो। अहिले निजी मेडिकल कलेजका हजारौँहजार उत्पादन आइसके। तिर्न सक्नेले तिरेर पढाउँछन् भने नसक्नेले प्रतिस्पर्धामा खरो उत्रिएर निःशुल्क पढ्न पाउने सुविधा त छ। सरकारकै हातमा मात्र भएको भए स्वदेशमै पढ्ने अवसर निकै कम हुन्थ्यो। निजी क्षेत्रलाई खुला गर्दा गुणस्तरीय शिक्षाका लागि दार्जिलिङ, मसुरी, देहरादुन जाने बाध्यता त हट्यो। सरकारी संस्थाको गुणस्तर खस्किनुमा निजी क्षेत्रलाई दोष लगाउन मिल्दैन। सुशासन कायम गरी सरकारी संस्थाको गुणस्तर उकास्ने काम सरकारको हो।

९ तीन दशकमा जे-जे भयो सब ठीक भयो भन्ने दाबी हो ? यस्तो दाबी हो भने त केपी ओलीको देश विकास भएको देखेर सब चकित छन् भनेजस्तो पो सुनियो त।

०४८ सालमा एक-एकवटा मेडिकल र इन्जिनियरिङ कलेज थिए। अहिले कति छन् ? वर्षमा ४-५ सयजनाले मेडिकल पढ्थे, अहिले कतिले पढ्छन् ? नियमनमा कडाइ गर्नुपर्छ। नियमनको पूर्ण अधिकार सरकारमा छ। सुशासनको अभावमा देखिएको विकृतिको दोष नीतिमाथि थोपर्न मिल्दैन।

१० प्रतिस्पर्धामा चल्नुपर्ने उदार अर्थतन्त्रमा सिन्डिकेट/कार्टेल हावी हुँदा प्रतिस्पर्धाको कारण उपभोक्ताले यथेष्ट लाभ पाउन सकेनन्। कहाँनेर गडबड भयो र सिन्डिकेट-कार्टेल बलिया र संस्थागत हुन पुगे ?

सिन्डिकेट-कार्टेललाई अवैध ठहऱ्याउने, प्रतिस्पर्धालाई प्रोत्साहित गर्ने कानुन बनाइएको छ। कानुन कार्यान्वयन हुनुपऱ्यो, सुशासन कायम हुनुपऱ्यो। नीतिमा समस्या हैन, कार्यान्वयनमा देखिएका समस्याको दोष नीतिमाथि थोपर्नु हुँदैन।

११ बिपीले नै मैले भनेको अन्तिम सत्य नहुन सक्छ, विकासविद्-विज्ञबीच बहस परीक्षण होस् भन्नुभएको भनेर किताबमा लेख्नुभएको छ। कांग्रेसमा एकथरी बिपीले यसो भन्नुभएको थियो भनेरचाहिँ भन्छन्, तर पदमा रहँदा उनले भनेका कुरा आत्मसात् गरेको पाइँदैन। वास्तवमा आज बिपीको विचार कत्तिको सान्दर्भिक छ ?

बिपी सान्दर्भिक छन्। उहाँ कम्युनिस्ट समाजवादको विरोधी हुनुहुन्थ्यो, यहाँ कम्युनिस्टले समाजवादी लोकतन्त्र स्विकारेका छन्। पहिला उत्पादन हुनुपर्छ, यसका लागि लगानी प्रोत्साहित गर्नुपर्छ भन्ने बिपीको विचार एकदम सान्दर्भिक छ। बिपीका अन्तिम दिनहरूमा काफी विमर्श गर्ने मौका पाएँ। खानेपानी, बिजुली, शिक्षा, स्वास्थ्य सरकारको पहिलो प्राथमिकता हुनुपर्छ भन्ने उहाँको भनाइमा सबै सहमत छन्। साथसाथै, गान्धी दर्शनअनुसार ग्रामीण आधारभूत आवश्यकता उत्पादन स्थानीयस्तरमै गरी ग्रामीण आत्मनिर्भरता हासिल गर्ने बोल्नुभएको छ। यसमा विदेशी लगानी आवश्यक हुँदैन भन्ने मान्यता राख्नुभयो। गान्धीका साथै सुमाकरको 'स्मल इज ब्युटिफुल' विचारले प्रभावित गरेको समय थियो। तर, हाम्रो जस्तो साधन-स्रोतको अभाव भएको सानो मुलुकमा यो विचार पूर्ण छैन। ग्लोबलाइज्ड विश्वमा अन्तर्राष्ट्रिय व्यापारबाटै लक्ष्य हासिल गर्नुपर्ने हुन्छ। हिन्दुस्तानमै गान्धीले प्रधानमन्त्री छानेका नेहरूले गान्धी दर्शन अपनाएनन्। बिपीले त अन्तिम सत्य होइन, विज्ञहरूका बीच विमर्श होस् नै भन्नुभएको थियो।

विश्वमा जति प्राकृतिक सम्पदा छन्, त्यसकै आधारमा मानवका आधारभूत आवश्यकता पूरा गर्नुपर्छ। उत्ताउलो किसिमले मानवीय आवश्यकता बढाइदिएर प्राकृतिक स्रोतलाई अत्यधिक उपयोग गर्दा उचित हुँदैन भन्ने बिपीको विचार सान्दर्भिक छ। उहाँले विश्व जनसंख्याको ७ प्रतिशत ओगट्ने अमेरिकाले एकतिहाइ प्राकृतिक स्रोत उपयोग गर्ने गरेको उदाहरण दिँदै त्यही रफ्तारमा अरूले गरे के हुन्छ भन्ने प्रश्न गर्नुहुन्थ्यो ? 'लिमिट्स टु ग्रोथ रिपोर्ट'ले असीमित ग्रोथमा जानुहुँदैन भनेको थियो। बिपी प्राकृतिक साधन, स्रोतको अत्यधिक प्रयोगले भावी पुस्तालाई गाह्रो पर्नेमा सचेत हुनुहुन्थ्यो, जुन आज झनै सान्दर्भिक भएर गएको छ। पेट्रोलियम इन्धनको अत्यधिक प्रयोगले तापक्रम वृद्धि भएको छ, प्रदूषण बढेको छ, हिउँ पग्लिन थालेको छ। उसवेलै बिपीले नवीकरणीय ऊर्जाको प्रयोगमा जोड दिनुपर्छ भनिसकेका थिए।

१२ किताबमा संविधान निर्माणको एउटा च्याप्टर छ। भारतको इच्छाविपरीत संविधान आएकाले यो संविधानलाई असफल पार्ने मौकाको खोजीमा भारत हुन्छ भन्ने अनुमान गरिन्छ। वास्तवमा भारतले अन्तिम समयमा विशेष दूत पठाएर संविधान जारी गर्न रोक्न खोज्नुको कारण के थियो ? संविधानमा भएका प्रावधानमै असन्तुष्टि (हिन्दूराष्ट्र चाहेको थियो भन्ने छ) थियो या उनीहरूको सहमति नलिई प्रक्रिया अघि बढाइएकोमा असन्तुष्टि ?

संविधान जारी गर्ने सहमतिसँगै मधेसकेन्द्रित दलहरूको असन्तुष्टि सार्वजनिक भएको हो। तिनकै एजेन्डामा समर्थन गरी नाकाबन्दीसम्म लगाइएको बुझ्छु। हिन्दूराष्ट्र चाहेको मेरो जानकारीमा छैन। जनसंख्याका आधारमा मात्र प्रतिनिधित्वजस्ता अव्यावहारिक माग राखिएको थियो, जसलाई स्विकार्न सकिँदैन थियो। भारतमै पनि जनसंख्यालाई मात्र आधार मानिएको छैन।

१३ 'पृथ्वीनारायण शाह महायोद्धा, कुशल प्रशासक र नेपालको निर्माता मात्र होइनन्, छिमेकीको शक्ति बुझेकाले रणनीतिक, दूरदृष्टिपूर्वक विदेश नीतिको जग हालेका थिए' लेख्नुभएको छ। तर, कांग्रेस नेतृत्वकै सरकारको पालादेखि पृथ्वीजयन्तीलाई एकता दिवस मान्न छाडिएको हैन र ? ०६२/६३ को जनआन्दोलनयता कांग्रेसले पृथ्वीनारायणलाई राष्ट्र एकीकरणकर्ता मान्न छाडेको छ हैन र ?

गृह मन्त्रालयले सूचना जारी गरेर बिदा नदिने निर्णय गरेको हो। यसमा त्यतिवेलै मैले आपत्ति जनाएको थिएँ।

१४ विप्रेषण अर्थतन्त्रका बारे पनि एउटा च्याप्टर छ। अरू देशको उत्पादन वृद्धिमा सस्तो श्रमशक्ति निर्यात गरेर पनि समृद्धिको सपना पूरा होला त ? यो दुष्चक्रको अन्त्य कसरी सम्भव छ ?

अमेरिकाको विकास युरोपबाट मानिस पुगेर भएको हो। युरोपका पूर्वाधार अफ्रिकनको श्रममा बनेका हुन्। नेपाली पनि ब्रिटिसकै पालादेखि हिन्दुस्तान हान्निन थालेका हुन्। आर्थिक अवसरका लागि बसाइँसराइ प्राचीन कालदेखि हुँदै आएको हो। अहिले त भूमण्डलीकृत विश्व छ। अर्थशास्त्री लिस्टर थो रोले आर्थिक अवसरका लागि आकर्षक गन्तव्यको चाहना राख्ने मानवीय स्वभावलाई परिवर्तन गर्न सकिँदैन भनेका छन्। राइजिङ, मुभिङ र एजिङ भनेका छन्। जनसंख्या वृद्धिदर उच्च भएका ठाउँमा आर्थिक अवसरमा ज्यादा प्रतिस्पर्धा हुन्छ, अर्थव्यवस्थाले नधान्न सक्छ, त्यसले गर्दा मान्छेले मुभ गर्छन्। यस्तै, एजिङ (ज्येष्ठ नागरिक बढी) भएको ठाउँमा पनि युवाका लागि अवसर हुन्छन्। आयस्तर बढ्छ भन्ने लागेमा मानिसले अर्को गन्तव्य रोज्न हिच्किचाउँदैन। गाउँबाट सहरमा छिरेजस्तै हो, अर्को मुलुकमा जाने पनि। यस्तै लगानीकर्ता जता उत्पादन लागत कम हुन्छ, त्यतै जान रुचाउँछन। यो स्वाभाविक प्रक्रिया हो, यसमा चिन्तित हुनु पर्दैन। सबैभन्दा बेसी रेमिट्यान्स भित्र्याउने मुलुक भारत हो भने महाशक्ति बन्ने लक्ष्यमा अघि बढेको चीन नै दोस्रो बढी रेमिट्यान्स भित्र्याउने देश हो। यस्तै, एसियामा उदाहरणीय आर्थिक विकास गरिरहेको भनिएको बांगलादेश पनि धेरै रेमिट्यान्स भित्र्याउने देशमा पर्छ।

विश्वमा रेमिट्यान्सको कारोबार सात सय अर्ब डलरको छ। त्यसको ठूलो हिस्सा (साढे पाँच सय अर्ब डलरभन्दा बेसी) बढी आय भएका मुलुकबाट कम आय भएका मुलुकमा जान्छ। हामीले हाम्रो श्रमशक्तिलाई देशभित्रै आकर्षित गर्न त तुलनात्मक लाभका क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्नुपर्छ। साथै, दक्षता अभिवृद्धिमा जोड दिनुपर्छ। हामीसँग दक्ष कामदार नहुँदा ठूलो संख्यामा विदेशी कामदारले यहाँ रोजगारी पाएका छन्। निर्माण क्षेत्रमा भारतीय कामदारको वर्चस्व छ। भारतका लागि नेपाल रेमिट्यान्स पठाउने मुलुक हो। विदेशी कामदारको वर्चस्व विस्थापित गर्न त हाम्रो श्रमशक्तिलाई दक्ष नबनाई हुन्न। साथै, आफ्नो देशमा श्रम गर्न लजाउने बानी पनि समस्याको रूपमा छ। श्रमलाई सम्मान गर्ने संस्कार पनि विकास गर्नुपर्छ।

१५ तपाईंले पहिलो पुस्तकमा हाम्रो जस्तो कमजोर मुलुकमा गैरसरकारी संस्थाहरूकै नेटवर्क अरुण-३ तुहाउन काफी रहेको सन्दर्भ कोट्याउनुभएको छ। त्यो परियोजना तुहिएकोमा दुखेसो प्रकट गर्नुभएको छ। अहिले त एमसिसी नै भू-राजनीतिको कारण विवादमा परेको जस्तो सुनिन्छ नि ?

निराधार कुरा गरेर एमसिसीलाई विवादमा पार्ने काम भयो। अमेरिकाको सैनिक गठबन्धन भनेर भ्रम फैलाए। आफैँ नेतृत्वमा छँदा सहयोग लिने प्रक्रिया अघि बढेको बिर्सेर विरोध गरे, कतिपयले। संयुक्त राष्ट्रसंघले 'मिलेनियम डेभलपमेन्ट गोल' (एमडिजी) पूरा गर्न विकसित मुलुकले अविकसित मुलुकलाई नसघाई हुन्न भनेपछि अमेरिकाले पाँच खर्ब डलरको प्याकेज घोषणा गरेको हो। मेक्सिकोमा भएको सम्मेलनमा म पनि सहभागी थिएँ। विश्वका सयभन्दा बढी मुलुकले आवेदन गरे। ४९ मुलुक छनोटमा परे। चीनसँग घनिष्ट सम्बन्ध भएको मंगोलियाले पनि सहयोग लियो। विरोध गर्नुपर्ने कारण थिएन। यसमा चीन र अमेरिका तनावपूर्ण सम्बन्ध हुनु पनि कारण त होला, तर चीनकै इसारामा हो भन्ने लाग्दैन। आफैँ जान्ने भएर चीनको चिन्ता लिइदिएका पनि छन्। कतिपयले चीनको बिआरआई ठीक, अमेरिकाको एमसिसी गलत भनेको पनि सुनियो। एमसिसी र बिआरआईमा प्रतिस्पर्धा छैन। ठोस कामका लागि आउन थालेको विदेशी सहयोगलाई यसरी विवादमा पार्न थाले भोलिका दिन झन् भयावह हुन सक्छ।

अर्थ पत्रिका

आइतबार २३ फागुन ०७७, www.nayapatrikadaily.com nayapatrikaofficial @naya_patrika

निर्माण नसकिँदै भैरहवा र पोखरा विमानस्थल उद्घाटन गरिँदै

अध्ययन नै नगरी दाङमा समेत विमानस्थल शिलान्यासको तयारी

केदार दाहाल/नयाँ पत्रिका
काठमाडौं, २२ फागुन

प्रधानमन्त्री केपी शर्मा ओलीले दुई नयाँ विमानस्थलको शिलान्यास र निर्माण नै नसकिएका विमानस्थलको उद्घाटनको तयारी गरेका छन्। प्रधानमन्त्री ओलीले निर्माणकै चरणमा रहेका भैरहवामा निर्माणाधीन गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको एकैसाथ उद्घाटन गर्न मातहतका निकायलाई निर्देशन दिएका हुन्। प्रधानमन्त्री ओलीले प्राविधिक रूपमा निर्माण सम्पन्न नहुँदै सम्भवतः आगामी १ वैशाखमा दुवै विमानस्थलको उद्घाटन गर्ने पर्यटन मन्त्रालय स्रोतले जानकारी दियो।

प्रधानमन्त्री ओलीले ०७५ को असारमै आन्तरिक उडान गर्ने गरी दुवै अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन गर्ने तयारी गरेका थिए। तर, नेपाल नागरिक उड्डयन प्राधिकरण तथा पर्यटन मन्त्रालयले त्यो सम्भव नहुने जनाएपछि सो काम रोकिएको थियो। प्राधिकरणका अनुसार गौतम बुद्ध विमानस्थलको काम ९३ प्रतिशत सम्पन्न भएको छ भने पोखराको काम ६६ प्रतिशत मात्रै सकिएको छ। गौतम बुद्धको प्राविधिक काम बाँकी नै छ। 'पोखरा र भैरहवा विमानस्थल एकै दिन उद्घाटन गर्ने गरी छलफल चलाइएको छ, मन्त्रालय स्रोतले भन्यो।

भैरहवा विमानस्थल आइसिपी-१ र आइसिपी-२ गरी दुई भागमा निर्माण कार्य जारी छ। आइसिपी-१ अन्तर्गतका अधिकांश कामहरू सम्पन्न भइसकेका छन् भने आइसिपी-२ अन्तर्गतका कामहरू केही बाँकी छन्। आइसिपी-१ अन्तर्गत धावनमार्ग, ट्याक्सी वे, टर्मिनल भवनलगायत संरचना निर्माण सम्पन्न भइसकेको छ। आइसिपी-२ अन्तर्गत हवाईजहाज, पाइलट र विमानस्थलबीचको समन्वयका लागि प्रविधि निर्माण रहेको छ। यस कामका लागि आवश्यक उपकरण जडानको काम कोरोनाका कारण प्रभावित हुँदा विमानस्थल निर्माणको काममा ढिलाइ हुँदै गएको छ। हाल अन्तर्राष्ट्रिय टर्मिनल भवन निर्माण सकिएर रङरोगनको काम भइरहेको छ भने प्रस्थान कक्षको भवन सकिएर एसी जडानलगायतका काम भइरहेका छन्। एयरलाइन्सका लागि आवश्यक काउन्टर बनाउने, फल्स सिलिङ राख्ने, एसी जडान, वायरिङ, टायलिडलगायतका काम अझै सम्पन्न भएका छैनन्।

एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सुरु भएको विमानस्थल निर्माण कार्य चिनियाँ कम्पनी नर्थ वेस्ट सिभिल एभिएसन एयरपोर्ट कन्स्ट्रक्सनले ६ अर्ब २२ करोड ५१ लाख २० हजार २ सय २७ रुपैयाँमा सम्पन्न गर्ने गरी ठेक्का लिएको थियो।

पोखरा विमानस्थलको पनि ६६ प्रतिशत काम सम्पन्न भएको छ। बाँकी ३४ प्रतिशत काममध्येको २० प्रतिशत प्राविधिक काम हो भने १४ प्रतिशत भौतिकतर्फको निर्माणको काम हो। करिब २२ अर्ब रुपैयाँ लागतमा सन् २०२१ जुलाई १० भित्रमा निर्माण सम्पन्न गर्ने गरी चिनियाँ कम्पनी सिएएमसी इन्जिनियरिङले ०७४ साल असारदेखि विमानस्थलको काम सुरु गरेको थियो। हालसम्म धावनमार्ग (रनवे), आन्तरिक र बाह्य टर्मिनल भवन, एयर ट्राफिक कन्ट्रोल (एटिसी) भवनलगायत विभिन्न १४ भवनको अधिकांश काम सकिएको भए पनि प्राविधिक काम सुरु नै हुन सकेको छैन। भैरहवामा भौतिक निर्माण सकिएको एक वर्ष हुँदा पनि प्राविधिक काम अझै सकिएको छैन।

■ दुई आन्तरिक विमानस्थलको शिलान्यास गर्नका लागि हतार-हतार निर्णय

प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नै जन्मथलो तेह्रथुमको चुहानडाँडामा आन्तरिक विमानस्थल शिलान्यासको तयारी गरेका छन्। त्यस्तै, दाङको नारायणपुरमा समेत दोस्रो आन्तरिक विमानस्थलको समेत शिलान्यास गर्दै छन्। यी दुई विमानस्थल निर्माण गर्न हतार-हतार मन्त्रिपरिषद्ले हतारमा सैद्धान्तिक सहमति दिएको छ। दुवै विमानस्थलको सैद्धान्तिक सहमति दिए पनि शिलान्यास गर्नुअघिका धेरै प्रक्रियाहरू बाँकी रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक राजन पोखरेलले जानकारी दिए।

दाङको तुलसीपुरमा आन्तरिक उडान गर्न अहिले पनि चालू अवस्थामा रहेको टारीगाउँ विमानस्थल छ। टारीगाउँ विमानस्थलबाट १० किलोमिटर नजिक रहेको स्थान घोराही उपमहानगरपालिकाभित्र रहेको नारायणपुरमा दोस्रो विमानस्थल निर्माण गर्नका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणले प्रारम्भिक अध्ययन सम्पन्न गरेको छ। तर, त्यसको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) र वातावरणीय प्रभाव मूल्यांकन (इआइए) अहिलेसम्म पनि तयार भएको छैन। त्यस्तै, निर्माणस्थलमा जग्गा प्राप्ति अहिलेसम्म पनि हुन सकेको छैन। यस विमानस्थलको ठेक्का प्रक्रिया सुरु गर्नै लामो समय लाग्ने अवस्था छ। प्राधिकरणले ५ करोड खर्च गरेर प्रारम्भिक अध्ययन प्रतिवेदन भने तयार पारेको छ। अध्ययनले ७ अर्ब रुपैयाँमा सो स्थानमा विमानस्थल निर्माण हुन सक्ने अनुमान गरेको छ।

चुहानडाँडामा विमानस्थल निर्माणका लागि भने डिपिआर बनिसकेको छ। सो विमानस्थल बन्ने स्थानमा जग्गा प्राप्ति पनि भइसकेको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ। १५ फागुन ०७५ मा तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकारीको सोही विमानस्थल निर्माणस्थल अवलोकनमा जाँदा हेलिकोप्टर दुर्घटनामा निधन भएको थियो। उक्त विमानस्थल निर्माणको विषय आर्थिक वर्ष ०७६/७७ र ०७७/७८ को सरकारको नीति तथा कार्यक्रम र बजेटमा समेत समावेश भएको थियो।

निर्माण कम्पनीले हस्तान्तरण गरेको ३ महिनापछि मात्रै पोखरा र भैरहवाको उद्घाटन गर्न सकिन्छ

राजन पोखरेल
महानिर्देशक, नागरिक उड्डयन प्राधिकरण

अहिले नै भैरहवा र पोखरा विमानस्थल उद्घाटन हुन सक्ने अवस्था छैन। निर्माण कम्पनीले हामीलाई हस्तान्तरण गरेपछि सञ्चालनमा ल्याउन कम्तीमा ३ महिना लाग्छ।

विशेष खालको विमान ल्याएर अन्तर्राष्ट्रिय दक्ष जनशक्तिले विमानस्थलमा जहाज उडान-अवतरण गरेर परीक्षण गर्नुपर्ने हुन्छ। परीक्षण गरेर सर्टिफाई गरेपछि बल्ल सञ्चालनका लागि योग्य हुन्छ। त्यसैले अहिले नै उद्घाटन हुन्छ भनेर भन्न सकिने अवस्था छैन। भैरहवाको विषयमा केही छिटो काम गर्न सकिए पनि पोखरामा काम सम्पन्न हुन त अझै लामो समय लाग्नेछ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, दमक
सडक डिभिजन लहान

आर्थिक प्रस्ताव खोलिने सूचना

प्रकाशन मिति: २०७७/१०/२३

यस कार्यालयको मिति २०७७/०९/२७ को राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं ०९-०७७/७८ अनुसार मिति २०७७/१०/२८ मा खुलेको प्राविधिक प्रस्तावको प्राविधिक मूल्यांकन बाट सफल भएका तपसिल बमोजिमका निर्माण व्यवसायीहरुको सार्वजनिक खरिद नियमावलीको नियम ३१(ङ) अनुसार आर्थिक प्रस्ताव खोल्नको लागि सूचना सम्बन्धित सम्पूर्ण बोलपत्रदाताको जानकारीको लागि जारी गरिएको छ।

तपसिल

ठेक्का नं र कार्यको विवरण	आर्थिक मूल्यांकनको लागि छनौट भएका निर्माण व्यवसायीको नाम
RDLHN/337310113/2077/078–59 (Construction of Blacktop works, Masonary Drain and Retaining structures at Mirchaiya (Ma.Ra.Ma.) –Katari– Ghurmi Sadak -Mirchaiya–Katari Section_Package_1)– Chainage 17±100 to 22±100)	१. वर्ल्डवाइड-आइ.एस.एन.बी जे भी, जनकपुर-०४, धनुषा २. ड्रागन-विवस जे भी, चाबहिल, काठमाडौं ३. रौताहा कन्स्ट्रक्सन प्रा.ली, त्रियुगा न.पा-०२, उदयपुर ४. पी.आर-जगदम्बा जे भी, बालकुमारी-०८ ५. देव एण्ड सायर-सुगम जे भी, महेन्द्रनगर-०१, सखुवा ६. आश्रय-अजय जे भी, लहान-०६, सिरहा ७. बिकाश निर्माण सेवा, रामनगर-०७, मिर्चैया ८. महादेव खिम्ती-अन्जना जे भी, पुतलीसडक-३२, काठमाडौं ९. रोशन कन्स्ट्रक्सन प्रा.ली, जनकपुर-०४ १०. बानिया निर्माण सेवा प्रा.ली, हेटौडा-१८ ११. शमा-सागर जे भी, बहुअरी-१७, बिरगंज १२. आत्रेय-सरस जे भी, कमलामाई, सिन्धुली
RDLHN/337310113/2077/078–60 (Construction of Blacktop, Masonary drain , Plum wall , Retaining structures and Rigid pavement works at Mirchaiya (Ma.Ra.Ma.) –Katari– Ghurmi Sadak -Mirchaiya–Katari section Chainage 22±100 to 25±300and Katari–Ghurmi Section_Package_2))	१. वर्ल्डवाइड-आइ.एस.एन.बी जे भी, जनकपुर-०४, धनुषा २. ड्रागन-विवस जे भी, चाबहिल, काठमाडौं ३. रौताहा कन्स्ट्रक्सन प्रा.ली, त्रियुगा न.पा-०२, उदयपुर ४. पी.आर-जगदम्बा जे भी, बालकुमारी-०८ ५. देव एण्ड सायर-सुगम जे भी, महेन्द्रनगर-०१, सखुवा ६. आश्रय-अजय जे भी, लहान-०६, सिरहा ७. बिकाश निर्माण सेवा, रामनगर-०७, मिर्चैया ८. पुष्पाञ्जली-कृष जे भी, जनकपुर-०२ ९. शमा-सन्तोष जे भी, बहुअरी-१७, बिरगंज १०. महादेव खिम्ती-अन्जना जे भी, पुतलीसडक-३२, काठमाडौं ११. बानिया निर्माण सेवा प्रा.ली, हेटौडा-१८ १२. रोशन कन्स्ट्रक्सन प्रा.ली, जनकपुर-०४ १३. आत्रेय-सरस जे भी, कमलामाई, सिन्धुली
RDLHN/337310113/2077/078–61 (Construction of Blacktop, Msonary drain, Plum wall, Retaining structures and Rigid pavement works at Mirchaiya (Ma.Ra.Ma.) –Katari– Ghurmi Sadak -Katari–Ghurmi Section_Package_3))	१. वर्ल्डवाइड-आइ.एस.एन.बी जे भी, जनकपुर-०४, धनुषा २. काष्ठमण्डप कन्स्ट्रक्सन प्रा.ली, बल्खु -१४, काठमाडौं ३. ड्रागन-विवस जे भी, चाबहिल, काठमाडौं ४. रौताहा कन्स्ट्रक्सन प्रा.ली, त्रियुगा न.पा-०२, उदयपुर ५. आशिर्वाद-सगरमाथा-भुषनाम्छा जे भी, त्रियुगा न.पा-११, उदयपुर ६. पी.आर-जगदम्बा जे भी, बालकुमारी-०८ ७. देव एण्ड सायर-सुगम जे भी, महेन्द्रनगर-०१, सखुवा ८. आश्रय-अजय जे भी, लहान-०६, सिरहा ९. खम्पाचे-सरस-श्री कृष्णा जे भी, कमलामाई, सिन्धुली १०. बिकाश निर्माण सेवा, रामनगर-०७, मिर्चैया ११. पुष्पान्जली-कृष जे भी, जनकपुर-०२ १२. महादेव खिम्ती-अन्जना जे भी, पुतलीसडक-३२, काठमाडौं १३. जलजला-बी एण्ड बी जे भी, बानेश्वर-१०, काठमाडौं १४. बानिया निर्माण सेवा प्रा.ली, हेटौडा-१८ १५. रोशन कन्स्ट्रक्सन प्रा.ली, जनकपुर-०४ १६. शमा-सागर जे भी, बहुअरी-१७, बिरगंज १७. सि.एम-धुलिखेल-रेग्मी जे भी, त्रियुगा न.पा-११, उदयपुर १८. आत्रेय निर्माण सेवा प्रा.ली, कमलामाई, सिन्धुली

आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान : २०७७/१२/०५ दिनको १:०० बजे, सडक डिभिजन लहान।

डिभिजन प्रमुख

एक वर्षपछि सुरु हुने 'किसान सूचीकरण राष्ट्रिय अभियान'को अहिले नै उद्घाटन

अजित अधिकारी/नयाँ पत्रिका
काठमाडौं, २२ फागुन

देशभरका किसानहरूको विवरण संकलन गर्ने उद्देश्य राखिएको 'किसान सूचीकरण राष्ट्रिय अभियान'को प्रधानमन्त्री केपी शर्मा ओलीले शनिबार उद्घाटन गरेका छन्। प्रधानमन्त्रीले उद्घाटन गरे पनि छिटोमा आगामी आर्थिक वर्ष ०७८/७९ बाट मात्रै किसानका घर-घरमा पुगेर गणकहरूले सूचना संकलन थाल्ने कृषि तथा पशुपक्षी विकास मन्त्रालयको तयारी छ।

चालू आर्थिक वर्ष ०७७/७८ को नीति तथा कार्यक्रम र बजेटमा नै किसान सूचीकरण सुरु गर्ने लक्ष्य राखिएको थियो। नीति तथा कार्यक्रममा 'स्थानीय तहका सबै वडामा किसानलाई सूचीकृत गर्ने व्यवस्था रहेको र खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, ०७५ अनुसार किसान वर्गीकरण गर्नुपर्ने' उल्लेख छ। बजेट र कार्यक्रममै परेकाले चालू आवमै यो कार्यक्रम उद्घाटन गर्न सरकारलाई दबाब परेको हो। यद्यपि, कार्यक्रम कार्यान्वयनको तयारी निकै फितलो छ।

देशभरका प्रत्येक वडामा २-२ जना गणक खटाएर किसानहरूको वास्तविक तथ्यांक संकलन गर्ने गरी कार्यक्रमको डिजाइन तयार गरिएको छ। तर, अहिलेसम्म गणक नियुक्तिको प्रक्रिया नै सुरु भएको छैन। कतिसम्म भने, गणकहरूले संकलन गरेको सूचना वेबसाइटमा अपलोड गर्ने तालिम पनि कर्मचारीलाई दिइएको छैन। मन्त्रालय स्रोतका अनुसार अहिलेसम्म सात प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका कृषि प्राविधिकलाई किसानहरूको तथ्यांक वेबसाइटमा राख्ने तालिम दिइएको छ। 'प्रदेशमा तालिम लिएका कर्मचारीले स्थानीय तहका कृषि कर्मचारीलाई तालिम दिन सुरु भएको छ,' मन्त्रालयका एक कर्मचारीले भने, 'अहिलेसम्म २-३ वटा स्थानीय तहका कर्मचारीलाई डाटा इन्ट्रीका बारेमा तालिम दिन सुरु भएको हाम्रो जानकारीमा छ।'

सबै स्थानीय तहका कृषि कर्मचारी नभएकाले तालिम छोटो समयमा सक्न मुस्किल छ। त्यसैले सुरुमा गाउँपालिका-नगरपालिकामा कर्मचारी भर्ना गर्नुपर्नेछ। 'अहिले ६० प्रतिशतभन्दा बढी स्थानीय तहमा कृषिका कर्मचारी छैनन्। यहाँ कर्मचारी छिटो भर्ना गरेपछि प्रदेशबाट तालिम कार्यक्रम सुरु गर्न सजिलो हुन्छ,' स्रोतले भन्यो। स्थानीय तहमा कृषि कर्मचारी भर्ना गर्न प्रदेश लोकसेवाहरूले तयारी सुरु गरेका छन्। अहिलेसम्म बागमती प्रदेश लोकसेवा आयोगले कृषि कर्मचारी भर्नाका लागि दरखास्त आह्वान गरेको छ। अन्य कर्मचारी भर्नाका लागि विज्ञापन खुलाएका छैनन्। विज्ञपान खुलाएर कर्मचारी भर्ना गर्ने र ती कर्मचारीलाई किसान सूचनाबारे तालिम दिएर दक्ष बनाउन यो आर्थिक वर्षमा मुस्किल छ।

'यो आर्थिक वर्षमा सबै स्थानीय तहमा कृषि कर्मचारी राख्न हामीले सबै प्रदेशका लोकसेवा कार्यालयलाई भनिरहेका छौं। उनीहरूले तयारी अघि बढाएको जानकारी दिएका छन्,' कृषि मन्त्रालयका एक कर्मचारीले भने, 'यो आर्थिक वर्षभित्र कर्मचारी भर्ना गर्न सकियो भने गणकहरू पनि तुरुन्तै नियुक्त गर्न सकिन्छ।'

किसानलाई ठूलो स्केलमा उत्पादन गर्न सघाउँछौं : प्रधानमन्त्री

शनिबार एक कार्यक्रमबीच किसान सूचीकरण राष्ट्रिय अभियानको शुभारम्भ गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले कृषिको दिगो विकासका लागि कृषि सूचना प्रणाली महत्त्वपूर्ण हुने बताए। उनले किसानहरूका बारेमा सही तथ्यांक लिएर कृषि क्षेत्रको विकासमा राज्यले उचित नीति र लगानी गर्ने बताए।

उनले किसानहरूलाई ठूलो स्केलमा उत्पादन गर्न सघाउने गरी किसानको तथ्यांक संकलन गर्न लागिएको बताए। 'अब नेपालको कृषि आधुनिक क्षेत्रमा प्रवेश गरेको छ। यस प्रणालीमार्फत कुन किसानलाई कस्तो सहयोग गर्नुपर्ने सबै थाहा हुनेछ। अब सरकारले व्यावसायिक सिप विकासका लागि जिल्ला-जिल्लामा तालिम सञ्चालन गर्नुका साथै कृषिमा आधारित उद्योग खोल्न सहयोग गर्नेछ,' प्रधानमन्त्री ओलीले भने, 'किसानलाई कृषि पेसाबाट विस्थापन नभएर ठूलो स्केलमा उत्पादन गर्नका निम्ति प्रोत्साहन गर्नुपर्छ र किसानलाई सामूहिक खेती प्रणालीमा संलग्न गराएर उत्पादनमा लगाउनुपर्छ।'

कृषि क्षेत्रमा व्यक्तिगत नभई सामूहिक प्रणालीमा अनुदान प्रवाह गर्नुपर्ने उनले दोहोऱ्याएका छन्। कार्यक्रममा कृषि तथा पशुपक्षी विकासमन्त्री पद्मा अर्यालले किसानहरूको सबैखाले सूचना प्राप्त गर्नका निम्ति एकीकृत सूचना प्रणाली निर्माण गरिएको जानकारी दिइन्। उनले वास्तविक किसानहरूलाई सरकारबाट प्रदान गर्ने सेवासुविधा उपलब्ध गराउन किसान सूचीकरण अभियान प्रभावकारी हुने बताइन्।

सबै स्थानीय तहमा कृषि कर्मचारी नियुक्त भइसकेपछि राष्ट्रियस्तरको बोलपत्रमार्फत करारमा गणकहरू नियुक्त गर्ने प्रावधान छ। यसरी नियुक्त भएका गणकहरूले करिब एक महिनामा किसानका घर-घर पुगेर तोकिएको फाराममा सूचना संकलन गर्नेछन्। वडाबाट संकलित सूचना सम्बन्धित गाउँपालिका वा नगरपालिकामा ल्याएर डाटा इन्ट्री गर्ने प्रावधान छ।

यो प्रक्रियाअनुसार किसानका घर-घर पुगेर तथ्यांक संकलन सुरु गर्न कम्तीमा ६ महिना लाग्नेछ, तर अहिले नै उद्घाटन गरेर सरकारले हतारो गरेको छ। कृषि मन्त्रालयका प्रवक्ता श्रीराम घिमिरे कार्यक्रम कार्यान्वयन छिटो सुरु गर्नका लागि दबाब बढाउने उद्देश्यले प्रधानमन्त्री ओलीबाट शुभारम्भ भएको बताउँछन्।

'अहिले कार्यक्रमको शुभारम्भ गर्ने ठीक समय हो। केही स्थानीय तहमा कार्यक्रम पुगिसकेको जानकारी आएकाले केन्द्रमा शुभारम्भ गर्दा छिटो कार्यान्वयन गर्न दबाब बढ्छ भन्ने हो,' उनले भने, 'अब जतिसक्दो छिटो कार्यक्रम अघि बढाएर देशभरका किसानहरूको तथ्यांक संकलन र डाटा इन्ट्री थाल्छौं।'

अहिले कति स्थानीय तहमा कार्यक्रम सुरु भयो र त्यसको स्थिति के छ भन्नेबारे भने उनले जानकारी दिएनन्। 'हामीले सबै प्रदेशमा तालिम सकेका छौं। कति स्थानीय तहमा यो कार्यक्रम पुग्यो भन्नेचाहिँ प्रदेशबाट तथ्यांक लिएका छैनौं,' उनले भने, 'प्रदेशले आफ्नो हिसाबले तालिम कार्यक्रम अघि बढाइरहेको छ।'

किसान सूचीकृत भएपछि देशभर किसानको वास्तविक तथ्यांक कति हो भन्ने जानकारी हुन्छ। 'किसानको आयस्तर कस्तो छ, पशुपक्षी कति छन्, जग्गा-जमिन कति छ, सिँचाइयोग्य जमिन कति हो, कुल वार्षिक आम्दानी कति हो भन्नेलगायतका विषयमा जानकारी लिन सजिलो हुन्छ,' उनले भने, 'किसानहरूको तथ्यांक पाएपछि सरकारबाट प्रवाह गर्ने विभिन्न सुविधा वितरण गर्न सजिलो हुन्छ।' सूचीकृतको काम सकिएपछि दोस्रो चरणमा किसान वर्गीकरण थाल्ने र त्यसकै आधारमा परिचयपत्र वितरण गर्ने मन्त्रालयको तयारी छ। शुभारम्भ भइसकेको कार्यक्रमबाट आलोचना कम गर्न कृषि मन्त्रालयले आफ्नो वेबसाइटमा गएर विवरण भर्ने र त्यसबाट किसानको सूचना संकलन गर्ने व्यवस्था मिलाएको जनाएको छ।

आयल निगमको थानकोट डिपो सुदृढीकरण सम्पन्न

काठमाडौं/ नेपाल आयल निगमको बागमती प्रदेशमा इन्धन वितरण गर्ने थानकोट डिपोको सुदृढीकरण सम्पन्न भएको छ। १० महिनामा सकिएको सुदृढीकरणअन्तर्गत २ सय ट्यांकर अटाउने नयाँ पार्किङ यार्ड, भर्टिकल ट्यांकको रङरोगन, ड्राइभ वे ढलान, लोडिङ-अनलोडिङ सेड निर्माण, चारै किल्ला घेर्ने पर्खाल निर्माणलगायतको काम सकिएको डिपो प्रमुख प्रदीप यादवले जानकारी दिए।

सुदृढीकरण भएको डिपोको शनिबार उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले उद्घाटन गरेका छन्। 'छोटो समयमा थानकोट डिपोको स्तरोन्नति भएको छ,' उनले भने। मन्त्री भट्टले पेट्रोलियम पदार्थको मूल्यवृद्धिलाई लिएर विरोध हुने गरेको भन्दै अन्य देशमा भइरहेको उतारचढावलाई पनि अध्ययन गर्न आग्रह गरे। अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढेको भन्दै आयल निगमले पछिल्लो १५-१५ दिनमा मूल्यवृद्धि गरिरहेको छ। कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव दिनेश भट्टराईले स्थानीय तहसँग मिलेर पूर्वाधार निर्माणका काममा सहकार्य गर्न निर्देशन दिए।

आयल निगमका कार्यकारी निर्देशक सुरेन्द्रकुमार पौडेलले थानकोट डिपोको पूर्वाधारले ढुवानी व्यवस्था, पेट्रोलियम व्यवसायी र उपभोक्तालाई नै फाइदा हुने बताए। उनका अनुसार डिपो रि-इन्जिनियरिङअन्तर्गत पहिलो चरणको काम सकिएको हो। दोस्रो चरणमा ४-४ हजार किलोलिटर क्षमताका दुईवटा पेट्रोल भण्डारणगृह र सातातले पेट्रोलियम तालिम केन्द्र निर्माणको काम अघि बढाइनेछ।

साताभरमा ४८ अंक घट्यो बजार

होटेल तथा पर्यटन र व्यापारमूलक समूहगत परिसूचक मात्र वृद्धि

नयाँ पत्रिका
काठमाडौं, २२ फागुन

गत साता सेयर बजार परिसूचक करिब ४८ अंकले घट्दा कारोबार रकम पनि करिब १६ प्रतिशतले गिरावट आएको छ। साताको पहिलो दिन नै उच्च गिरावट देखिएको बजारमा दोस्रो र अन्तिम दिन भने उच्च वृद्धि भयो। समग्रमा तीन दिन बजार घट्दा नेप्सेले ४८ अंक गुमाउन पुगेको हो।

बैंकिङ क्षेत्रमा रहेको पर्याप्त तरलताका कारण बढिरहेको बजार कर्जा लगानीमा भइरहेको वृद्धिसँगै तरलता घट्ने अनुमानमा ओरालो लागेको हो। बजारमा तरलता कायम नै रहे पनि बैंकहरूले एक-अर्कासँग लिने अन्तरबैंक ब्याजदरमा भने वृद्धि हुन थालेको छ। बिहीबार यस्तो ब्याजदर १ दशमलव १९ प्रतिशत पुगेको छ। यसअघि यो ब्याजदर शून्य दशमलव २२ प्रतिशतसम्म थियो। यसले बिस्तारै बैंकहरूमा रहेको तरलता कम हुँदै गएको संकेत गर्छ।

अन्य क्षेत्रमा कर्जा न्यून भएपछि बैंकहरूले सेयर धितो कर्जासमेत उच्चदरमा बढाउन थालेका थिए। राष्ट्र बैंकको तथ्यांकअनुसार गत असारको तुलनामा यस्तो कर्जा करिब ५४ प्रतिशतले बढेर ७७ अर्ब ४८ करोड रुपैयाँ पुगेको छ।

साताभरमा होटेल तथा पर्यटन र व्यापारमूलक समूहगत परिसूचक मात्र वृद्धि भएका छन्। करिब ९ देखि ३१ प्रतिशतसम्म यसमा वृद्धि भएको हो। चन्द्रागिरि हिल्सको सबैभन्दा धेरै ६० प्रतिशतले मूल्य बढेको छ भने आव ०७५/७६ को नाफापछि लाभांश नदिने घोषणा गरेको एसियन लाइफ इन्स्योरेन्सको सबैभन्दा धेरै ९ प्रतिशतले मूल्य घटेको छ। कारोबार रकम, संख्या र कित्ता सबैका आधारमा नेपाल पूर्वाधार बैंक (निफ्रा) अग्रस्थानमा छ। बैंकको ६७ हजारपटकमा ४० लाख कित्ता सेयर किनबेच भएर २ अर्ब ८ करोड रुपैयाँको कारोबार भएको छ। त्यस्तै, कारोबार रकमका आधारमा २ अर्ब २ करोड रुपैयाँको कारोबार भएर शिखर इन्स्योरेन्स दोस्रो स्थानमा छ।

एक साताको मैनबत्ती चित्र



> ओरालो लागिरहेको नेप्सेको आरएसआई सूचकमा पुनः वृद्धि देखिएको छ। यो सूचक अन्तिम दिनको स्केल करिब ५१ मा छ। यसले बजारमा खरिद बढ्दै गइरहेको संकेत गर्छ। दुईपटक स्केल ३९ बाट यो सूचक फर्किएको हो।

प्राविधिक विश्लेषण

नेप्सेको ७ दिने र २१ दिने मुभिङ एभरेज रेखामा क्रस ओभर भएको छ। केही समयदेखि माथि देखिएको ७ दिने रेखा काटेर २१ दिने रेखा माथि लाग्ने तयारी गरेकाले बजार बियरिस हुने सम्भावना देखिएको छ। यसलाई मुभिङ एभरेज क्रस ओभर भन्छ।

नेप्सेको एक साताको मैनबत्ती चित्रले बजारमा अन्तिम दिन मूल्य बढेर सेतो लामो मैनबत्ती आकृति बनेको देखाउँछ। यसले सो दिन बजार बढेको संकेत गर्छ भने बजारको बुलिस प्रवृत्ति सुनिश्चितताका लागि आइतबारको कारोबार हेर्नु सही हुने देखिन्छ।

ओरालो लागिरहेको नेप्सेको आरएसआई सूचकमा पुनः वृद्धि देखिएको छ। यो सूचक अन्तिम दिन स्केल करिब ५१ मा छ। यसले बजारमा खरिद बढ्दै गइरहेको संकेत गर्छ। बजारमा माग र आपूर्ति सन्तुलित क्षेत्रमै छ। दुईपटक स्केल ३९ बाट यो सूचक फर्किएको हो। यसले बजार बुलिस प्रवृत्तिमा जान सक्नेसमेत संकेत गर्छ। यो सूचक स्केलको ३० मुनि रहे बजारमा अधिक बिक्री रहेको र ७० माथि रहे बजारमा अधिक खरिद रहेको संकेत गर्छ।

ट्राफिक जाम घटाउन फ्लाई ओभर निर्माण प्राथमिकतामा : मन्त्री नेम्वाङ

नयाँ पत्रिका
काठमाडौं, २२ फागुन

भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङले काठमाडौंको सडकमा बढ्दै गइरहेको ट्राफिक जाम घटाउन भित्री सडक विस्तार र 'फ्लाई ओभर' निर्माणलाई प्राथमिकता दिएको बताएका छन्। धेरै ट्राफिक जाम भइरहने ७-८ ठाउँमा फ्लाई ओभर निर्माणका लागि सम्भाव्यता अध्ययन गरिरहेको भन्दै यही आर्थिक वर्षभित्र ३ वटा फ्लाई ओभर निर्माणका लागि टेन्डर आह्वान हुन सक्ने उनको भनाइ छ।

मन्त्री नेम्वाङले काठमाडौंमा बढ्दै गइरहेको ट्राफिक व्यवस्थापनमा सरकार गम्भीर रहेको बताए। उनी नाडा अटोमोबाइल्स डिलर्स एसोसिएसनको शुक्रबार काठमाडौंमा आयोजित ४४औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै थिए। 'हामी भित्री सडकहरू विस्तार, बाहिरी तथा भित्री चक्रपथ निर्माण र विभिन्न ठाउँहरूमा फ्लाई ओभर निर्माण गरेर काठमाडौं उपत्यकामा ट्राफिक व्यवस्थापन गर्नेछौं,' उनले भने, 'हामी आगामी बजेटमा यातायात क्षेत्रलाई प्राथमिकतामा राख्नेछौं।'

मन्त्री नेम्वाङले देशको समृद्धिका लागि यातायात पूर्वाधार विकासको महत्त्वपूर्ण भूमिका रहने बताउँदै देशभर सडक पूर्वाधार निर्माणमा जोड दिएको बताए। पूर्व-पश्चिम राजमार्ग विस्तार, हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, पुष्पलाल मध्यपहाडी राजमार्ग, उत्तर-दक्षिण करिडोरलगायत निर्माणमा सरकारले प्राथमिकता दिएको उनको भनाइ छ।

नेपाल उद्योगा वाणिज्य महासंघका अध्यक्ष एवं नाडाका पूर्वअध्यक्ष शेखर गोल्छाले मुलुकको समृद्धिका लागि अटोमोबाइल क्षेत्रको भूमिका सधैं महत्त्वपूर्ण रहने गरे पनि राज्यको यस क्षेत्रलाई हेर्ने नजर नफेरिएको बताए। 'मुलुकमा अटोमोबाइल क्षेत्र जति चलायमान हुन्छ, यातायात पूर्वाधारको जति विकास हुन्छ, त्यति चाँडै आर्थिक समृद्धि हासिल हुन्छ,' उनले भने, 'समृद्धिको सपना त्यतिवेला पूरा हुनेछ, जतिवेला हरेक नेपालीको पहुँचमा कुनै न कुनै रूपमा यातायातको पहुँच पुग्नेछ।'

नाडाका अध्यक्ष कृष्णप्रसाद दुलालले स्वदेशमै सवारीसाधन एसेम्बल्ड गर्न सक्ने पर्याप्त सम्भावना भए पनि त्यसतर्फ राज्यले प्रोत्साहन गर्न नसकेको बताए। उनले विद्युतीय गाडीको प्रयोग बढाउन सरकार पनि तात्लुपर्ने बताए। 'विद्युतीय गाडीको प्रयोग बढाउन सरकारले प्रोत्साहन गर्नुपर्नेमा उल्टै कर बढाएर निरुत्साह गर्न खोजिएको छ,' उनले भने, 'विद्युतीय गाडीमा लगाइएको चर्को कर घटाएमा मुलुकभित्र वातावरणमैत्री सवारीसाधन चढ्नेको संख्या बढ्दै जानेछ।'

परिसंघको मेक इन नेपाल अभियानको राष्ट्रपतिद्वारा प्रशंसा

नयाँ पत्रिका
काठमाडौं, २२ फागुन

उद्योग परिसंघले सञ्चालन गर्न लागेको 'मेक इन नेपाल' अभियानको राष्ट्रपति विद्यादेवी भण्डारीले प्रशंसा गरेकी छिन्। शनिबार परिसंघका पदाधिकारीहरूसँग भएको छलफलमा उनले अभियानलाई सफल बनाउन नेतृत्व वर्गबाट राष्ट्रिय दृष्टिकोण र वैचारिक स्पष्टता हुनुपर्ने बताइन्।

राष्ट्रपति भण्डारीले निजी क्षेत्र र सरकारबीचमा औद्योगिक वातावरण र उद्योग विकासको कुरामा समान धारणाको विकास हुनुपर्ने बताइन्। सरकारले स्वदेशी उत्पादन प्रवर्द्धन गर्न विदेशी वस्तुभन्दा १५ प्रतिशतसम्म महँगो भए पनि खरिद गर्ने व्यवस्था गरेको प्रसंग उल्लेख गर्दै उनले आत्मनिर्भरता र अन्तरनिर्भरता दुवै संस्कारका रूपमा अगाडि बढिरहेको धारणा व्यक्त गरिन्।

कतिपय उत्पादनहरू देशका मौलिक पहिचानसँग सम्बन्धित भए पनि स्वदेशमा उत्पादन नभएको बताउँदै उद्योगी-व्यवसायीहरूले त्यसतर्फ ध्यान पुऱ्याउन उनले सुझाब दिइन्। 'नेपालका धेरै क्षेत्रमा दक्ष र अदक्ष कामदारहरूको टड्कारो आवश्यकता देखिएको छ, निजी क्षेत्रले दक्ष जनशक्ति उत्पादनमा समेत ध्यान पुऱ्याउनुपर्छ,' उनले भने, 'निजी क्षेत्रले आयात प्रतिस्थापन गर्नका लागि पूर्वाधार विकासमा ध्यान दिनुपर्छ।'

परिसंघले अगाडि सारेको मेक इन नेपाल अभियानमा सरकारको सहयोग आवश्यक रहेको बताउँदै अध्यक्ष सतिशकुमार मोरले यस अभियानले उपभोक्ताको स्वदेशी उत्पादनप्रति हेर्ने सोचमा परिवर्तन गर्ने बताए। अभियानले मुलुकको औद्योगिक विस्तार, रोजगारीको सिर्जना र उत्पादन वृद्धि गरी स्वदेशी उद्योगहरूलाई आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउने उनको अपेक्षा छ।

परिसंघका वरिष्ठ उपाध्यक्ष विष्णुकुमार अग्रवालले मेक इन नेपाल-स्वदेशी अभियानबारे राष्ट्रपतिलाई विस्तृत जानकारी गराएका थिए। छलफलमा परिसंघका प्रमुख आर्थिक सल्लाहकार डा. विश्व पौडेलले मेक इन नेपाल अभियानले हरेक वर्ष एक हजार उद्योग सञ्चालनमा ल्याउने लक्ष्य लिएको जानकारी गराए। उनले कुल गार्हस्थ्य उत्पादनमा सन् २०२५ सम्म २२ प्रतिशत र २०३० सम्म २६ प्रतिशत योगदान पुऱ्याउने, हरेक वर्ष डेढ लाख औद्योगिक रोजगारी सिर्जना गर्ने र पाँच वर्षमा वार्षिक निर्यात ४.३ अर्ब डलर पुऱ्याउनेलगायतका विषयमा राष्ट्रपतिसमक्ष प्रस्तुत गरेका थिए।

नेपाल इन्फ्रास्ट्रक्चर बैंकद्वारा 'नेपाल स्नेही काख'लाई सहयोग

काठमाडौं/ नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडले कार्यकालको दोस्रो वर्ष पूरा गरी तेस्रो वर्षमा प्रवेश गरेको अवसरमा नेपाल स्नेही काख नामक संस्थालाई ३ लाख रुपैयाँ सहयोग गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त सहयोग रकमबराबरको चेक बैंकका प्रमुख कार्यकारी अधिकृत रामकृष्ण खतिवडाले नेपाल स्नेही काखका नेहा पोखरेललाई हस्तान्तरण गरेका हुन्।

मानसिक एवं शारीरिक रूपमा अशक्त एवं समाजबाट अवहेलनामा परेका बालबालिका, युवायुवती, वृद्धवृद्धालगायतलाई शिक्षा, स्वास्थ्य, आवाससहित हेरचाह गर्ने उद्देश्य लिई स्थापना भएको नेपाल स्नेही काखमा हाल ६५ जनाले आश्रय लिइरहेको जनाइएको छ। सहयोग रकम उक्त संस्थाले बनाउन लागेको नयाँ आश्रयस्थलको पूर्वाधार निर्माणमा खर्च हुने बैंकले जनाएको छ।

उक्त अवसरमा बैंकका नायब कार्यकारी अधिकृत भूपेन्द्र पाण्डे, नायब महाप्रबन्धक सूर्यबहादुर तामाङलगायतको उपस्थिति रहेको बैंकले जनाएको छ।

INVITATION FOR SEALED BIDS

Sanima Bank Limited invites sealed bids from interested firms/companies for printing Nepali calendar to the bank for year 2078.

For further details, please visit https://www.sanimabank.com/ or contact bank's General Service Department, Head Office.

Sanima Bank www.sanimabank.com

Alakapuri, Naxal, Kathmandu | Tel No.: 01-5970033 | Email: sanima@sanimabank.com

कुमारी बैंक लिमिटेड, तानसेन, पाल्पा शाखाका तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना।

यस कुमारी बैंक लिमिटेड (साविक पश्चिमाञ्चल फाईनान्स कं. लि.समेत) को तानसेन पाल्पा शाखा कार्यालयका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, व्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण सांवा, व्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानून बमोजिम धितो लेखिदिएको चल अचल सम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानूनी कारवाही अवलम्वन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानीदिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा यसै सूचना बाट जानकारी गराईएको छ।

तपशिल

१. ऋणीको विवरण :
धन बहादुरको बुहारी, राम बहादुर कामु मगरको पत्नी, पाल्पा जिल्ला, हेक्लाङ्ग गा.बि.स. वडा नं. ०३, हाल पुर्वखोला गा.पा. वडा नं. ०६, हेक्लाङ्ग, पाल्पा बस्ने **रन्जना कामु मगर** (ना.प्र.प.नं २/१६८० जारी मिति २०६३/०२/०३ जिल्लाः पाल्पा)।

व्यक्तिगत जमानी दिनेको विवरण :
कुम्भ सिंह जर्घाको बुहारी, छाप बहादुर जर्घाको पत्नी, पाल्पा जिल्ला, साबिक हुँगी वडा नं. ९ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. २ बस्ने **डिलमाया जर्घा** (ना.प्र.प.नं ३९३०६३/४९०, जारी मिति २०६३/११/१४ जिल्लाः पाल्पा)।

धितो सुरक्षणको विवरण :
रन्जना कामु मगरको नाममा मालपोत कार्यालय पाल्पामा दर्ता कायम रहेको पाल्पा जिल्ला बर्तुङ्ग गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं ४४६३ को क्षेत्रफल ०-२-०-३ (रो.आ.पै.दा) जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।

२. ऋणीको विवरण :
धर्मरत्नको बुहारी, मुकेश रत्न बज्राचार्यको पत्नी, पाल्पा जिल्ला, तानसेन नगरपालिका वडा नं. ०५, हाल तानसेन नगरपालिका वडा नं. ०६, पाल्पा बस्ने **अर्चना बज्राचार्य** (ना.प्र.प.नं १००४४८, जारी मिति २०६०/०४/१३ जिल्लाः पाल्पा)।

धितो सुरक्षणको विवरण :
अर्चना बज्राचायको नाममा मालपोत कार्यालय पाल्पामा दर्ता कायम रहेको पाल्पा जिल्ला चिर्तुङ्गधारा गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं १५३४ को क्षेत्रफल ०-६-३-० (रो.आ.पै.दा) जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।

३. ऋणीको विवरण :
लाखमानको नाती, बेनीराम दर्जीको छोरा, पाल्पा जिल्ला, तानसेन नगरपालिका वडा नं. ०९, पाल्पा बस्ने **भक्त बहादुर दर्जी** (ना.प्र.प.नं १२१२३६, जारी मिति २०६२/०४/३१ जिल्लाः पाल्पा)।

व्यक्तिगत जमानी दिनेको विवरण :
पतिराम बि.क.को नाती लाल बहादुर बि.क.को छोरा, पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. ९ बस्ने **टिका बहादुर कामी** (ना.प्र.प.नं ७२२९७, जारी मिति २०५५/०५/२५ जिल्ला:पाल्पा)।

धितो सुरक्षणको विवरण :
भक्त बहादुर दर्जीको नाममा मालपोत कार्यालय पाल्पामा दर्ता कायम रहेको पाल्पा जिल्ला चिर्तुङ्गधारा गा.वि.स. वडा नं. ०३ स्थित कित्ता नं १४६० को क्षेत्रफल ०-७-०-० (रो.आ.पै.दा) जग्गा तथा उक्त जग्गामा बनेको घर तथा सो सम्पूर्ण लिगलगापातहरु समेत।

४. ऋणीको विवरण :
देवराज शाक्यको छोरा, पाल्पा जिल्ला, तानसेन नगरपालिका वडा नं. ०३, बस्ने **कृष्ण राज शाक्य** (ना.प्र.प.नं ८०७५, जारी मिति २०३९/०६/२१ जिल्लाः पाल्पा)।

धितो जमानी कर्ताको विवरण :
मकुण्डेराज बज्राचार्यको छोरी, कृष्णराज शाक्यको पत्नी, पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ०५ बस्ने **चमेली देबी शाक्य** (ना.प्र.प.नं. ४४९०४, जारी मिति २०५१/०३/२६)।

धितो सुरक्षणको विवरण :
चमेली देबी शाक्यको नाममा मालपोत कार्यालय पाल्पामा दर्ता कायम रहेको पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ०३ स्थित कित्ता नं ४७५ को क्षेत्रफल ०-२-१-० (रो.आ.पै.दा) जग्गा तथा उक्त जग्गामा बनेको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

५. ऋणीको विवरण :
शेर बहादुरको बुहारी, पुर्ण सिंह पुनको पत्नी, पाल्पा जिल्ला, हुंगी गा.वि.स. वडा नं. ०९, हाल रम्भा गाउँपालिका वडा नं. ०१, पाल्पा बस्ने **पुनिसरा पुन** (ना.प्र.प.नं ३०६३/६६, जारी मिति २०७०/०२/१७ जिल्लाः पाल्पा)।

व्यक्तिगत जमानी दिनेको विवरण :
कुम्भ सिंह जर्घाको बुहारी, छाप बहादुर जर्घाको पत्नी, पाल्पा जिल्ला, साबिक हुँगी वडा नं. ९ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. २ बस्ने **डिलमाया जर्घा** (ना.प्र.प.नं ३९३०६३/४९०, जारी मिति २०६३/११/१४ जिल्लाः पाल्पा)।

धितो सुरक्षणको विवरण :
पुनिसरा पुनको नाममा मालपोत कार्यालय पाल्पामा धनि कायम रहेको पाल्पा जिल्ला बर्तुङ्ग गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं ४४५२ को क्षेत्रफल ०-२-१-२ (रो.आ.पै.दा) जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।

६ ऋणीको विवरण :
कमान सिंहको बुहारी, ईन्द्र बहादुरको पत्नी, पाल्पा जिल्ला, हुंगी गा.वि.स. वडा नं. ०९, हाल रम्भा गाउँपालिका वडा नं. ०१, पाल्पा बस्ने **कबिसरा जर्घा** (ना.प्र.प.नं ४६०५, जारी मिति २०४५/०१/०२ जिल्लाः पाल्पा)।

व्यक्तिगत जमानी दिनेको विवरण :
कुम्भ सिंह जर्घाको बुहारी, छाप बहादुर जर्घाको पत्नी, पाल्पा जिल्ला, साबिक हुँगी वडा नं. ९ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. २ बस्ने **डिलमाया जर्घा** (ना.प्र.प.नं ३९३०६३/४९०, जारी मिति २०६३/११/१४ जिल्लाः पाल्पा)।

धितो सुरक्षणको विवरण :
कबिसरा जर्घाको नाममा मालपोत कार्यालय पाल्पामा दर्ता कायम रहेको पाल्पा जिल्ला बर्तुङ्ग गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं ४४४६ को क्षेत्रफल ०-२-१-२ (रो.आ.पै.दा) जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।

७. ऋणीको विवरण :
देबी प्रसादको नाती, शैलेन्द्र प्रसाद प्रधानको छोरा, पाल्पा जिल्ला, तानसेन नगरपालिका वडा नं. ०९, पाल्पा बस्ने **संजय प्रधान** (ना.प्र.प.नं २०७३१, जारी मिति २०४३/०५/१५ जिल्लाः पाल्पा)।

धितो जमानी कर्ताको विवरण :
बद्री नारायणको नाती, देबी प्रसादको छोरा, पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ०५ बस्ने **शैलेन्द्र प्रसाद प्रधान** (ना.प्र.प.नं. १५, जारी मिति २०३०/०४/३१)।

धितो सुरक्षणको विवरण :
शैलेन्द्र प्रसाद प्रधानको नाममा मालपोत कार्यालय पाल्पामा दर्ता कायम रहेको पाल्पा जिल्ला चिर्तुङ्गधारा गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं ८५९ को क्षेत्रफल ८-५-२-० (रो.आ.पै.दा) जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।

८. ऋणीको विवरण :
तेजमानको नाती, अम्बर सिंह थापाको छोरा, पाल्पा जिल्ला, ताहुँ गा.वि.स. वडा नं. ०४, हाल रम्भा गाउँपालिका वडा नं. ०५, पाल्पा बस्ने **डिल बहादुर थापा** (ना.प्र.प.नं १५५७, जारी मिति २०४४/०२/३१ जिल्लाः पाल्पा)।

व्यक्तिगत जमानी दिनेको विवरण :
कुम्भ सिंह जर्घाको बुहारी, छाप बहादुर जर्घाको पत्नी, पाल्पा जिल्ला, साबिक हुँगी वडा नं. ९ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. २ बस्ने **डिलमाया जर्घा** (ना.प्र.प.नं ३९३०६३/४९०, जारी मिति २०६३/११/१४ जिल्लाः पाल्पा)।

धितो सुरक्षणको विवरण :
डिल बहादुर थापाको नाममा मालपोत कार्यालय पाल्पामा दर्ता कायम रहेको पाल्पा जिल्ला बर्तुङ्ग गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं ४४६२ को क्षेत्रफल ०-२-१-३ (रो.आ.पै.दा) जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।

९. ऋणीको विवरण :
भिमान सिंहको नाती, दल सिं बरालको छोरा, पाल्पा जिल्ला ताहुँ गा.वि.स. वडा नं. ०६, हाल रम्भा गाउँपालिका वडा नं. ०५, पाल्पा बस्ने **प्रदिप बराल** (ना.प्र.प.नं ४९७५२, जारी मिति २०५२/०५/२१ जिल्लाः पाल्पा)।

व्यक्तिगत जमानी दिनेको विवरण :
कुम्भ सिंह जर्घाको बुहारी, छाप बहादुर जर्घाको पत्नी, पाल्पा जिल्ला, साबिक हुँगी वडा नं. ९ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. २ बस्ने **डिलमाया जर्घा** (ना.प्र.प.नं ३९३०६३/४९०, जारी मिति २०६३/११/१४ जिल्लाः पाल्पा)।

धितो सुरक्षणको विवरण :
प्रदिप बरालको नाममा मालपोत कार्यालय पाल्पामा दर्ता कायम रहेको पाल्पा जिल्ला बर्तुङ्ग गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं ४४४४ को क्षेत्रफल ०-२-१-२ (रो.आ.पै.दा) जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।

१०. ऋणीको विवरण :
ईन्द्र बहादुर जर्घाको छोरी, हेम बहादुरको पत्नी, पाल्पा जिल्ला, पिपलडाँडा गा.वि.स. वडा नं. ०८, हाल रम्भा गाउँपालिका वडा नं. ०३, पाल्पा बस्ने **दिलमाया राना** (ना.प्र.प.नं ३९३०३५/२०२ जारी मिति २०६३/११/२७ जिल्लाः पाल्पा)।

व्यक्तिगत जमानी दिनेको विवरण :
कुम्भ सिंह जर्घाको बुहारी, छाप बहादुर जर्घाको पत्नी, पाल्पा जिल्ला, साबिक हुँगी वडा नं. ९ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. २ बस्ने **डिलमाया जर्घा** (ना.प्र.प.नं ३९३०६३/४९० जारी मिति २०६३/११/१४ जिल्लाः पाल्पा)।

धितो सुरक्षणको विवरण :
दिलमाया रानाको नाममा मालपोत कार्यालय पाल्पामा दर्ता कायम रहेको पाल्पा जिल्ला बर्तुङ्ग गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं ४४४५ को क्षेत्रफल ०-२-१-२ (रो.आ.पै.दा) जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।

११. ऋणीको विवरण :
मुकुन्दराजको बुहारी, धर्मरत्न बज्राचार्यको पत्नी, पाल्पा जिल्ला, तानसेन नगरपालिका वडा नं. ०५, हाल तानसेन नगरपालिका वडा नं. ०६, पाल्पा बस्ने **उषा देबी बज्राचार्य** (ना.प्र.प.नं ३९-०१-७०-०६०८३ जारी मिति २०७०/०८/२३ जिल्लाः पाल्पा)

धितो सुरक्षणको विवरण :
उषा देबी बज्राचार्यको नाममा मालपोत कार्यालय पाल्पामा दर्ता कायम रहेको पाल्पा जिल्ला चिर्तुङ्गधारा गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं १५३५ को क्षेत्रफल ०-७-०-३ (रो.आ.पै.दा) जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
पुतलीबजार शाखा, फोन नं. ०६३-४२०३७०, ४२०३७१

कोरोनाविरुद्ध सचेतना

प्रयोग गरेको मास्क र टिस्यु पेपर जथाभावी नफ्याकौँ

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

भारतमा किसान आन्दोलनको सय दिन

दुई सय ४८ जनाको मृत्यु, आन्दोलन निरन्तर

हरियाणाका ६५ वर्षीय प्रेम सिंह भारतीय किसान आन्दोलनका सशक्त अभियन्ता हुन् । उनी किसानको हितविपरीत भारतीय सरकारले जारी गरेको कृषिसम्बन्धी तीनवटा विधेयकको सुरुदेखि नै विरोधमा थिए । सोही अभियानस्वरूप भारतका हजारौँ किसानले सरकारविरुद्ध राजधानी दिल्लीकेन्द्रित आन्दोलन सुरु गर्दा १ डिसेम्बरमा उनले घर छाडेका थिए ।

उक्त अभियानस्वरूप उनी हरियाणा राज्य र दिल्लीको सीमा क्षेत्र सिङ्घुस्थित क्याम्पमा खटिए । उनको घर सिङ्घुबाट झन्डै दुई सय ६० किलोमिटर टाढा मानपुरा गाउँमा छ ।

गाउँले किसान उनीसँग आफ्नै मोबाइल थिएन । यद्यपि, क्याम्पबाट उनी अन्य साथीहरूको मोबाइल मागेर भए पनि छोरा सन्दीपलाई फोन गरी घरको हालखबर दैनिक बुझ्थे । उनीहरूका लागि यो नयाँ दैनिकीजस्तै बनेको थियो । यो प्रक्रियागत २६ जनवरीको साँझ ६ बजेबाट भने रोकिएको छ । 'म अझै पनि उहाँले फोन गर्दै हुनुहुन्छ कि भनेर मोबाइल हेरिरहन्छु । तर, अब उहाँले कहिल्यै फोन गर्नुहुनेछैन,' छोरा सन्दीप भन्छन् ।

प्रेम आफू चढेको ट्र्याक्टरबाट भुइँमा लडेका थिए । त्यसपछि उनी कहिल्यै नफर्किने गरी बिदा भए । 'त्यस वेला म उनीसँगै थिएँ,' प्रेमकै गाउँका ३६ वर्षीय जोगिन्दर सिंह भन्छन्, 'हामीले उनलाई क्याम्पमै सम्मान व्यक्त गर्‍यौँ । त्यसपछि उनको शवलाई गाउँ पुऱ्याएर अन्तिम संस्कार गर्‍यौँ । उनी हाम्रा लागि अन्य सहिदजस्तै बनेका छन्, जसले हाम्रो यो उद्देश्यका लागि ज्यानको बाजी लगाएका छन् ।'

गत सेप्टेम्बरमा प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारले संसद्मा भारतीय जनता पार्टीको बुहमतको आडमा जारी गरेको कृषिसम्बन्धी तीनवटा कानुनको विरोधमा किसानहरू निरन्तर आन्दोलनमा छन् । विशेषगरी, हरियाणा र पञ्जाबका किसान गत २६ नोभेम्बरदेखि राजधानी दिल्लीवरिपरिका तीन विभिन्न ठाउँमा क्याम्प बनाएर आन्दोलनमा जुटिरहेका छन् । किसानहरूले यसरी आन्दोलन सुरु गरेको पनि एक सयौँ दिन पूरा भएको छ । उनीहरूले सरकारले तीनैवटा कानुन फिर्ता लिनुपर्ने माग गरिरहेका छन् । यद्यपि, उनीहरूको मागप्रति सरकार अझै गम्भीर देखिएको छैन ।

किसानहरूको संस्था संयुक्त किसान मोर्चाको तथ्यांकअनुसार आन्दोलनमा सहभागी हुने क्रममा अहिलेसम्म दुई सय ४८ जना किसानको मृत्यु भएको छ । त्यसमा प्रेम सिंह पनि एकजना हुन् । मोर्चाका अनुसार आन्दोलनमा सहभागी हुने क्रममा विभिन्न कारणले यी किसानको मृत्यु भएको हो ।

किसानहरू अझै दृढ

आन्दोलन सुरु भएयता मृत्यु भएका किसानहरूको यो ठूलो संख्या हो । त्यसका बाबजुद पनि किसानहरू आफ्नो अभियानमा दृढ छन् । त्यही दृढता सन्दीपमा पनि देखिएको छ । आन्दोलनकै क्रममा बाबुको मृत्यु भएका कारण सन्दीपको घरमा अझै पनि सहानुभूति दिने व्यक्तिहरू आइरहन्छन् । सन्दीप ती व्यक्तिहरूको स्वागतमै व्यस्त छन् । त्यसमाथि उनीसँग आमाको पनि ख्याल गर्नुपर्ने दायित्व छ ।

बाबुको मृत्यु भएदेखि सन्दीपकी आमा पनि बिरामीजस्तै बनेकी छन् । अझै कसैसँग बोल्न मान्दिनन् । यद्यपि, सन्दीप आन्दोलनमा सहभागी हुने तयारीमा छन् । उनी भन्छन्, 'घरमा सबै व्यवस्था मिलाएर बुबा सहभागी हुनुभएको अभियानलाई सहयोग गर्न पुग्ने छु ।'

प्रेमको परिवार पूर्ण रूपमा कृषिमा संलग्न छन् । सन्दीप आफैँ चालकको काम गर्छन् । उनका दाइ पनि यही क्षेत्रमा छन् । प्रेमको मृत्युपछि घरको कमाइ पनि घटेको छ । त्यसका बाबजुद सन्दीप आन्दोलनलाई त्याग्न नसक्ने बताउँछन् । 'परिवार चलाउन मैले काम त गर्नैपर्छ । यद्यपि, मेरो कर्मक्षेत्रलाई जोगाउन आन्दोलनलाई पनि छाड्न सक्दिनँ,' सन्दीप भन्छन् ।

●●●

३४ वर्षीया सन्दीप कौरका लागि पनि अवस्था उस्तै कष्टकर छ । उनी दुई सन्तानकी आमा हुन् । उनको दुई र पाँच वर्षका दुई नानी छन् । दुई सन्तानको हेरचाह र घरको कामका कारण उनी आफैँ भने आन्दोलनमा सहभागी हुन सकिनन् । यद्यपि, उनले पूर्ण साथ दिएर श्रीमान् मनप्रितलाई आन्दोलनमा पठाइन् । ४२ वर्षीय मनप्रित आन्दोलन सुरु भएको दिनबाटै सिङ्घुस्थित क्याम्पमा थिए ।

करिब एक महिना क्याम्पको बसाइपछि मनप्रित परिवारलाई भेट्न घर फर्किएका थिए । बिहान उठेर चेयरमा बसिरहेकै अवस्थामा मनप्रितको मृत्यु भयो ।

सन्दीप भन्छन्, 'डाक्टरले उहाँलाई साइलेन्ट हर्ट एट्याक्ट भएको जनाए ।' सन्तानको हेरचाह गर्नुपर्ने जिम्मेवारी र श्रीमान्को पनि मृत्यु भएपछि उनी आन्दोलनमा सहभागी हुन सक्दिनन् । 'मसँग अब कमाएर दिने पनि कोही छैन । खेती गर्ने ठाउँ पनि हामीसँग प्रशस्त छैन । सरकारबाट पनि कुनै क्षतिपूर्ति पाएका छैनौँ ।' आन्दोलनमा आफन्त गुमाएका यी किसान परिवारले कमाइ गरिदिने महत्त्वपूर्ण व्यक्ति पनि गुमाएका छन् । यसले त्यस्ता परिवार अझ ठूलो समस्यामा देखिएका छन् ।

वियोगसँगै जिम्मेवारीको बोझ

मानपुरादेखि २० किलोमिटर टाढा पर्ने अर्को गाउँ गाम्सिनामा ६० वर्षीया रोश्नी सिंह दुई एकड जमिनमा खेती गर्छिन् । रोश्नीका देवर क्रिपाल पनि दुई एकड जमिनमा खेती गर्छन् । चार एकड पैतृक सम्पत्ति उनीहरूले आधा-आधा बाँडेका थिए । आन्दोलन सुरु भएपछि रोश्नीका श्रीमान् ७२ वर्षीय सिस्पालले घर छाडेका थिए । उनी पनि आन्दोलनको पहिलो दिनबाटै सिङ्घुस्थित क्याम्पमा रहेर सहयोग गरिरहेका थिए ।

सिस्पाल आन्दोलनमा सहभागी भएपछि घरमा क्रिपालमाथि बोझ थपिएको थियो । दाइको अनुपस्थितिमा क्रिपालले खेतीमा सहयोग गरिरहेका थिए । रोश्नी पनि घरको काम सकेर अन्य अवस्थाको भन्दा बढी समय खेतबारीमै बिताउने गरेकी थिइन् । 'हामीले यसरी नै काम गरेका थियौँ । हामीलाई आफ् नो काम पनि भ्याउनु थियो । आन्दोलनमा पनि सहभागी हुनु थियो,' रोश्नी भन्छिन्, 'यो हामीले केही समयका लागि गरेको व्यवस्था हो । हाम्रो लागि यो राम्रो विकल्प बनेको छ ।'

तर, ४ जनवरीमा सिङ्घु क्याम्पबाट क्रिपाललाई फोन आयो । सिस्पाललाई हृदयाघात भएर अस्पताल भर्ना गरिएको रहेछ । उनलाई दुईवटा अस्पतालमा पालैपालो उपचार गरियो । तर, उनी बाँचेनन् । पाँच दिनपछि उनको मृत्यु भयो । त्यसपछि अझ ठूलो बोझ उनीहरूमाथि थपियो । सिस्पालको उपचारकै लागि निम्न आय भएको यो परिवारले तीन लाख ऋण गर्नुपऱ्यो ।

हृदयाघात हुनुभन्दा एक दिनअघि मात्रै उनी घर फर्किएका थिए । उनले गाउँमा आएर धेरै किसानलाई आन्दोलनमा सहभागी पनि गराएका थिए । झन्डा राखेको ट्र्याक्टरमा किसानको पक्षमा नारा लगाउँदै उनी घरबाट क्याम्पमा फर्किएका थिए । तर, अब उनले फेरि यसरी किसानको पक्षमा नारा लगाउनेछैनन् ।

प्रत्येक बिहानी क्रिपाल उठेर आफ्नो खेततर्फ लाग्छन् । खेतमा लगाएको बालीमा पानी लगाउँछन् । त्यसपछि दाइको खेततर्फ जान्छन् र यही प्रक्रिया दोहोऱ्याउँछन् । छोटो समयका लागि मात्रै उनीहरूले मिलाएको यो योजना अब लामै समयका लागि रहने भएको छ । सिस्पाल फर्कनेछैनन् ।

■ *एजेन्सीको सहयोगमा*

पाकिस्तानका प्रधानमन्त्री इमरान खानले लिए विश्वासको मत

कराँची/ पाकिस्तानका प्रधानमन्त्री इमरान खानले शनिबार विश्वासको मत प्राप्त गरेका छन् । योसँगै खानले प्रधानमन्त्री पद रक्षा गरेका छन् । वित्तमन्त्री अब्दुल हफिज सेख सिनेटको चुनावमा पराजित भएपछि प्रधानमन्त्री खानले तल्लो सदनमा विश्वासको मत लिने निर्णय गरेका थिए । तीन सय ४२ सिटको नेसनल एसेम्ब्लीमा विश्वासको मत जित्न एक सय ७२ मत आवश्यक थियो ।

जसमध्ये प्रधानमन्त्री खानले एक सय ७८ मत हात पारेका थिए । मतदानअघि नेसनल एसेम्ब्लीमा विदेशमन्त्री मोहम्मद कुरैसीले सदनमा विश्वासको मत प्रस्ताव गरेका थिए । मतदानमा सत्तारूढ गठबन्धनमा एक सय ८१ सदस्य थिए । विश्वासको मत हासिल गरेपछि प्रधानमन्त्री खाने सदनमा ४५ मिनेट भाषण गरेका थिए । पाकिस्तानको विकासमा कसैले रोक्न नसक्ने उनको भनाइ छ । 'पाकिस्तानको विकासमा कोही पनि बाधक बन्न सक्दैनन्, हामी विकास निर्माणकै बाटोमा हिँडिरहेका छौँ,' खानले भने ।

भोटिङ सुरु हुनुअघि विपक्षी दलका नेताहरूले संसद्मा हंगामा मच्चाएका थिए । सभामुखले भोटिङ प्रक्रिया सुरु हुन पाँच मिनेटअघि सबैलाई उपस्थित हुन अनुरोध गरेका थिए । प्रधानमन्त्री खानले कोटाभन्दा थप ६ मत बढी प्राप्त गरेका थिए । ११ पार्टीको गठबन्धन रहेको पाकिस्तान डेमोक्र्याटिक मुभमेन्ट (पिडिएम)ले मतदान बहिस्कार गरेको द हिन्दूले जनाएको छ ।

पोखरा महानगरको आफ्नै प्रज्ञा प्रतिष्ठान

कास्की/ पोखरा महानगरपालिकाले आफ्नो छुट्टै प्रज्ञा प्रतिष्ठान गठन गरेको छ । महानगरभित्रका कला, संस्कृति, भाषा, साहित्य, नाटक तथा संगीतको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले प्रतिष्ठान स्थापना गरिएको हो ।

नेपालका सात सय ५३ स्थानीय तहमध्ये प्रतिष्ठान गठन गर्ने पोखरा पहिलो स्थानीय तह बनेको छ । यसअघि महानगरको नगरसभाले प्रज्ञा प्रतिष्ठान ऐनसमेत पारित गरेको थियो । ऐनमा प्रतिष्ठानको सांगठनिक ढाँचा ११ सदस्यीय रहने व्यवस्था छ ।

प्रतिष्ठानको कुलपतिमा पदमराज ढकाल नियुक्त भएका छन् । प्राज्ञ सदस्यहरूमा लोकदोहोरी गायक जीवन दाहाल, जनवादी गायक कृष्ण भण्डारी, साहित्यकार प्रकाश ज्ञवाली, कलाकार मिलन शेरचन, कवि सरस्वती श्रेष्ठ र संगीतकार दिलीप गायक छन् । प्रतिष्ठानको उपकुलपति र दुई सदस्य पद भने रिक्त छ । ती पदमा पछि नियुक्त गरिने महानगरले जनाएको छ ।

नवनियुक्त कुलपतिलाई पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसी र सदस्यहरूलाई कुलपति ढकालले शपथग्रहण गराएका छन् । शपथपछि जिसीले पोखराको कला, साहित्य, संस्कृतिलगायत सम्पूर्ण विधिको संरक्षणमा प्रतिष्ठानले सरोकारवालसँग छलफल गरेर गुरुयोजना निर्माण गर्न आग्रह गरेका थिए ।

निद्रा नलाग्ने समस्या छ ?

यी फलफूल तथा खाना खानुहोस्

परिवर्तित जीवनशैली र तनावका कारण अनिद्रा आमसमस्या बनिरहेको छ । अनिद्रा एक किसिमको विकार हो । अनिद्राले दैनिक जीवन नै प्रभावित बनाउँछ । यसकै कारण थकान, तनाव तथा उदासीनता उब्जिन सक्छ । तर, तपाईं-हामीले खाने खानाबाट यस्तो समस्या समाधान गर्न सकिन्छ । दीर्घकालीन रूपमा निद्रा नलाग्ने समस्या समाप्त पार्न यी पाँच खाना उपयुक्त हुन सक्छन् :

१. चेरी

चेरी एकदम स्वादिष्ट फल हो । यसमा राम्रो निद्रा पार्ने गुण हुन्छ । चेरीमा मेलाटोनिन तत्त्व हुन्छ, जसले नियमित सुत्ने र उठ्न सक्ने क्षमता विकास गर्छ । मेलाटोनिन नियमित प्राप्त हुँदा शरीरको चक्रीय प्रणालीमा समेत सुधार आउँछ । अनुसन्धानकर्ताले चेरीको जुस पिउँदा मेलाटोनिनको स्तर बढ्ने जनाएका छन् । यसले निद्रा एकनासको बनाइरहन्छ । चेरीलाई दैनिक सलाद वा स्न्याक्सका रूपमा प्रयोग गर्न सकिन्छ ।

२. बदाम

अनिद्राबाट बच्ने अर्को उत्तम उपाय बदाम सेवन पनि हो । बदाममा हुने म्याग्नेसियम तत्त्वले निद्रा नलाग्ने समस्या हटाउँछ । म्याग्नेसियममा मांसपेशीलाई प्राकृतिक आराम गुण र विरोधी-गुणहरू समावेश हुन्छ । बदामको मात्रा मिलाएर नियमित रूपमा सेवन गर्दा निद्रा राम्रो लाग्ने र समयमै सुत्न मन लाग्ने हुन्छ । विशेषतः बुढेसकालमा यो निकै उपयोगी भएको अनुसन्धानकर्ता मान्छन् । ब्रेकफास्टसँगै दूध पिउँदा वा स्न्याक्समा बदाम प्रयोग गर्न उनीहरूको सुझाब छ । यस्तै धेरै भोक लागेका वेलामा पनि बदाम खाँदा तत्काल राहत मिल्छ ।

३. ओट्स

ओट्समा उच्च मात्रामा म्याग्नेसियम र पोटासियम हुन्छ । अनिद्रा भएका व्यक्तिले यी दुवै तत्त्व समावेश भएको ओट्स खाँदा रातमा राम्रोसँग निद्रा लाग्छ । कतिपयले यसलाई ब्रेकफास्टका रूपमा लिने गरेका छन् । यसमा कार्बोहाइड्रेट तथा फाइबरको मात्रा पनि धेरै हुन्छ । विज्ञहरूले ओट्सलाई बेलुका डिनरका रूपमा लिँदा पनि राम्रो हुने मानेका छन् । आरामदायक खाना भएकाले यो दाल वा दूधमा मिसाएर खान विज्ञहरू सुझाब दिन्छन् ।

४. केरा

केरा पनि अनिद्राबाट बचाउने फलमा पर्छ । यद्यपि, यो निकै हेभी फल समूहमा पर्छ । यसले शरीरमा फरक किसिमको शक्ति प्रदान गर्छ । केरामा उच्चतम मात्रामा म्याग्नेसियम, पोटासियम र ट्रिपटोफान तत्त्व हुन्छ । यसकारण केरा सेवन गर्दा बेलुका राम्रोसँग निद्रा लाग्ने विश्वास छ । ट्रिपटोफनले राम्रोसँग निद्रा लाग्न मद्दत गर्छ ।

५. भ्यालेरियन (एक प्रकारको जडीबुटी)

भ्यालेरियन एक प्रकारको जडीबुटी हो । यो उत्तर अमेरिका र युरेसिया क्षेत्रमा पाइन्छ । भ्यालेरियनको जरा जडीबुटी बनाउन प्रयोग गरिन्छ । शताब्दीदेखि नै भ्यालेरियन अनिद्रा हटाउन प्रयोग भइरहेको छ । धेरैजसोले भ्यालेरियनको जरालाई चियामा मिसाएर र ट्याब्लेटका रूपमा पनि लिने गरेका छन् । यो अनिद्राको क्लिनिकल व्यवस्थापनमा धेरै प्रभावकारी छ, जुन मेडिकल अध्ययनले प्रमाणित पनि गरेको छ । अनुसन्धानकर्ताहरूले सुत्नुभन्दा एक घन्टाअगाडि भ्यालेरियन लिन सुझाब दिएका छन् । धेरै चिन्ता लागेको समयमा पनि यसको सेवनले तनाव हटाउँछ ।

Bandipur Rural Municipility
Office of Rural Municipal Executive
Bandipur,Tanahun
Gandaki Provience

Invitation for Bids

Date of publication : 2077/11/23

Bandipur Rural Municipility, Office of Rural Municipial Executive, Bandipur Tanahun invites online electronic bids only from Nepalese eligible bidders for the following Bids under National Competitive Bidding procedures.

S.N	Contract Identification No:-	Name of Contract	Estimated Amount in Nrs (excluding VAT and Contingencies)	Bid Document Fee (Nrs)	Bid Security (Nrs)	Remarks
1.	BRM/BLDG/07/ 2077/078	Construction of 3 Room Truss Building Works at Tribhuvan Praa.Vi, Bandipur-05	Nrs 12,94,441.15	1000	Nrs 37,000.00	Sealed Quotation-Second Notice
2.	BRM/RD/19/ 2077/078	Upgrading of Dumre-Bandipur Road	N/A	3000	Nrs 7,75,000.00	Single Stage-Two Envelope

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bandipur Rural Municipility, Office of Rural Municipal Executive, Bandipur Tanahun or may visit PPMO website www.bolpatra.gov.np/egp.

Chief Administative Officer

Government of Nepal
National Reconstruction Authority
Central Level Project Implementation Unit (Building)
District Level Project Implementation Unit (Building)
Dhulikhel, Kavrepalanchok

INVITATION FOR BIDS (IFB)

First date of Publication: 7th March 2021, 10:00 Hours

1) District Level Project Implementation Unit (Building) invites electronic bids from eligible bidders for the following bid under National Competitive Bidding- Single Stage Two Envelope Bidding procedures.

S. N	IFB No.	Contract ID No.	Description of Work	Bid Security Amount (NRs.)	Last Date of Bid Submission	Bid Opening Date and Time	Cost of Bidding Document Nrs
1	03-2077-78-NRA/DLPIU (Building)/ Kavrepalanchok	NRA/DLPIU (Building)/ Kavrepalanchok /2077-78/NCB-03	Construction of Six Health Post Buildings (Four type HP4 , One Type HP3 & One Type PHB3 Frame Structure) at Nala, Saaldhara, Falametar, Phoksingtar, Chandani and Khopasi at Kavrepalanchok District	72,00,000.00	6th April 2021, 12:00 hours	6th April 2021, 14:00 hours	20,000.00

2) Eligible Bidders may obtain further information from the office of District level Project Implementation Unit (Building), Dhulikhel, Kavrepalanchok, during office hours or may visit PPMO webportal www.bolpatra.gov.np/egp

DLPIU (Building) Chief

यदि घरमा ड्रग्स एडिक्सनको समस्या छ भने:

- उपचार तथा पुन:स्थापनाका लागि विश्व विख्यात नार्कोनन् नेपाल बुढानिलकण्ठमा (पार्क भिलेज होटेल सँगै) सम्पर्क गर्नुहोस् ।
- ड्रग्सको रोकथामका लागि NEWS 24 टेलिभिजनमा प्रत्येक शुक्रबार बेलुकी ९.३० बजे र शनिबार दिउसो ३.३० बजे प्रसारण हुने "SAY NO TO DRUGS" कार्यक्रम हेर्नुहोस् ।
- ड्रग्सको सेवन गरेको शंका भएमा URINE KIT द्वारा पिसाब परीक्षण गरि यकिन गर्नुहोस् ।

URINE KIT

– वसन्तराज कुँवर
(रिह्याब स्पेसलिष्ट, Freedom Medal विजेता, २०१३)

नार्कोनन् नेपाल | दक्षिण एसियाको एकमात्र नार्कोनन् उपचार केन्द्र
बुढानीलकण्ठ, काठमाडौं 98510 37529, 98510 48432, 014650054, 014377124
Email: pratigyafoundation@hotmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **सम्पादक** : उमेश चौहान । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrika.com